

नगर विकास कोष

नयाँबानेश्वर, काठमाण्डौं, नेपाल

फोन नं. : +९७७-१-४४९३८६६

वेबसाईट : www.tdf.org.np

वार्षिक प्रतिवेदन, २०७५ नगर विकास कोष

www.tdf.org.np

३१ औं

वार्षिकोत्सव स्मारिका

# वार्षिक प्रतिवेदन, २०७४/७५

# नगर विकास कोष

नगर विकास कोष
TOWN DEVELOPMENT FUND
NEPAL
नेपाल
नगर विकास कोष
TOWN DEVELOPMENT FUND
NEPAL
नेपाल

www.tdf.org.np

३१औं

वार्षिकोत्सव स्मारिका

# वार्षिक प्रतिवेदन, २०७४/७५

## नगर विकास कोष

काठमाडौं, नेपाल

प्रधानमन्त्री

**शुभकामना**

'नगर विकास कोष' ३०औं वर्ष पूरा गरी ३१औं वर्षमा प्रवेश गरेको थाहा पाउँदा अत्यन्त खुसी लागेको छ। दीगो शहरी विकास विना "सम्मृद्ध नेपाल र सुखी नेपाली" को राष्ट्रिय संकल्प पुरा हुन सक्दैन । यसका लागि व्यवहारिक शहरी विकास योजना सहित दिर्घकालिन लगानीको आवश्यकता पर्दछ। शहरी पूर्वाधार विकासमा थप पूँजीको परिचालन गर्न वर्तमान संघीय संरचना अनुसार आवश्यक पर्ने नीतिगत, कानुनी एवं संस्थागत व्यवस्था मिलाउन सरकार प्रतिबद्ध छ। शहरी पुर्वाधारहरुमा लगानीको दिर्घकालीन माग सम्बोधनका लागि वित्तीय संघीयताको मर्म अनुसार स्थानीय तहमा ऋण प्रवाह गर्न आवश्यक पुनः संरचना सहित कोषलाई एक प्रभावकारी वित्तिय संस्थाका रुपमा रुपान्तरण गरिनेछ।

बढ्दो शहरीकरण संगै मुलुक आर्थिक विकासमा अगाडी बढेको प्रष्ट संकेत देखिन थालेको छ। आजका गाउँहरु क्रमशः शहरमा परिणत हुँदै गईरहेका छन् । शहरी क्षेत्र देशको आर्थिक विकासको ईन्जिन भएकाले यस क्षेत्रलाई रणनैतिक क्षेत्रका रुपमा विकास गरिनु पर्छ । शहरी क्षेत्रको विकास योजनावद्ध तथा व्यवस्थित रुपमा हुन सकेन भने शहरले उत्पादन गर्ने सेवा तथा सुविधाहरुको आपूर्ति अपर्याप्त हुन पुग्दछ र ती सेवाहरुको गुणस्तर पनि कमजोर हुन्छ। सन् २०२२ सम्म नेपाललाई एक विकासशील देशको हैसियतमा उभ्याउन र सन २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्न शहरी क्षेत्रको विकास तिव्र गतिमा अगाडि बढाउनु पर्छ। शहरी विकास तिव्र बनाएर मात्र हामी उपरोक्त लक्ष्य हासिल गर्न सक्छौं । व्यवस्थित शहरी विकासबाट नै देशको आर्थिक विकासलाई थप गति दिन सकिन्छ।

शहरी पूर्वाधार विकास आयोजनाहरुमा बैंक एवं वित्तिय संस्थाहरुले दीर्घकालिन ऋण लगानी गर्न जोखिम महसुश गरिरहेको अवस्थामा नगरपालिका एवं संगठित नीजि क्षेत्रलाई शहरी पुर्वाधारका आयमूलक आयोजनाहरुमा आवश्यक ऋण तथा अनुदान रकम उपलब्ध गराउनका लागि "नगर विकास कोष" को पुनः संरचना गर्नु आवश्यक छ। कोषलाई प्रयाप्त ऋण परिचालन गर्न सक्ने हैसियतमा रुपान्तरण गर्न नगर विकास कोषलाई **"शहरी विकास बैंक"** वा **"नेपाल शहरी पूर्वाधार विकास तथा लगानी निगम"** मा रुपान्तरण गरी मुलुकको वित्तिय बजार एवं नीजि क्षेत्रको पूँजीलाई समेत शहरी पूर्वाधार विकासमा परिचालन गराउन सक्ने एक स्वायत्त एवं दीगो मध्यस्थकर्ता संस्थाका रुपमा विकास गराउन आवश्यक छ।

नगर विकास कोष मुलुकको व्यवस्थित शहरी पूर्वाधार विकासका लागि लगानी परिचालन गर्न सक्षम हुने र मुलुककै एक नेतृत्वदायी वित्तिय मध्यस्यथकर्ता संस्थाको रुपमा दिगो शहरी पुर्वाधार विकासमा योगदान दिन सक्षम हुनेछ भन्ने विश्वासका साथ ३१औं वार्षिकोत्सवको अवसरमा नगर विकास कोष परिवार प्रति हार्दिक शुभकामना व्यक्त गर्दछु।

१४ माघ, २०७५

के.पी. शर्मा ओली

मा. मोहम्मद इश्तियाक राई
मन्त्री
शहरी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौ, नेपाल

फोन नं. ०१-४२०००३४ (कार्यालय)
फ्याक्स:०१-४२०००३५
web.: www.moud.gov.np

पत्र संख्या: ०७५।०७६
चलानी नं.:

## शुभकामना सन्देश

नेपालको शहरी पूर्वाधार विकासमा सघाउ पुऱ्याउने उद्देश्यका साथ स्थापना भएको नगर विकास कोष ३०औं वर्ष पूरा गरी ३१औं वर्षमा प्रवेश गरेको थाहा पाउँदा अत्यन्त खुसी लागेको छ । कोषले यस अवधिमा प्राप्त गरेका अनुभव र उपलब्धीहरु समेट्दै बार्षिक प्रतिवेदन प्रकाशन गर्नु प्रशंसनीय काम हो ।

नेपाल सरकारले योजनाबद्ध शहरी विकासका लागि राष्ट्रिय शहरी पूर्वाधार विकास रणनीति तयार गरिसकेको छ । शहरी पूर्वाधार विकासमा थप पूँजीको परिचालन तथा आवश्यक पर्ने नीतिगत, कानुनी एवं संस्थागत व्यवस्था मिलाउन शहरी विकास मन्त्रालय प्रतिबद्ध छ ।

मुलुक संघीय संरचनामा गए पश्चात् प्रादेशिक सरकार एवं स्थानीय सरकारहरुलाई पूर्वाधारको विकास तथा विस्तार गर्नका निम्ति आवश्यक पर्ने प्राविधिक एवं वित्तीय सहयोग पुऱ्याउने एक सुदृढ संस्थाको आवश्यकता अझ बढी देखिएको छ । नेपालको शहरी पूर्वाधार विकासका क्षेत्रमा लामो अनुभव संगालेको नगर विकास कोषको हालको पूँजी संरचना र संस्थागत व्यवस्थामा समयानुकूल संशोधन गर्न आवश्यक भएको र संविधानमा उल्लेखित तहगत सरकार का कार्य जिम्मेवारीलाई वित्तीय लगानी मार्फत सहयोग गर्नु वान्छनीय हुने देखिएकाले आवश्यक पूँजी संरचना सहित एक व्यावसायिक **"नेपाल शहरी पूर्वाधार विकास तथा लगानी निगम"** (Nepal Urban Infrastructure Development and Investment Corporation, NUIDIC) नामक स्वायत्त र सुदृढ संस्था स्थापना गर्न आवश्यक रहेकोछ । नगर विकास कोषको सम्पुर्ण सम्पति तथा दायित्व नेपाल शहरी पूर्वाधार विकास तथा लगानी निगममा रहने गरी ऐन संशोधन गर्ने प्रक्रियाका लागि नेपाल सरकार, शहरी विकास मन्त्रालयले मस्यौदा तयार गरिरहेकोछ ।

नगर विकास कोषले मुलुकको व्यवस्थित शहरी पूर्वाधार विकासका लागि आवश्यक पर्ने लगानी परिचालन गर्न सक्षम हुने र मुलुककै एक नेतृत्वदायी वित्तिय मध्यस्यथकर्ता संस्थाको रुपमा विकसित हुनेछ भन्ने बिश्वास व्यक्त गर्दै ३१औं वार्षिकोत्सवको अवसरमा कोषसंग सहकार्य गर्नु हुने दातृ निकाय, नगरपालिका तथा साना शहरी खानेपानी उपभोक्ता समितिहरुलाई धन्यवाद ज्ञापन गर्दछु र नगर विकास कोष परिवारलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मोहम्मद इस्तियाक राई,
मन्त्री
शहरी विकास मन्त्रालय

नेपाल सरकार
# सहरी विकास मन्त्रालय

फोन नं.: ४२११६९३, ४२११८८३, ४२११६७३
फ्याक्स : ९७७-१-४२११८७३
: ९७७-१-४२००२४६
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:-
चलानी नं.:-

नेपाल सरकार
शहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## शुभकामना सन्देश

नगर विकास कोष ३१औं वर्षमा प्रवेश गरेको थाहा पाउँदा अत्यन्त खुसी लागेको छ । कोषसंग पूर्वाधार विकासमा दीर्घकालिन ऋण लगानी र असुलीको क्षेत्रमा करिव ३० वर्षको संस्थागत अनुभव छ । स्थानीय तहमा निर्बाचित जनप्रतिनिधि आई सकेको अवस्थामा कोषबाट शहरी क्षेत्रका पूर्वाधारहरुमा हुने लगानीको विस्तार हुनुको साथै सम्पन्न आयोजनाहरुको दिगो सञ्चालनमा थप वल मिल्ने अवसर भएकाले कोष पुनः संरचना सहित ऐन संशोधन गर्न आवश्यक छ । शहरी पूर्वाधार विकासमा थप पूँजीको परिचालन तथा आवश्यक पर्ने नीतिगत, कानुनी एवं संस्थागत व्यवस्था मिलाउन शहरी विकास मन्त्रालय प्रतिबद्ध छ । योजनाबद्ध शहरी पूर्वाधार विकासका लागि नेपाल सरकारले राष्ट्रिय शहरी रणनीति, २०७३ स्वीकृत गरिसकेको छ ।

मुलुक संघीय संरचनामा गए पश्चात् प्रादेशिक सरकार एवं स्थानीय तहहरूलाई पूर्वाधारको विकास तथा विस्तार गर्नका निम्ति आवश्यक पर्ने प्राविधिक एवं वित्तीय सहयोग प्रदान गर्नका लागि नगर विकास कोषको भूमिका निरन्तर रुपमा बढदोछ । नेपालको शहरी पूर्वाधार विकासका क्षेत्रमा लामो अनुभव संगालेको कोषको वर्तमान पूँजी संरचनामा वृद्धि गरी आवश्यक संस्थागत व्यवस्था र संविधानमा उल्लेखित तहगत सरकारका कार्य जिम्मेवारीलाई वित्तीय लगानी मार्फत स्थानीय तह तथा नीजिक्षेत्रको समेत सहभागिता हुने गरी "नेपाल शहरी पूर्वाधार विकास तथा लगानी निगम (Nepal Urban Infrastructure Development and Investment Corporation, NUIDIC)" का रुपमा कोषलाई पुनःसंरचना गरी एक ब्यावसायिक तथा सुदृढ संस्थाका रुपमा रुपान्तरण गर्न आवश्यक देखिन्छ । यसका लागि शहरी विकास मन्त्रालयले हालको ऐनलाई संशोधन गर्न मस्यौदा तयार गरिरहेको छ ।

मुलुकको व्यवस्थित शहरी पूर्वाधार विकास, विस्तार र सुदृढीकरणमा कोषको महत्वपुर्ण भूमिका रहेको छ । यस अवसरमा कोषले समयानुकूल संस्थाको पुनः संरचना एवम् सेवा प्रभावमा ध्यान केन्द्रित गर्दै जाने अपेक्षा सहित कोष मुलुककै एक नेतृत्वदायी वित्तिय मध्यस्यथकर्ता संस्थाको रुपमा विकसित हुनेछ भन्ने बिश्वास सहित मन्त्रालयबाट आवश्यक सहयोग तथा सहजीकरण रहने प्रतिवद्धता व्यक्त गर्दै, ३१औं वार्षिकोत्सवको अवसरमा सम्पुर्ण विकास साझेदार संस्थाहरुलाई विशेष धन्यबाद ज्ञापन गर्दै नगर विकास कोष परिवारलाई शुभकामना व्यक्त गर्दछु ।

डा. रमेश प्रसाद सिंह,
सचिव,
शहरी विकास मन्त्रालय

# नगर विकास कोष

पोष्ट बक्स नं. : ५१४४
नयाँ बानेश्वर, काठमाडौं
फोन नं. : ४४९३८६६, ४४६४८७४, ४४६५६५१
फ्याक्स नं. ००९७७-१-४४७१२२७

पत्र संख्या :
चलानी नं. :

## शुभकामना सन्देश



नेपालमा नगरहरुको निमार्ण, विकास र विस्तार एवं नगरहरुमा आधारभूत सामाजिक सेवा र आयमूलक आयोजना संचालन गर्ने, गराउने नगर विकाससंग सम्बन्धित निकायलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याई योजनावद्ध तथा व्यवस्थित  ढंगले नगरको विकास गर्न, गराउन स्थापित नगर विकास कोषले ३१ औं वार्षिकोत्सव मनाउन लागेको अवसरमा प्रशन्नता व्यक्त गर्न चाहन्छु ।

नेपालको संविधानमा राज्यको संरचना सम्बन्धी भएको व्यवस्था अनुसार नगर विकास कोषको भूमिका निर्वाहका लागि वित्तिय अनुशासन र सुशासनको माध्यमबाट दिर्घकालिन शहरी पूर्वाधार विकासका क्षेत्रमा आवश्यक पूँजी लगानी गर्न कोषको चुनौती महशुस गरेको छु ।

विगत केही वर्ष देखि कोषले साधन स्रोत परिचालन गर्न, नयाँ स्रोतको खोजी गर्न, लगानी भएका आयोजनाहरुबाट प्रभावकारी रुपमा ऋण असुली गर्न तथा कोषको संस्थागत सुदृढीकरणमा नयाँ आयाम थप्न कोषको व्यवस्थापन पक्ष सफल भएको देखिन्छ । मुलुक वित्तीय संघीयताको कार्यान्वयनको चरणमा रहेको र तीव्र शहरीकरणसंगै शहरी पूर्वाधार विकासमा थप पूँजीको परिचालन तथा आवश्यकता रहेको सन्दर्भमा सुदृढ कार्यप्रणाली सहित आवश्यक पर्ने नीतिगत, कानुनी एवं संस्थागत व्यवस्था मिलाउन कोष थप प्रतिबद्ध भै अगाडी बढने कुरामा विश्वास दिलाउन चाहन्छु ।

नगर विकास कोष आफ्नो प्रतिष्ठालाई कायम राख्दै, संस्थाको संस्थागत क्षमता बढाउदै र प्रतिष्पर्धी क्षमतालाई वृद्दि गर्दै मुलुकको व्यवस्थित शहरी पूर्वाधार विकासका लागि आवश्यक पर्ने लगानी परिचालन गर्न सक्षम हुने र मुलुककै एक नेतृत्वदायी वित्तिय मध्यस्थकर्ता संस्थाको रुपमा विकसित हुनेछ भन्ने विश्वास लिएको छु । साथै शहरी पुर्वाधार विकास एवं विस्तार मा वित्तीय तथा प्राविधिक सहयोग गर्नु हुने नेपाल सरकार, दातृ निकाय, सञ्चालक समिति, नगरपालिक तथा खानेपानी उपभोक्ता संस्थाहरु लगायतका नगर विकास संग सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्दै कोषको उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभ कामना व्यक्त गर्दछु ।

-----------
ध्रुव रिजाल
अध्यक्ष
नगर विकास कोष



## प्रतिवद्धता

नेपालमा शहरी क्षेत्रको पुर्वाधार विकास गर्न नगर विकाससंग आवद्ध संस्थाहरुलाई आर्थिक र प्राविधिक सहयोग मार्फत स्थानीय तहको क्षमता विकास गर्ने एक मात्र वित्तीय मध्यस्थताकर्ता संस्थाको रुपमा रहेको नगर विकास कोष आज ३१ औं वर्षमा प्रवेश गरेकोछ ।

करीव १.६ करोड नेपाल सरकारको इक्वीटि शेयरबाट थालनी भएको कोषले नेपाल सरकार, जर्मन विकास बैंक, विश्व बैंक, एशियाली विकास बैंक, जीआइजेड, यू.एन.सि.डि.एफ. इयु डेलिगेशन टु नेपाल आदि विकास साझेदारको वित्तीय तथा प्राविधिक स्रोत मार्फत नगरपालिकाहरुको वसपार्क, पार्क, व्यवस्थित बजार व्यवस्थापन, नगरपालिका प्रशासकीय भवन, विद्यालय भवन, अस्पताल भवन, खानेपानी, व्यापारिक भवन लगायत करीब १२०० भन्दा वढी आयोजनाहरुमा लगानी गरी १००० भन्दा वढी आयोजना सम्पन्न भएका छन । केही वर्ष अघि बार्षिक लक्षको ६० प्रतिशतको हाराहारीमा रहेको कोषको ऋण असुली हाल आएर ९५% पुगेकोछ ।

ऋण लगानी मार्फत खानेपानी क्षेत्रमा समेत २५ प्रतिशत लागत असुली गरी ५० वटा आयोजनाहरु दिगोरुपमा संचालन भएको उदाहरण दक्षिण एशियामै पहिलो मानिन्छ । यसबाट उत्साहित भई हालै मात्र एशियाली विकास बैंकले नेपालका २० वटा नगरपालिकाका शहरी खानेपानी तथा सरफाई आयोजनामा लगानी गर्न नेपाल सरकार संग सम्झौता गरेकोछ । यसबाट नगरपालिकाहरुमा वैज्ञानिक महशुलमा आधारित लागत असुलीको अवधारणा अनुसार दिगो शहरी खानेपानी प्रणाली संचालन हुनेछन् ।

कोषले आ.व. २०७३/७४ देखि २०७६/७७ सम्मका लागि व्याबसायिक योजना (Business Plan) तयार पारी कार्यान्वयनमा ल्याएको छ । यस क्रममा कोषले नगरपालिकाहरुमा नयाँ वित्तीय लगानीका तरिका र प्रविधि कार्यान्वयन गर्ने क्रममा एशियाली विकास बैंक मार्फत "विश्व वातावरण कोष"(GEF) को अनुदान परिचालन गरी काठमाण्डौंमा न्यून प्रदुषणयुक्त सार्वजनिक यातायात संचालन गर्न यातायात व्यवस्था विभाग र एशियाली विकास बैंक संगको सहकार्यमा करीब ६० भन्दा वढी सञ्चालकलाई दिगो यातायात कम्पनीमा आवद्ध गरी व्यवस्थित यातायात सञ्चालन आयोजनामा ऋण प्रवाह गरेकोछ । यस आयोजनामा नीजि क्षेत्रले समेत लगानी गरेकोछ । यसै गरी "विश्व जलवायु कोष" (GCF) को राष्ट्रिय Accredited संस्थाका रुपमा नगर विकास कोष चयनको अन्तिम चरणमा रहेकोछ । विश्व जलवायु कोष मार्फत दिगो शहरी विकासका पुर्वाधारमा अनुदान तथा ऋण परिचालन गर्न सकिने छ । कोषलाई थप व्यावसायिक र सुदृढ बनाउन यू.एन.सि.डि.एफ.संगको सहकार्यमा स्वतन्त्र क्रेडिट रेटिङ्ग एजेन्सी मार्फत कोष र केही नगरपालिकाहरुको क्रेडिट प्रोफाईल बनाउने काम (credit assessment) को थालनी भएकोछ । कोषले विगत आ.व. २०७४/७५ देखि नेपाल वित्तीय रिपोर्टिङ्ग स्टयाण्डर्डस (Nepal Financial Reporting Standards-NFRS) अनुसारको लेखा प्रणाली कार्यान्वयनमा ल्याएकोछ ।

स्थानीय तहमा पूर्वाधार विकासमा दीर्घकालिन ऋण लगानी मार्फत स्थानीय आर्थिक विकास सहित राष्ट्रिय विकासका लक्ष्य प्राप्त गर्नका निमित्त नगर विकास कोष लाई **"शहरी विकास बैंक"**वा **"नेपाल शहरी पूर्वाधार विकास तथा लगानी निगम"**का रुपमा रुपान्तरण गरी मुलुकको वित्तिय बजार एवं नीजि क्षेत्रको पूँजीलाई शहरी पूर्वाधार विकासमा परिचालन गराउन सक्ने एक स्वायत्त एवं दीगो वित्तिय मध्यस्थकर्ता संस्थाका रुपमा विकास गराउन आवश्यक छ । नेपाल सरकार, प्रदेश, स्थानीय तह र अन्य संस्थाहरुको समेत स्वामित्व रहने गरी रु. २० अर्व बराबरको इक्वीटी पूँजी संरचनाको व्यवस्था कोषमा गरिने प्रारम्भिक प्रस्ताव व्याबसायिक योजनामा रहेकोछ ।

अन्तमा कोषको थप सुदृढीकरण सहित दिगो शहरी पुर्वाधार विकासमा योगदान पुऱ्याउने प्रतिवद्धता ब्यक्त गर्दछौं । साथै यस महाअभियानमा योगदान दिने नेपाल सरकार, विकास साझेदारहरु, परामर्शदाता र सेवाग्राहीलाई कोषको तर्फबाट विशेष धन्यबाद दिन चाहन्छौं ।

मनिराम सिंह महत,
कार्यकारी निर्देशक,
नगर विकास कोष

# विषय सूची

पृष्ठ


१. कोषको पृष्ठभूमि र वर्तमान अवस्थाको सार संक्षेप १

१.१ पृष्ठभूमि १

१.२ कोषको उद्देश्यहरु १

१.३ नगर विकास दृष्टिकोण (Vision) १

१.४ नगर विकास कोषको ध्येय (Mission) १

१.५ कोषका सेवाग्राहीहरुः १

१.६ कोषको कार्यक्षेत्र तथा लगानीका क्षेत्रहरु (Mandate and Investment Sectors) २

१.७ कोषको विगतः २

१.८ कोषको वर्तमानः ३

१.९ नगर विकास कोषको संस्थागत क्षमता (Institutional Strength of TDF) ४

२. कोषद्वारा सञ्चालित कार्यक्रमहरू ७

२.१ नगर विकास कार्यक्रम (Town Development Prormamme-TDP) ७

२.२ नगर विकास कार्यक्रम (आई.डि.ए./जि.टि.जेड./यू.डि.एल.ई.) १२

२.३ जिल्ला स्वास्थ्य आयोजना (District Health Project) १३

२.४ चक्रीय कोष कार्यक्रमः १५

२.५ साना शहरी खानेपानी तथा सरसफाई आयोजना (Small Town Water Supply and Sanitation Sector Project-STWSSSP) १७

२.६ शहरी खानेपानी तथा सरसफाई आयोजना (Urban Water Supply and Sanitation Sector Project -UWSSSP) २६

२.७ सहलगानी (Co-Financing) खानेपानी तथा सरसफाई आयोजना २८

२.८ मझौला शहर एकीकृत शहरी वातावरण सुधार आयोजना (STIUEIP) ३०

२.९ एकीकृत शहरी विकास आयोजना (IUDP) ३२

२.१० शहरी वातावरणीय सुधार आयोजना (Urban Environmental Improvement Project-UEIP) ३४

२.११ शहरी पूर्वाधार विकास आयोजना (Urban Infrastructure Development Project-UIDP) ३५

२.१२ काठमाण्डौं दिगो शहरी यातायात परियोजना (Kathmandu Sustainable Urban Trasport Project - KSUTP) ३७

२.१३ प्रतिफलमा आधारित फोहरमैला व्यवस्थापन कार्यक्रम (OBA for Solid Waste Management) ४१

२.१४ शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम ४२

३. नगर विकास कोष र अन्तर्राष्ट्रिय संघ संस्थाको सहकार्यमा सञ्चालित कार्यक्रमहरु ४३

४. कोषको वित्तीय अवस्था ४९

५. वार्षिक क्रियाकलापहरु (आ.व. २०७४/७५ देखि हालसम्म) ५९

६. कोषको भावी योजना ६१

# १. कोषको पृष्ठभूमि र वर्तमान अवस्थाको सार संक्षेप

## १.१ पृष्ठभूमि

गठन आदेश, २०४५ अनुसार नेपाल सरकारको रु. १ करोड २९ लाखको इक्वीटीबाट २०४५ सालमा नगर विकास कोष समितिको स्थापना भएको थियो । कोषले नेपाल सरकार तथा विभिन्न दातृ संस्थाहरुको प्राविधिक तथा वित्तीय सहयोगमा नेपाल सरकार तथा दातृ संस्थाहरु विच भएको सम्झौताहरुको अधिनमा रही २०५३ साल सम्म गठन आदेशमा तोकिए अनुसारका कार्यक्रमहरु सफलतापूर्वक संचालन गर्दै आएको थियो । यसै क्रममा नगर विकास कोष ऐन, २०५३ मार्फत एक स्वायत्त वित्तिय मध्यस्थकर्ता संस्थाको रुपमा स्थापित यस नगर विकास कोषले नेपालमा शहरी पूर्वाधार विकासका लागि नगरपालिका र नगरोन्मुख गाउँपालिकाहरुमा ऋण तथा अनुदान लगानी गर्दै आएको छ ।

नेपाल सरकारको मात्र स्वामित्वमा रहेको कोषको सञ्चालक समितिमा अध्यक्ष र दुई जना सदस्य नेपाल सरकारबाट, नगरपालिकाहरू मध्येबाट पाँच जना सदस्य र दुई जना सदस्य विषय विज्ञबाट प्रतिनिधित्व हुने व्यवस्था रहेको छ। प्रशासकीय प्रमुखका रुपमा खुल्ला प्रतिस्पर्धाका आधारमा कार्यकारी निर्देशकको नियुक्ति हुने व्यवस्था रहेकोछ । विद्यमान ऐनमा पूँजीगत संरचना (ईक्विटी सेयर) को व्यवस्था गरिएको छैन ।

नेपालमा शहरी पूर्वाधार विकासमा दीर्घकालिन ऋण लगानी परिचालन गर्नका लागि एक मात्र वित्तीय मध्यस्थकर्ता संस्थाका रुपमा नगर विकास कोष रहेको छ ।

## १.२ कोषको उद्देश्यहरु

नगर विकास कोष ऐन, २०५३ को परिच्छेद २ (५) बमोजिम नगर विकास कोषको देहाय बमोजिम उद्देश्यहरु रहेका छन्:

(क) नगर विकाससंग सम्बन्धित निकायलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(ख) नगरलाई स्वच्छ तथा सफा राख्न आवश्यक काम गर्ने, गराउने ।

(ग) विभिन्न किसिमका आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना संचालन गर्ने, गराउने ।

(घ) नगर विकास र यसको लागि गरिनुपर्ने सभाव्य सुधार हरुका सम्वन्धमा देखा परेका समस्याहरुको निराकरणका उपायहरु पत्ता लगाउन आवश्यकता अनुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने ।

उपरोक्त उद्देश्य अनुरुप नगर क्षेत्रको पूर्वाधार विकास तथा विस्तारका साथै सो सँग सम्वन्धित कार्य गर्न सम्बन्धित निकायहरुलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्नको लागि नगर विकास कोषको गठन भएको देखिन्छ ।

## १.३ नगर विकास कोषको दुष्टिकोण (Vision)

कोषले विगत ३० वर्षमा प्राप्त गरेको अनुभव तथा उपलब्धीहरुलाई विश्लेषण गर्दै भविष्यमा नेपालको शहरी क्षेत्रको विकासका लागि आवश्यक पर्ने वित्तीय स्रोत परिचालनका साथै शहरी पूर्वाधार लगानीमा नेतृत्वदायी भूमिका खेल्न सक्ने एक "शहरी विकास बैंक" वा "शहरी पुर्वाधार विकास तथा लगानी निगम"को रुपमा विकास गर्ने दृष्टिकोण (vision) लिएको छ ।

## १.४ नगर विकास कोषको ध्येय (Mission)

नगरपालिका एवं नगर विकाससँग सम्बद्ध अन्य निकायहरुलाई सामाजिक तथा आर्थिक पूर्वाधारका आयोजनाहरुको कार्यान्वयनका लागि आवश्यक प्राविधिक एवं वित्तिय सहयोग उपलब्ध गराई शहरी क्षेत्रमा व्याप्त शहरी आर्थिक तथा समाजिक गरिबीलाई न्यूनिकरण गर्दै जनताको जीवनस्तर बृद्धि गर्नमा टेवा पुऱ्याउने कोषको मुख्य ध्येय रहेको छ । कोषले मुख्य ध्येय तर्फ उन्मुख भै मिश्रित वित्त (Blended Finance) को माध्यमबाट बजारको पूँजीलाई समेत परिचालन गरी शहरी क्षेत्रको पुर्वाधार विकासका लागि आवश्यक पर्ने वित्तीय स्रोत परिचालन गर्न महत्वपूर्ण भूमिका खेल्ने रणनीति लिएको छ ।

## १.५ कोषका सेवाग्राहीहरु:

कोषको ऋण तथा अनुदान नीति, वित्तिय लगानी नीति, नियमावली तथा कार्य सञ्चालन निर्देशिकाको प्रावधान अनुसार लगानीको सहजताका लागि शहरी पूर्वाधारहरूलाई सामाजिक पूर्वाधार (social infrastructure), शहरी आधारभूत पूर्वाधार (utility infrastructure), आर्थिक पूर्वाधार (economic infrastructure) लगायत आयमूलक आयोजनाहरु (commercial or revenue generating projects) मा बर्गिकरण गरिएको छ । उल्लिखित पूर्वाधारहरु सञ्चालन गर्न कोषले सेवाग्राही नगरपालिकाहरु, नगर विकास समितिहरु, खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु, नगरउन्मुख गाउँपालिकाहरु तथा अन्य शहरी विकासमा संलग्न संस्थाहरुलाई आवश्यक सरल ऋण तथा अनुदान सहयोग उपलब्ध गराउँदै आएको छ । साविकमा ५८ वटा नगरपालिकामा १७ प्रतिशत शहरी जनसंख्या रहेकोमा हाल आएर २९३ वटा नगरपालिका गठन संगै शहरी जनसंख्या करीब ६० प्रतिशत हुन पुगेको छ । ऐनको प्रावधान बमोजिम

नगरपालिका बाहेक नगर उन्मुख गाउँहरुमा समेत कोषले लगानी गर्दै आएको छ ।

## १.६ कोषको कार्यक्षेत्र तथा लगानीका क्षेत्रहरु (Mandate and Investment Sectors)

नगर क्षेत्रको आर्थिक तथा सामाजिक पुर्वाधारमा दिगो लगानी गरी नगरवासीको जीवनस्तरमा सुधार गर्न कोषले शहरी पूर्वाधार विकास सम्बन्धी आयोजनाहरुमा स्वीकृत नीति, नियम तथा योजना अनुसार दीर्घकालिन लगानी गर्दछ । नगर विकास कोष शहरी विकासका लागि सामाजिक तथा आर्थिक पूर्वाधार विकास र आयआर्जनका आयोजनाहरुमा लगानी गर्ने एक मात्र संस्था हो ।

सामाजिक पूर्वाधार सम्बन्धी आयोजनाहरु अन्तर्गत ढल, भवन, सार्वजनिक सौचालय, अव्यवस्थित वस्ती सुधार (slum area improvement) आदि पर्दछन ।

शहरी आधारभुत पूर्वाधार आयोजनाहरु अन्तर्गत सडक तथा पुल, खानेपानी, धार्मिक तथा सांस्कृतिक क्षेत्रहरुको संरक्षण तथा सम्बर्द्धन, वधशाला, सडक बत्ति, नगरपालिका भवन, सामुदायिक वा विश्रामस्थल, खेलकुद रंगशाला, मनोरंजन क्षेत्रहरु, शव दाहन (क्षेत्र) गृह, म्युजियम, प्राकृतिक श्रोत संरक्षण (सार्वजनिक जग्गा संरक्षण, नदि नियन्त्रण तथा भु-क्षय रोकथाम, सिमसार तथा श्रोत संरक्षण, वायु तथा ध्वनि प्रदुषण, सडकमा वृक्षारोपण आदि जस्ता शहरी सुविधाका आधारभूत पूर्वाधार विकासका लागि कोषले लगानी गर्दछ ।

आर्थिक पूर्वाधारका आयोजनाहरु अन्तर्गत बसपार्क तथा पार्किङ्ग क्षेत्र, घरेलु साना तथा मझौला उद्योगहरु, पर्यटन विकास आयोजना लगायत बजार विकास (हाट बजार, प्रदर्शनीस्थल) आदिमा लगानी गर्ने नीति रहेको छ ।

एशियाली विकास बैंकको सहयोगमा सञ्चालन भएका खानेपानीका आयोजनाहरुमा पुनर्निर्माण गर्न भने कुल आयोजना लागतको ७० प्रतिशत अनुदान, कम्तीमा ५ प्रतिशत उपभोक्ताहरुको लगानी र बढिमा २५ प्रतिशत सम्म ऋण लगानी गर्ने प्रावधान रहेकोछ ।

कोषले नगरपालिकाहरुमा आर्थिक पूर्वाधारका व्यावसायिक आयोजनाहरु जस्तै व्यापारिक भवन निर्माण, तरकारी बजार, बिद्युतीय परिवहन, केवल कार, संचार सम्बन्धी सुविधा, जलविद्युत आदि आय आर्जन गर्न, ऋण लगानी गर्न, खुला प्रतिष्पर्धी कोष  खडा गरेको छ । यी आयोजनाहरु स्थानीय तहको आर्थिक विकासका लागि कोषे ढुङ्गा हुने देखिन्छ ।

विगतमा नेपाल सरकारले अनुदान समेत दिदै आएकोमा माथि उल्लेख भए बमोजिमका पूर्वाधारहरुमा ऋण र अनुदानको मिश्रित आधारमा कोषले लगानी गर्दै आएको थियो । नेपाल सरकारबाट अनुदान वापतको रकम उपलब्ध नभएको अवस्थामा कोषले आयोजनाको प्रकृति बमोजिम आयमूलक आयोजनामा नगरपालिकाहरुको बढी भन्दा बढी ईक्वीटी लगानी हुने गरी ऋण रकम उपलबध गराउने नीति लिएको छ ।

## १.७ कोषको विगत:

सन् १९८९ मा विश्व बैंक मार्फत गरिएको करीव २.२ मिलियन यु.एस.डलर बराबरको सहयोगको प्राप्तिसंगै नगर विकास कोषले शहरी पूर्वाधारको विकासको क्षेत्रमा वित्तिय लगानी प्रवाह गर्न शुरुवात गरेको थियो ।  सन् १९९५ मा जर्मन विकास बैंक मार्फत नगर विकास कार्यक्रमका लागि करीव ४.५ मिलियन युरो बराबरको सहयोगले तत्कालिन अवस्थामा रहेका ३२ वटा नगरपालिकाहरुमा पूर्वाधार विकास गर्नमा ठूलो टेवा पुग्न गयो । नगर विकास कार्यक्रम प्रथम चरणको सफल कार्यान्वयनसंगै कोषलाई जर्मन विकास बैंक मार्फत प्राप्त हुने सहयोगमा निरन्तरता हुन पुग्यो जसको फलस्वरुप सन् २००० मा नगर विकास कार्यक्रमको दोस्रो चरण र सन् २०१० मा नगर विकास कार्यक्रम तेस्रो चरण संचालनमा आयो । जर्मन सरकारकै सहयोगमा जि.टी.जेड मार्फत संचालित स्थानीय प्रयासद्वारा शहरी विकास कार्यक्रम (udle) द्वारा उपलब्ध गराईको प्राविधिक सहयोग अन्तर्गत कोषलाई प्राप्त भएको संचालन–व्यवस्थापन खर्च, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरुको व्यवस्थाले यस संस्थाको संस्थागत विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको थियो ।

यसै क्रममा सन् २००४ सम्म आईपुग्दा दातृसंस्था एसियाली विकास बैंकले समेत शहरी वातावरणीय सुधार आयोजना (UEIP) एवं साना शहरी खानेपानी तथा सरसफाई आयोजना (STWSSSP) हरु मार्फत शहरी क्षेत्रमा आफ्नो लगानी विस्तार गर्न पुग्यो जसको कारण कोष मार्फत ठूलो मात्रामा ऋण प्रवाह हुन गयो। जर्मन विकास बैंक मार्फत गरिने ऋण लगानीको फीर्ता रकमद्वारा नगर विकास कोष अन्तर्गत चक्रीय कोष स्थापना गरी पुन:लगानी परिचालन गर्ने एवं कोषको वित्तीय अवस्थालाई सुदृढ गराउने रणनीति रहेको थियो भने एशियाली विकास बैंक अन्तर्गतका आयोजनाहरुले कोषलाई ऋण प्रवाह गर्ने वित्तिय मध्यस्थकर्ता संस्थाको रुपमा सुदृढ गर्न सहयोग गरेको देखिन्छ। विगत तीन दशक भन्दा लामो समयदेखि नेपालमा नगरहरुको सामाजिक, आर्थिक एवं भौतिक पूर्वाधारहरुको विकास तथा विस्तारमा निरन्तर काम गर्दै आईरहेको यस कोषले हालसम्म कुल ११ अर्व ७८ करोड रुपैया सम्मको ऋण/अनुदान लगानी स्वीकृत गरी करीव १२५४ वटा आयोजनाहरु स्वीकृत भै ११५५ वटा आयोजनामा करीव ९ अर्व ४८ करोड रुपैयाँ लगानी गरि सकेको छ ।

## १.८ कोषको वर्तमान:

हाल देशमा २९३ वटा नगरपालिकाको घोषणा भए संगै शहरवासी जनसंख्या ६०% पुगेको अवस्था तथा कोषले गरेको एक अध्ययन अनुसार १९१ वटा नगरपालिकाको मात्रै आधारभूत शहरी पूर्वाधारका लागि रु. २३ खर्व लगानी गर्नुपर्ने आवश्यकतालाई मध्येनजर गर्दै देशको आर्थिक तथा सामाजिक विकासको इन्जिनको रुपमा रहेका शहरीक्षेत्रको विकासका लागि विकसित तथा विकासोन्मुख मुलुकहरुले द्रुततर शहरी पूर्वाधार विकासका लागि अवलम्वन गरेको दीर्घकालिन ऋण परिचालनको अनुभव समेतलाई आत्मसाथ गर्दै नगर विकास कोषले व्याबसायिक योजना (आ.व.२०७३।७४ देखि आ.व. २०७६।७७) स्वीकृत गरी लागू गरेको छ । सो योजनामा उल्लेख भए बमोजिम मिश्रित वित्त (Blended Financing) को माध्यमबाट समेत स्थानीय बजारको पूँजी शहरी पूर्वाधारमा परिचालन गरी शहरी क्षेत्रको पुर्वाधार विकासका लागि आवश्यक पर्ने वित्तीय स्रोत परिचालन गर्न नगर विकास कोष एक वित्तीय मध्यस्थकर्ता संस्थाका रुपमा नेतृत्वदायी भूमिकामा निरन्तर अग्रसर भैरहेको छ ।

स्थानीय तहमा आधारभूत शहरी पूर्वाधार विकास र विस्तार गर्न करीव २३ खर्व पूँजीगत लगानी गर्नु पर्ने न्यूनतम आवश्यकता छ (शहरी विकास रणनीति २०१५) । तर नेपाल सरकारबाट स्थानीय तहमा जाने वित्तिय हस्तान्तरण र स्थानीय तहको आफ्नो स्रोतबाट मात्र पूर्वाधार विकासका लागि चाहिने यति ठूलो रकम जुटाउन सक्ने अवस्था देखिदैन । यस सन्दर्भमा स्थानीय तहमा ऋण परिचालन गरी पूर्वाधार विकास गर्न नगर विकास कोषको भूमिका अझ महत्वपुर्ण देखिएको छ । यसका लागि नगर विकास कोषको पुन:सरचना गरी (ऐन संशोधन मार्फत) नेपाल सरकार, प्रदेश सरकार, नगर विकास कोष तथा स्थानीय तह र अन्य संघ संस्थाहरुको समेत सहभागिता हुने गरी कम्तीमा २० अर्वको पूँजी संरचना हुने गरी कोषको ऐन संशोधन हुन आवश्यक छ। यसका लागि नेपाल सरकार, शहरी विकास मंत्रालयले प्रस्ताव तयार गरिरहेको छ ।

विश्वका धेरैजसो मुलुकहरुका नगरपालिकाहरुले नगर विकास कोष जस्तै संस्थाबाट ऋण लिई शहरी पूर्वाधार विकासमा लगानी गरी उल्लेखनीय प्रगति गरेका छन् । नेपालको संविधानको अनुसूची ८ र ९ मा स्थानीय तहलाई प्रदत्त गरेको अधिकारले पनि स्थानीय तहमा पूर्वाधार विकासका लागि लगानीको माग बढ्ने देखिन्छ । तसर्थ पूर्वाधारको दिगो विकास गर्न नगर विकास कोषको स्वपूँजीमा अभिवृद्धि गरी लगानीलाई थप सशक्त बनाउनु आवश्यक देखिन्छ । यसका लागि कोषको स्वपूँजीमा नेपाल सरकार, दातृसमुदाय, नीजि क्षेत्र र स्थानीय तहको समेत सहभागिता हुने गरी स्थानीय तहको पूर्वाधार विकास र समृद्धिका लागि ऋण परिचालन गर्न आवश्यक छ । स्थानीय तहमा जनप्रतिनिधिहरुबाट आ-आफ्नो नगरमा पूर्वाधार विकास गर्नका लागि विस्तृत आयोजना प्रतिवेदन तयारीका साथ कोषमा ऋणका लागि माग गरेबाट कोषको भूमिका आँकलन गर्न सकिन्छ। नगरपालिकाहरुमा ऋण लगानी मार्फत हासिल हुन सकेको वित्तीय अनुशासन र सम्पूर्ण दाताहरुको समेतले विश्वास आर्जन गर्न सफल भएको परिप्रेक्षमा नगर विकास कोष एक महत्वपूर्ण संस्थाको रुपमा रहेको छ। कोषको विद्यमान अवस्था देहाय बमोजिम रहेकोछ:

(क) वि.सं. २०४५ (सन् १९८७) मा गठन आदेश अनुरुप स्थापना भएको र वि.सं. २०५३ सालमा नगर विकास कोष ऐन अनुरुप संचालनमा रहेको ।

(ख) नेपाल सरकारको मात्र स्वामित्वमा रहेको समितिमा अध्यक्ष र दुई जना सदस्य नेपाल सरकारबाट, पाँच जना सदस्य नगरपालिकाहरु मध्येबाट र दुई जना सदस्य विषय विज्ञबाट प्रतिनिधित्व हुने व्यवस्था रहेको ।

(ग) ऐनमा ईक्विटी सेयरको वर्गीकरण नगरिएको । हाल नगर विकास कोषमा नेपाल सरकारबाट प्राप्त रकम र संस्थाको वचत रकम गरि करिव जम्मा रु ४ अर्व ६२ करोड आफ्नो पूँजी कोषको रुपमा रहेको ।

(घ) प्रशासकीय प्रमुखका रुपमा खुल्ला प्रतिस्पर्धाका आधारमा कार्यकारी निर्देशकको नियुक्ति हुने व्यवस्था रहेको ।

(ङ) हालसम्म करिब १२२८ वटा आयोजनाहरुमा करिव रु. ७ अर्व ३६ करोड ५८ लाख ऋण र करीव रु. २ अर्व ११ करोड ७६ लाख अनुदान गरी कूल रु. ९ अर्व ४८ करोड ३४ लाख रकम (तत्कालिन मूल्यमा) लगानी भएको ।

(च) आ.व. २०७४।७५ मा कूल रु. ३ अर्व १४ करोड लगानी गर्ने लक्ष्य अनुरुप रु. १ अर्व ३० करोड रकम लगानी भएको ।

(छ) कोषले हालसम्म असुली गर्नुपर्ने साँवा र ब्याज समेतको कूल रकम रु. ३ अर्व ३० करोड ८२ लाख मध्ये रु. ३ अर्व १२ करोड ६७ लाख रकम असुली भएको। अर्थात हालसम्मको ऋण चुक्ता (साँवा र ब्याज) गरी करिब ९४.५१ प्रतिशत रहेको ।

(ज) नगरपालिका, नगरउन्मुख गाउँपालिका र शहरी विकाससंग सम्बन्धित निकायलाई लगानी गर्नसक्ने व्यवस्था रहेकोमा कोषले हालसम्म नगरपालिका र साना शहरी खानेपानी उपभोक्ता संस्थाहरुमा मात्र लगानी गरिरहेको ।

(झ) शहरी विकाससंग सम्बन्धित कुनै पनि पूर्वाधारमा लगानी गर्न सक्ने प्रावधान रहेको ।

(ञ) शहरी पूर्वाधार आयोजना वा संस्थामा शेयर लगानी गर्न सक्ने वा अन्य निकायसंग मिली वा आफैं पनि आयोजना विकास तथा संचालन गर्नसक्ने ।

(ट) आफ्ना सेवाग्राहीहरुलाई आयोजना अध्ययन तथा निर्माण सुपरिवेक्षणका लागि परामर्श सेवा उपलब्ध गराईरहेको ।

(ठ) आयोजना विकास, परामर्श सेवा, आयोजना मूल्याकंन तथा लगानी र वित्तीय व्यवस्थापनका लागि संरचनागत व्यवस्था सहित आवश्यक निर्देशिका, विधि तथा प्रकृयाहरु कार्यान्वयनमा ल्याईएको ।

(ड) ऋण सुरक्षण विधिकारुपमा सम्बन्धित नगरपालिकासंग Escrow Accounting सहित नेपाल सरकारको अनुदानबाट कट्टा हुने गरी ऋण असुली गर्न सकिने व्यवस्था रहेको ।

(ढ) लगानी निर्देशिका कार्यान्वयनमा ल्याईएको साथै उक्त लगानी नीतिका आधारमा ऋण तथा अनुदान लगानी गर्ने खुल्ला प्रतिस्पर्धात्मक कोष (Open Access Challenge Fund) कार्यान्वयनमा रहेको ।

(ण) दातृ निकायहरु World Bank, ADB तथा KfW द्वारा कोष मार्फत ऋण तथा अनुदान लगानी भैरहेको । हाल उक्त दातृ निकायका साथै USAID, UNCDF, European Union Deligation to Nepal जस्ता संस्थाहरुले समेत ऋण अनुदान लगानी र प्राविधिक सहयोग उपलब्ध गराउन थालेको ।

(त) WB, UNCDF तथा ADB को सहयोगमा नेपाल सरकार, अर्थ मन्त्रालयले गरेका अध्ययनहरुले समेत कोषको पुनःसंरचना गर्नुपर्नेमा जोड दिएको ।

(थ) पूर्वाधार विकासमा निजी क्षेत्रको समेत लगानी परिचालनलाई ADB को सहयोगमा काठमाण्डौ उपत्यकामा दिगो यातायात सञ्चालन गर्न ऋण लगानी गरेको ।

(द) हाल कोषलाई नेपाल सरकारले १ अर्ब रुपैयाँ ऋण परिचालन गरेको र सो रकम कोषले नगरपालिकाहरुमा थप ऋण लगानी गर्न सक्ने अवस्था सृजना भएको । कोषले आयोजना बैंक (Project Bank) तयारीको पहिलो पटक थालनी चालु आ.व.बाट गरेको । यस आ.व.मा रु. २ करोड आयोजना अध्ययनका लागि विनियोजन गरी २ दर्जन भन्दा बढी लगानी गर्न योग्य आयोजनाहरुको सम्भाब्यता अध्ययन गरी तयार गरेको । यसबाट हरेक आ.व.मा आयोजनाहरु लगानीका लागि आयोजना तयारी (Project Readyness) को अवस्थामा रहने भएकोले लक्ष्य अनुसारको लगानी हुने देखिएको ।

## १.९ नगर विकास कोषको संस्थागत क्षमता (Institutional Strength of TDF)

### (क) कोषको आन्तरिक संस्थागत क्षमता

शहरी पूर्वाधारको विकासमा विगत ३० वर्षको लामो अनुभवबाट कोषले नेपालको शहरी पूर्वाधार विकासमा प्राविधिक एवं वित्तीय सहयोग पुऱ्याउने एक अत्यन्त महत्वपूर्ण राष्ट्रिय संस्थाका रुपमा आफूलाई स्थापित गर्न सफल भएको छ । शहरी पूर्वाधार विकासमा ऋण लगानी तथा असुली गरी निर्मित संरचनाहरुलाई दीगो रुपमा संचालनमा ल्याउनु आफैंमा चुनौतीपूर्ण छ, तर कोषले उक्त कार्यलाई सफलतापूर्वक व्यवस्थापन गर्न सकेको छ । कोषलाई सहयोग गर्ने दातृ निकायहरु विश्व बैंक, के.एफ.डब्ल्यू., जि.आई.जेड, एशियाली विकास बैंक, नेपाल नगरपालिका संघ, तथा कोषको तालुक मंत्रालयको सहमतिमा तयार पारी राष्ट्रिय योजना आयोगबाट स्वीकृत भएको “नगर विकास कोषको ऋण तथा अनुदान लगानी नीति” ले नेपालको शहरी पूर्वाधार आयोजनामा गरिने ऋण लगानी तथा सो अनुरुप नेपाल सरकारले उपलब्ध गराउने अनुदान लगानीको लागि समेत मार्गदर्शन भएको छ । कोषको कार्य संचालन पद्धति चुस्त, दुरस्त र प्रभावकारी बनाउनका लागि कोषको कार्य–संचालन निर्देशिका (Standard Operating Procedures-SOPs) को व्यवस्था गरिएको छ । कोषको व्यावसायिक योजनाले निर्धारण गरेका लक्ष्यहरुको प्राप्ति तथा सो अनुरुपका कार्ययोजना एवं कार्यक्रमहरुको कार्यान्वयनलाई सुनिश्चितता प्रदान गर्नका निम्ति कार्य सम्पादन मूल्याङ्कन सूचकाङ्क (KPIs) का आधारमा कार्य सम्पादन गर्ने प्रणालीको विकास गरिएको छ। कोषको कर्मचारी सेवा शर्त विनियमावलीमा आवश्यक संशोधन सहित स्थायी एवं करार सेवाका कर्मचारीहरुको बृत्ति विकासको सुनिश्चितता गरिएको छ । स्थायी सेवाका कर्मचारीहरुका लागि दीर्घकालिन सेवा–सुविधा तथा करार सेवाका कर्मचारीहरुका लागि प्रतिस्पर्धी पारिश्रमिकको व्यवस्थाद्वारा योग्य कर्मचारी तथा विशेषज्ञहरुलाई आकर्षित गर्ने नीति लिइएको छ । यस्तैगरी नयाँ आर्थिक विनियमावली तथा खरिद विनियमावलीहरुको व्यवस्था गरी कोषद्वारा आर्थिक एवं खरिद प्रकृयालाई वैज्ञानिक, व्यवस्थित र पारदर्शी बनाईएको छ ।

कोषको उद्देश्य अनुसारको लक्ष्य प्राप्तीका लागि मानव स्रोतको उचित व्यवस्थापन गरी संघीय संरचना अनुसार कोषको भूमिका निर्वाह गर्नका लागि जनशक्ति व्यवस्थापनको लागि लोकसेवा आयोगको सामान्य

सिद्धान्त अनुरुप आयोगको सहमतिमा कोषको कर्मचारी विनियमावलीलाई संशोधन गरी सो वमोजिम रिक्त पदहरुमा कार्यक्षमताको आधारमा विभिन्न तह तथा श्रेणीमा बढुवा तथा खुल्ला प्रतिस्पर्धाका आधारमा प्राविधिक, प्रशासन र लेखा समूहमा पदपूर्ति गर्ने कार्य सम्पन्न भएको छ । यसबाट कोषको संस्थागत क्षमता बृद्धिमा नयाँ उर्जा थपिने विश्वास गरिएको छ । यसै गरी कोषको संस्थागत क्षमतालाई सुदृढ गर्नका लागि विज्ञ सेवाका लागि दातृ निकाय एशियाली विकास बैंकको आर्थिक सहयोगमा कोषलाई आवश्यक हुने विभिन्न सेवाका ५ वटा विज्ञ परामर्शदाता ३ वर्षका लागि नगर विकास कोष र एशियाली विकास बैंक बीच सम्झौता भई पदपूर्ति हुने क्रममा रहेको छ । त्यस्तै कोषमा दातृ संस्था जिआईजेड को प्राविधिक सहयोगमा संचालित NEEP कार्यक्रम अन्तर्गत कोषले यस आ.व.मा अन्तर्राष्ट्रिय स्तरको प्राविधिक विज्ञ र राष्ट्रिय स्तरको एक खरिद विज्ञका लाागि प्राविधिक सहयोग प्राप्त हुने भएको छ । त्यस्तै दातृ संस्था "इयू डेलिगेशन टु नेपाल" को प्राविधिक सहयोग अन्तर्गत विभिन्न १५ वटा नगरपालिकाहरुमा ४ वर्षका लागि प्राविधिक तथा संस्थागत क्षमता अभिबृद्धिका विभिन्न कार्यक्रमहरु संचालन हुने छन् । यी कार्यक्रमहरुलाई अगाडि बढाउन कोषमा "इयू डेलिगेशन टु नेपाल" कै सहयोगमा विभिन्न क्षेत्रका विज्ञहरुको पनि व्यवस्था हुने भएको छ । समग्रमा यस्ता कार्यक्रमहरुले कोषका सेवाग्राही तथा कोषको संस्थागत सदृढीकरणमा महत्वपूर्ण योगदान भई कोषको लक्ष्य प्राप्तीमा सहयोग पुग्ने देखिन्छ ।

### (ख) आयोजना मूल्यांकन कार्यविधि (Project Appraisal Manual)

पुर्व सम्भाब्यता अध्ययनबाट छनौट भएका आयोजनाको आयोजना प्रतिवेदन (Detailed Project Report-DPR) तयार गरि यस कार्यका लागि परामर्शदाता र नगरपालिकालाई आवस्यक प्राविधिक सहयोग र सुझाव दिइन्छ । विस्तृत आयोजना प्रतिवेदनलाई आधारमानी आयोजनाको लेखाजोखा (Project Appraisal) गर्दा कोषको लगानी नीति, भौतिक संरचनाको विद्यमान मापदण्ड र नर्म्स लगायत विस्तृत आयोजना प्रतिवेदन (Detailed Project Report-DPR) ले समेटिएका वा नसमेटिएका विषयहरुका बारे लेखाजोखा गरिन्छ । यस व्यवस्थाले कोषको लगानीमा संचालन हुने आयोजनाहरु निर्माण केन्द्रित मात्र नभई आयोजना निर्माण पश्चात् उक्त आयोजनाबाट प्रवाह हुने सेवाको दीगोपनाको सुनिश्चितता तर्फ उन्मुख हुने अवस्थाको सिर्जना गरेको छ । आयोजना मूल्याङ्कनका लागि कोषले आयोजना लेखाजोखा कार्यविधि (Project Appraisal Manual) तयार गरी कार्यान्वयनमा ल्याएको छ । पछिल्लो समयमा उपभोक्ताद्वारा सञ्चालित खानेपानी आयोजनाका लागि सह लगानी निर्देशिका २०७४ (Co-Financing Guideline, 2074) स्वीकृत गरी कोषले आयोजनाहरुको लेखाजोखा पद्तितिलाई थप व्यवस्थित र व्यवहारिक बनाएको छ ।

कोषद्वारा गरिने ऋण तथा अनुदान लगानीको दीगोपनाको सुनिश्चितता सहित ऋण असुलीमा प्रभावकारिता ल्याउनका निम्ति कोषले विगतका अनुभव र सिकाईबाट आयोजनाहरुको लेखाजोखा गर्ने कार्य भइरहेको छ । आयोजना लेखाजोखाका क्रममा आयोजनाको प्राविधिक, सामाजिक, आर्थिक, वित्तीय, वातावरणीय तथा कानूनी एवं संस्थागत पक्षहरुको मूल्यांङ्कन गरिन्छ । यसका अलावा नगरपालिकाको वित्तीय स्रोतलाई समेत ध्यानमा दिइ उनीहरुको ऋण वहन क्षमताको मापन (Borrowing Capacity Assessment) पनि गरिन्छ ।

### (ग) लगानीका क्षेत्रहरु

"नगर विकास कोष ऐन, २०५३" को दफा ५ ले कोषलाई नगर विकास सँग सम्बन्धित सरकारी निकायहरु, नगरपालिकाहरु, नगरउन्मुख गाँउपालिकाहरु लगायत गैह्र सरकारी संस्था, सामुदायिक संस्थाहरु एवं नीजि क्षेत्रलाई समेत वित्तिय एवं प्राविधिक सहयोग उपलब्ध गराउन सक्ने फराकिलो आधारहरु प्रदान गरेको छ भने उक्त ऐनको दफा ८ एवं ९ ले कोषलाई आफ्नो वित्तिय स्रोतको व्यवस्थाका लागि विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय दातृ संस्थाहरु मार्फत ऋण तथा अनुदान प्राप्त गर्न सक्ने, नेपाल सरकारबाट ईक्विटी वा अन्य सहयोग प्राप्त गर्नसक्ने, नगरपालिका वा अन्य संस्थाहरुलाई शेयर जारी गर्न सक्ने, डिवेन्चर वा बोन्ड जारी गर्न, वा खरीद गर्न सक्ने तथा ब्रिज फाइनान्सिङ्ग वा कन्सोर्टियम अन्तर्गत लगानी गर्न सक्ने जस्ता अधिकारहरु प्रदान गरेको छ ।

❖❖❖



# २. कोषद्वारा सञ्चालित कार्यक्रमहरू


## २.१ नगर विकास कार्यक्रम (Town Development Prormamme-TDP)

### कार्यक्रमको अवधारणा:

शहरी पूर्वाधार एवं सेवा सुविधामा नगरवासीहरुको पहुँच सुनिश्चित गर्न सामाजिक तथा आर्थिक पूर्वाधारहरुको निर्माण तथा विकासका लागि नगर विकास कोषलाई स्थापनाकाल देखि नै जर्मन सरकारले वित्तिय सहयोग उपलब्ध गराउँदै आएको छ । नगर विकास कोष ऐन, २०५३ को प्रावधान बमोजिम कोषलाई नगरहरुको पूर्वाधार विकासमा एक सक्षम दिर्घकालिन ऋण परिचालन गर्ने वित्तिय मध्यस्थकर्ता संस्थाको रुपमा विकास गराउने उद्देश्य अनुरुप जर्मन विकास बैंक (के.एफ.डब्ल्यू.) ले सन् १९९५ देखि नगर विकास कार्यक्रम (Town Development Programme) सञ्चालन गर्दै आएको छ । हालसम्म तीन चरणमा यो कार्यक्रम साविकका ५८ वटा नगरपालिकामा संचालन भै सम्पन्न हुने अवस्थामा पुगेको छ । यस कार्यक्रमबाट गरिएको दीर्घकालिन ऋण परिचालनबाट एकातर्फ निर्माण भएको वसपार्क, व्यावसायिक भवन, तरकारी बजार, नगरपालिका भवन, सडक तथा ढल लगायतका शहरी पूर्वाधारहरुको विकास भएको छ भने अर्कोतर्फ ती ऋण सहयोगमा संचालित आयोजनाहरुबाट फिर्ता भई आएको रकमबाट स्थापित चक्रीय कोष (Revolving Fund) को पुनः परिचालन मार्फत नगर विकास कार्यक्रमलाई नगरपालिकाहरुको थप पूर्वाधार विकासका लागि निरन्तरता प्राप्त भएको छ ।

### उद्देश्य

नगरपालिकाहरुको शहरी पूर्वाधारको विकास गर्ने क्रममा सामाजिक तथा आर्थिक पूर्वाधारका आयोजनाहरुको निर्माण, विकास तथा विस्तारमा ऋण तथा अनुदान परिचालन गर्ने तथा ऋण सहयोगमा संचालित आयोजनाहरुबाट फिर्ता भई आएको रकमबाट सिर्जना भएको चक्रीय कोष (Revolving Fund) पुनः परिचालन गरी नगरपालिकाहरुको दिगो शहरी पूर्वाधारको विकास गर्ने यस कार्यक्रमको प्रमुख उद्देश्य रहेकोछ ।




*नक्शा १* : नगर विकास कार्यक्रम (TDP), प्रथम, दोस्रो तथा तेस्रो चरण, अन्तर्गत नगर विकास कोषको ऋण तथा अनुदानमा आयोजना संचालन गर्ने नगरपालिकाहरू

### आयोजनाका क्षेत्रहरु

यस कार्यक्रम अन्तर्गत मुख्यत: आर्थिक पूर्वाधारका आयोजनाहरु र सामाजिक पूर्वाधारका आयोजनाहरु संचालन हुँदै आएका छन् । आर्थिक पूर्वाधारका आयोजना अन्तर्गत नगरपालिकालाई आय आर्जन हुने आयोजनाहरु जस्तै वसपार्क, व्यापारिक भवन, तरकारी बजार, बहुउद्देश्यीय भवन, मनोरन्जन पार्क जस्ता विभिन्न आयोजनाहरु पर्दछन् भने सामाजिक पूर्वाधारका आयोजनामा, सडक, ढल, सार्वजनिक शौचालय, फुटपाथ निर्माण, विद्यालय भवन, खानेपानी आपूर्ति, पुरातात्विक स्थलहरुको संरक्षण तथा विकास आदि पर्दछन ।

### लगानी विधि

यस कार्यक्रम अर्न्तगत संचालित हुने आयोजनामा ऋण तथा अनुदान लगानीका लागि के.एफ.डब्ल्यू. तथा नगर विकास कोषबाट ऋण तथा अनुदान लगानी नीतिहरु तय हुँदै आएका छन् । नगरपालिकाहरुलाई ऋण/सरल ऋण र अनुदान लिन सक्ने व्यवस्थाका लागि नगरपालिकाहरुको क्षमता र भौगोलिक अवस्थितिका आधारमा नगरपालिकाहरुलाई मुख्यत: "क", "ख" र "ग" वर्गमा विभाजन गरी ऋण तथा अनुदान प्रवाह हुँदै आएका छन् । आयमूलक आयोजनाहरु तथा सामाजिक पूर्वाधार आयोजनाहरु जस्तै वसपार्क, व्यापारिक भवन, तरकारी बजार, बहुउद्देश्यीय भवन, मनोरन्जन पार्क, सतह ढल, नगरपालिका भवन जस्ता आयोजनाहरुको लागि ऋण तथा सरल ऋणको रुपमा ऋण प्रवाह गरिदै आएको छ भने सरसफाई, वातावरण संरक्षण तथा शैक्षिक क्षेत्रसंग सम्बन्धित आयोजनाहरुको निर्माणको लागि अनुदान प्रवाह हुँदै आएको छ ।

### अपेक्षित उपलब्धी

- कोषलाई एक आत्मनिर्भर वित्तिय संस्थाका रुपमा विकास गरी नगरपालिका एवं नगर विकास सँग संबद्ध अन्य सम्बन्धित निकायहरुलाई आवश्यक प्राविधिक एवं वित्तिय सहयोग उपलब्ध गराई नेपालको दीगो शहरी विकासको प्रबर्द्धनद्वारा जनताको जीवनस्तर बृद्धि गर्नमा टेवा पुऱ्याउने ।
- नगरपालिकाहरुमा शहरी पूर्वाधार आयोजनाहरुको निर्माण, विकास तथा विस्तार भई नगरवासीहरुको शहरी पूर्वाधार एवं सेवा सुविधामा पहुँच हुने एवं यस कार्यक्रम अन्तर्गत ऋण सहयोगमा संचालित आयोजनाहरुबाट फिर्ता भई आएको रकमबाट सिर्जना भएको चक्रीय कोष (Revolving Fund) को पुन: परिचालनबाट नगरपालिकाहरुको दिगो शहरी पूर्वाधारको विकास भएको हुने ।

### नगर विकास कार्यक्रम अन्तर्गत संचालित कार्यक्रमहरु:

यस कार्यक्रम अन्तर्गत संचालित कार्यक्रमहरु देहाय वमोजिम छन्:

#### २.१.१ नगर विकास कार्यक्रम–प्रथम चरण (Town Development Programme-I)

जर्मन विकास बैंक (के.एफ.डब्ल्यू.) ले सन् १९९५ मा देशका तत्कालिन ३६ वटा नगरपालिकाहरुमा सन् २००० को डिसेम्बर सम्म ५ वर्षका लागि सामाजिक पूर्वाधार तथा आयमूलक आयोजना संचालन गर्न तथा आवश्यक परामर्श सेवाको लागि ऋण, सरल ऋण तथा अनुदानको रुपमा प्रयोग गर्न करिव रु. ३४ करोड (४.५ मिलियन युरो) उपलब्ध गराएको थियो । यस कार्यक्रम अन्तर्गत नगरपालिकाहरुमा सामाजिक पूर्वाधारका आयोजनाहरु संचालनका लागि सरल ऋण र आयमूलक आयोजनाहरुको संचालनको लागि ऋण, न्यून आय भएका नगरपालिकालाई साना आयमूलक आयोजनाहरु संचालनको लागि सरल ऋण र वातावरण, सरसफाई, शिक्षा तथा अन्य क्षेत्रहरु लगायत आयोजनाहरुको डिजाईन, अध्ययनको साथै निर्माण सुपरिवेक्षणको लागि अनुदान प्राप्त भएको थियो । कोषलाई यस कार्यक्रमका लागि प्राप्त करीव रु. ३४ करोड मध्ये ६० प्रतिशत अनुदान, २० प्रतिशत ऋण तथा २० प्रतिशत सरल ऋणका रूपमा प्रवाह भई नगरपालिकाहरुमा सामाजिक पूर्वाधार तथा आर्थिक पूर्वाधारका जम्मा १९४ वटा आयोजनाहरु निर्माण सम्पन्न भएको छ । यस कार्यक्रम अन्तर्गत नगरपालिकाहरुको पूर्वाधार विकासका आयो जनाहरूमा करीव रु. ११ करोड ३४ लाख ऋण तथा सरल ऋण प्रवाह गरी नेपालको ईतिहासमा पूर्वाधारको क्षेत्रमा ऋण लगानी (Debt Financig) को शुरुवात भएको थियो ।

यस कार्यक्रमलाई संक्षेपमा देहाय वमोजिम चित्रण गरिएको छ ।

| आयोजना/कार्यक्रमको नाम | नगर विकास कार्यक्रम–प्रथम चरण (Town Development Programme- I Phase) |
|---|---|
| उद्देश्य | शहरी पूर्वाधारको विकासका लागि सामाजिक तथा आर्थिक पूर्वाधारका आयोजनाहरुको निर्माण, विकास तथा विस्तारमा ऋण तथा अनुदान परिचालन गर्ने तथा सो ऋण लगानीबाट फिर्ता भई आएको रकमबाट सिर्जना भएको चक्रीय कोष (Revolving Fund) स्थापना गरी पुनः परिचालन गरी नगरपालिकाहरुमा दिगो शहरी पूर्वाधारको विकास गर्ने । |
| सम्झौता मिति | २७ नोभेम्वर, १९९५ |
| आयोजनाको अवधि | डिसेम्वर, २००० |
| वित्तिय स्रोत | अनुदान – जर्मन विकास बैंक (KFW) |
| प्रमुख आयोजनाहरू | • व्यापापरिक भवन – भद्रपुर, नेपालगंज, व्यास, कपिलवस्तु, भरतपुर, धनकुटा, विदुर र वुटवल ।<br>• सतह ढल – भरतपुर, विराटनगर र वनेपा ।<br>• वसपार्क – भरतपुर, सिद्धार्थनगर, नेपालगंज र वुटवल ।<br>• विद्यालय भवन – विरेन्द्रनगर, दिपायल सिलगढी, धनकुटा, कलैया, धुलिखेल, तुलसीपुर, इलाम, सिद्धार्थनगर, विरगंज, धरान, भरतपुर र गौर ।<br>• नगरपालिका भवन – विरेन्द्रनगर, धनगढी, तुलसीपुर, त्रिभुवननगर, धनकुटा, दिपायल सिलगढी, इनरुवा, कलैया, त्रिभुवननगर र गौर ।<br>• सार्वजनिक शौचालय – वुटवल, लाहान, भद्रपुर, भिमदत्त, इलाम, हेटौडा, राजविराज, भरतपुर र तानसेन । |
| आयोजना संख्या | १९४ (सम्पन्न) |
| आयोजना /कार्यक्रमको कूल लागत | जर्मन मार्क १ करोड (४.५ मिलियन युरो) |
| आयोजनाको अवस्था | कूल लगानी– रु. ३१ करोड ३ लाख<br>अनुदान लगानी– रु. १९ करोढ ६९ लाख<br>ऋण लगानी– रु. ११ करोड ३४ लाख<br>ऋण असुली– १००%<br>सम्पन्न आयोजना संख्या: १९४<br>(यो कार्यक्रम सन् २००० मा सम्पन्न भईसकेको) |

### २.१.२ नगर विकास कार्यक्रम–दोस्रो चरण (Town Development Programme-II)

KfW को अनुदान सहयोगमा सन् २००० मा कोष मार्फत ७५% ऋण तथा २५% अनुदान परिचालन गर्ने गरी करीव ७.१ मिलियन युरो बराबरको सहयोगमा नगर विकास कार्यक्रमको दोस्रो चरण (Town Development Porgramme-II) संचालनमा आएको थियो । यस कार्यक्रम अन्तर्गत सन् १९९९ सम्म गठित ५८ नगरपालिकाहरुलाई सामाजिक पूर्वाधार र आयमूलक आयोजना संचालनको लागि पारस्परिक कोष वृद्धि गर्दै कार्यक्रमको अन्तसम्ममा ऋण र सरल ऋणमा ७५ प्रतिशत र अनुदानमा २५ प्रतिशत लगानी गर्ने नीति अवलम्वन गरि नगरपालिकाहरुको पूर्वाधार विकासमा ऋण लगानी (Debt financing) द्वारा आयोजनाहरुको दिगो विकासमा जोड दिईएको थियो जसका कारणले आयोजना आफैले नै सो आयोजना संचालन तथा मर्मत सम्भारको लागि आय आर्जन गर्न सक्षम हुन सकोस् भन्ने थियो । यस कार्यक्रम अन्तर्गत नगरपालिकाहरुको पूर्वाधार विकासमा करिब रु. ६५ करोड ९७ लाख लागनी प्रवाह गरिएको छ ।

#### लगानी विधि

के.एफ.डब्ल्यू.को यस दोस्रो चरणको वित्तिय सहयोग अन्तर्गत नगरपालिकाहरुले नगर विकास कोषबाट ऋण,

सरल ऋण तथा अनुदान सहायता प्राप्त गर्न सक्ने प्रक्रिया र शर्तहरुको लागि छुट्टै ऋण तथा अनुदान नीति–२०५७" लागु गरिएको छ । सोही नीतिको अधिनमा रही कोषले नगरपालिकाहरुलाई "क", "ख" र "ग" वर्गमा विभाजन गरी अनुदानका लागि योग्य नगरपलिकाहरुलाई सरसफाई, वातावरण संरक्षण तथा शैक्षिक क्षेत्रसंग सम्बन्धित आयोजनाहरुका लागि ऋण तथा अनुदान लगानी गरेको छ। यस कार्यक्रम अन्तर्गत कोषले दिने सरल ऋणमा लाग्ने व्याज दीर्घकालिन सरकारी विकास ऋण पत्रको व्याज भन्दा १% बढी हुने र ऋणमा ४% ले बढी हुने प्रावधान रहेको छ । ऋण र सरल ऋणको भुक्तानी अवधि दुई वर्षको ग्रेस अवधि सहित आयोजनाको प्रकार र नगरपालिकाको वर्गीकरण अनुसार १२, १६ वर्ष वा २० वर्ष हुनेछ। यस कार्यक्रमलाई संक्षेपमा देहाय वमोजिम चित्रण गरिएको छ।

| आयोजना/कार्यक्रमको नाम | नगर विकास कार्यक्रम–दोस्रो चरण (Town Development Programme- II Phase) |
|---|---|
| उद्देश्य | शहरीपूर्वाधारको विकासका लागि सामाजिक तथा आर्थिक पूर्वाधारका आयोजनाहरुको निर्माण, विकास तथा विस्तारमा ऋण तथा अनुदान परिचालन गर्ने तथा ऋण फिर्ता भई आएको रकमबाट स्थापित चक्रीय कोष (Revolving Fund) पुनः परिचालन गरी नगरपालिकाहरुमा दिगो शहरी पूर्वाधारको विकास गर्ने । |
| सम्झौता मिति | ३० नोभेम्वर, २००० |
| आयोजनाको अवधि | २०२० जुलाई सम्म थप गरिएको । |
| वित्तिय स्रोत | अनुदान – जर्मन विकास बैंक KFW |
| प्रमुख आयोजनाहरू | • व्यापापरिक भवन – वुटवल, सिद्धार्थनगर, ईटहरी, भरतपुर, कमलामाई, नेपालगंज र भद्रपुर ।<br>• सतह ढल – गुलरिया, सिराहा, राजविराज, धुलिखेल, बुटवल, रामग्राम, टिकापुर, त्रिभुननगर, दिपायल सिलगढी, विरेन्द्रनगर, कलैया र विरगंज ।<br>• वसपार्क – विराटनगर, भरतपुर, नेपालगंज, वुटवल, भद्रपुर, दमक र बुटवल ।<br>• विद्यालय भवन – व्यास, अमरगढी, गोरखा, रामग्राम, वालिङ्ग, त्रियुगा, गुलरिया, सिराहा, मलंगवा, भरतपुर, दिपायल सिलगढी, कमलामाई, ईटहरी, लेखनाथ, खाँदवारी, कपिलवस्तु, त्रिभुननगर, भिमदत्त र दशरथचन्द ।<br>• नगरपालिका भवन – मेचीनगर, नारायण, अमरगढी, कलैया, भद्रपुर, दमक, तानसेन, टीकापुर, लेखनाथ, अमरगढी, ईनरुवा, कलैया, पनौती, कपिलवस्तु, रत्ननगर, कमलामाई, त्रियुगा, धनगढी र त्रियुगा । |
| आयोजना/कार्यक्रमको कूल लागत | ७.१ मिलियन युरो |
| आ.ब. २०७४।७५ सम्मको प्रगति | कूल लगानी– रु. ६५ करोड ९७ लाख<br>अनुदान लगानी– रु. १९ करोड ५७ लाख<br>ऋण लगानी– रु. ४६ करोड ४० लाख<br>ऋण असुली– ९९.२३%<br>सम्पन्न आयोजना संख्या: २०४ वटा<br>चालु आयोजना संख्या: ३ वटा |



फोटो नं १ : नगर विकास कार्यक्रम दोस्रो चरण अन्तर्गत विरगंज उप-महानगरपालिका स्थित नगर विकास कोषको ऋण सहयोगमा निर्माणाधीन बसपार्क

### २.१.३ नगर विकास कार्यक्रम–तेस्रो चरण (Town Development Programme-III)

नगर विकास कार्यक्रम प्रथम चरण र दोस्रो चरणको सफल सञ्चालन र न.पा.हरुको लगानी आवश्यकता बमोजिम सामाजिक पूर्वाधार तथा आयमूलक आयोजनाहरु संचालन गर्न सन् २०१२ सम्ममा सम्पन्न गर्ने योजना सहित ७.५ मिलियन यूरो बराबरको अनुदान सहयोग कोषलाई प्रदान गर्ने गरी १० मार्च २०१० मा यस कार्यक्रमका लागि जर्मन सरकार र नेपाल सरकार बीच द्विपक्षीय सम्झौता भयो ।



फोटो नं २ : बिराटनगर उप-महानगरपालिका स्थित नगर विकास कोषको ऋण सहयोगमा हालै निर्माण सम्पन्न भइ २०७५ साल माघ १६ गते उद्घाटन भएको नवनिर्मित बसपार्क टर्मिनल भवन

#### लगानी विधि

यस कार्यक्रमका लागि “ऋण तथा अनुदान नीति-२००९” कार्यान्वयनमा ल्याएको छ। जस अनुसार कोषले उक्त अनुदानबाट २०% बराबर रकम न.पा.हरुको माग अनुसार आयोजनाहरुको अध्ययन तथा सुपरिवेक्षण र “ख” र “ग” वर्गमा परेका न.पा.हरुलाई केही तोकिएका आयोजनाहरुको लागि अनुदान प्रदान गर्ने र ८०% बराबर रकम “क” र “ख” वर्गका न.पा.लाई आयमूलयक आयोजनाका लागि ऋण र सामाजिक पूर्वाधार आयोजनाका लागि सरलऋण (ख वर्गलाई अनुदान थप समेत) तथा “ग” वर्गका न.पा.लाई आयमूलक आयोजनाका लागि ऋण तथा सामाजिक पूर्वाधार आयोजनाका लागि सरल ऋण (अनुदान समेत) प्रदान गर्ने प्रावधान रहेको छ ।

यस कार्यक्रम अन्तर्गत सामाजिक पूर्वाधार आयोजनाका लागि सरल ऋण ५.५ प्रतिशत ब्याजदर र आयमूलक आयोजनाका लागि ऋण ८ प्रतिशत ब्याजदर, ऋण र सरल ऋणको भुक्तानी अवधि दुई वर्षको सहुलियत अवधि सहित आयोजनाहरूको प्रकार तथा नगरपालिकाको वर्गीकरण अनुसार १६ वा २० वर्ष हुने प्रावधान रहेको छ ।

कोषले KfW को सहयोगमा न.पा.हरुलाई मात्र लगानी गर्दै आइरहेको भएतापनि TDP-III आयोजना कार्यान्वयनको क्रममा न.पा. घोषणा नभएका साना शहरहरुमा पनि लगानी गर्न सक्ने प्रावधान रहेको छ भने 'सार्वजनिक नीजि साझेदारी (PPP)' अन्तर्गतका विभिन्न आयोजनाहरुमा समेत लगानी गर्न सकिने प्रावधान रहेकोले शहरी क्षेत्रमा पूर्वाधार लगानीको दायरा फराकिला पारेको छ । यस कार्यक्रम अन्तर्गत हालसम्म न.पा.हरूको पूर्वाधार विकासमा रु. ५० करोड ९९ लाख लगानी प्रवाह भएको छ। यस कार्यक्रमलाई संक्षेपमा देहाय बमोजिम चित्रण गरिएको छ।

| आयोजना/कार्यक्रमको नाम | नगर विकास कार्यक्रम–तेस्रो चरण् (Town Development Programme- IIIPhase) |
|---|---|
| उद्देश्य | शहरी पूर्वाधारको विकासका लागि सामाजिक तथा आर्थिक पूर्वाधारका आयोजनाहरुको निर्माण, विकास तथा विस्तारमा ऋण तथा अनुदान परिचालन गर्ने तथा ऋण सहयोगमा संचालित आयोजनाहरुबाट फिर्ता भई आएको रकमबाट सिर्जना भएको चक्रीय कोष (Revolving Fund) पुनः परिचालन गरी नगरपालिकाहरुमा दिगो शहरी पूर्वाधारको विकास गर्ने। |
| सम्झौता मिति | १० मार्च २०१० |
| आयोजनाको अवधि | २०२० जुलाई सम्म थप गरिएको। |
| वित्तिय स्रोत | अनुदान – जर्मन विकास बैंक KFW |
| प्रमुख आयोजनाहरू | • व्यापापरिक भवन – धनगढी, धुलिखेल, पोखरा, व्यास, भिमेश्र र तानसेन।<br>• वसपार्क – तुलसीपुर, विरेन्द्रनगर, भिमदत्त, बाग्लुङ्ग, विरगंज, गौर र मेचीनगर।<br>• विद्यालय भवन – व्यास, अमरगढी, गोरखा, रामग्राम, वालिङ्ग, त्रियुगा, गुलरिया, सिराहा, मलंगवा, भरतपुर, दिपायल सिलगढी, कमलामाई, ईटहरी, लेखनाथ, खाँदवारी, कपिलवस्तु, त्रिभुननगर, भिमदत्त र दशरथचन्द।<br>• नगरपालिका भवन – नेपालगंज, पुतलीबजार–कार्यालय भवन पर्खाल<br>• इलाम – सिटी हल<br>• उँजीर सिंह स्कुल तथा ट्रेड सेन्टर) – वुटवल। |
| आयोजना /कार्यक्रमको कूल लागत | ७.५ मिलियन युरो |
| आ.ब. २०७४/७५ सम्मको प्रगति | कूल लगानी– रु. ५० करोड ९९ लाख<br>अनुदान लगानी– रु. ४ कराड २५ लाख<br>ऋण लगानी– रु. ४६ करोड ७४ लाख<br>ऋण असुली– ९९.२३%<br>सम्पन्न आयोजना संख्याः ४८ (ऋण र अनुदान गरी)<br>चालु आयोजना संख्याः ९ वटा |

कोषले आ.व. २०७४।७५ मा यस कार्यक्रमको दोस्रो र तेस्रो चरणका लागि रु. ५१ करोड २० लाख ६ हजार बरावरको लगानी गर्ने लक्ष्य लिएकोमा रु. १८ करोड ७६ लाख ७५ हजार लगानी भई लक्षको ३७ प्रतिशत प्रगति भएको छ।

यसरी कोषको स्थापना कालदेखि सहयोग पुर्‍याउँदै आएको दातृ संस्था के.एफ.डब्ल्यू. को अनुदान सहयोगमा माथि उल्लेखित नगर विकास कार्यक्रम दोस्रो र तेस्रो चरण कार्यान्वयनको अन्तिम चरणमा रहेको छ। हाल देशमा भैरहेको बढ्दो शहरीकरण तथा आमनगरवासीहरुका लागि शहरी पूर्वाधार एवं




फोटो नं. ३ : कोषको अनुदान सहयोगमा तयार गरिएको भरतपुर उप-महानगरपालिकाको प्रस्तावित व्यापारिक भवनको डिजाईन

सेवा सुविधा प्राप्ति तर्फको पहुँच बढाई व्यवस्थित शहरीकरणका लागि पूर्वाधार विकासमा ठूलो धनराशी लगानी गर्नुपर्ने वर्तमान परिस्थितिमा के.एफ.डब्ल्यू. मार्फत नगर विकास कार्यक्रमका लागि प्राप्त हुने सहयोगलाई निरन्तरता दिनेतर्फ नगर विकास कोष प्रयासरत रहेको छ।

## २.२ नगर विकास कार्यक्रम (आई.डि.ए./जि.टि.जेड./ यू.डि.एल.ई.):

कोषको स्थापना कालको शुरुको वर्षमा जर्मन विकास संस्था (GIZ) (१९८८–१९९७) तथा विश्व बैंकको IDA मार्फत (१९८९–१९९६) क्रमशः रु. १ करोड ३५ लाख रुपैयाँ तथा रु. १ करोड १४ लाख बराबरको वित्तिय सहयोग प्राप्त भएको थियो भने सोही अवधिमा विश्व बैंकसंग भएको सम्झौताको शर्त वमोजिम कोषलाई नेपाल सरकारबाट रु. १ करोड २९ लाख बराबरको ईक्विटी रकम प्राप्त भएको थियो। कोषले उक्त ईक्विटी रकम मार्फत प्राप्त अनुदानबाट अधिराज्यका नगरपालिकाहरुका विभिन्न आयोजनाहरुको लागि रु. ११,९६,२६,५३१/– रकम बराबर अनुदान र सरल ऋणको रुपमा प्रवाह गरेको थियो यस अन्तर्गतका कार्यक्रमलाई संक्षेपमा देहाय वमोजिम चित्रण गर्न सकिन्छ।

| आयोजना/कार्यक्रमको नाम | नगर विकास कार्यक्रम–जर्मन प्राविधिक सहयोग (जि.टि.जेड./ यू.डि.एल.ई.) |
|---|---|
| उद्देश्य | नगरपालिकाहरुमा पूर्वाधार निर्माण |
| आयोजनाको स्वीकृति | सन् १९८८ |
| आयोजनाको अवधि | सन् १९९७ जून |
| वित्तिय स्रोत | जर्मन प्राविधिक सहयोग (जि.टि.जेड./ यू.डि.एल.ई.) GTZ /UDLE |
| प्रमुख आयोजनाहरु | *वनेपा, भद्रपुर, भक्तपुर, भरतपुर, भिमदत्त, विदुर, विराटनगर, विरेन्द्रनगर, विरगंज, बुटवल, व्यास, दमक, धनगढी, धनकुटा, धरान, धुलिखेल, दिपायल सिलगढी, गौर, हेटौंटा, इलाम, इनरुवा, जलेश्वर, जनकपुर, कलैया, लाहान, मलंगवा, नेपालगंज, पोखरा, राजविराज, सिद्धार्थनगर, तानसेन, त्रिभुवननगर र तुलसीपुर ।* |
| आयोजनाको अवस्था | कूल लागत रु. ११ करोड ३२ लाख ३ हजार<br>ऋण लगानी रु.१ करोड ३५ लाख<br>अनुदान लगानी रु.९ करोड ९७ लाख<br>ऋण असुली– १०० प्रतिशत<br>सपन्न आयोजना संख्या: ३१९ |

| आयोजना/कार्यक्रमको नाम | नगर विकास कार्यक्रम–विश्व बैंक |
|---|---|
| उद्देश्य | नगरपालिकाहरुमा पूर्वाधार निर्माण |
| आयोजना सम्फौता | सन् १९८८ |
| आयोजनाको अवधि | सन् १९९६ जून |
| वित्तिय स्रोत | विश्व बैंक |
| प्रमुख आयोजनाहरु | *भद्रपुर, भरतपुर, भिमदत्त, विराटनगर, विरगंज, बुटवल, व्यास, दमक, धनगढी, धरान, धुलिखेल, हेटौंटा, जनकपुर, लाहान, ललितपुर, राजविराज, सिद्धार्थनगर र त्रिभुवननगर ।* |
| आयोजनाको अवस्था | कूल लागत रु. १४ करोड ०२ लाख (सरकारले इक्यूटी १ करोड ३० लाख समेत)<br>ऋण लगानी रु. १२ करोड ४१ लाख (सरकारले इक्यूटी १ करोड ३० लाख समेत ।<br>ऋण असुली– १०० प्रतिशत<br>सपन्न आयोजना संख्या: २८ |

## २.३ जिल्ला स्वास्थ्य आयोजना (District Health Project)

जनताको समग्र स्वास्थ्य स्थितिमा सुधार गर्ने उद्देश्यका साथ के.एफ.डब्लु. बाट विभिन्न जिल्ला अस्पताल तथा प्राथमिक स्वास्थ्य उपचार केन्द्रहरुको पुन:निर्माण तथा विस्तार गर्ने कार्यका लागि कोषलाई सन् २००३ मा यस जिल्ला स्वास्थ्य आयोजना अन्तर्गत करिव रु. २६ करोड (यूरो २,८६०,०००।– प्राप्त भएको थियो । कोषले विभिन्न नगरपालिकाहरुमा नगर विकास कार्यक्रम (Town Development Programme) मार्फत शहरी क्षेत्रको सामाजिक तथा आर्थिक पूर्वाधारको क्षेत्रको विकासमा हासिल गरेका अनुभवका आधारमा यस आयोजनामा कोषको संलग्नता हुन पुगेको थियो ।

कोषले यस आयोजनाको अवधिभर सन् २००३ देखि २००९ सम्म स्वास्थ्य विभागसँगको समन्वयमा विभिन्न जिल्लाका जिल्ला अस्पताल तथा प्राथमिक स्वास्थ्य उपचार केन्द्रहरुको पुन:निर्माण तथा विस्तार गर्ने कार्यक्रमका लागि रु. १५ करोड

७६ लाख अनुदान प्रवाह गरेको थियो । यसै आयोजना अन्तर्गत दोस्रो चरणमा प्रथम चरणका आयोजनाहरुमा नै केही थप कार्यहरु (Additional Works) गर्नका लागि के.एफ.डब्ल्यू.द्वारा कोषलाई रु. १ करोड ७० लाख अनुदान सहयोग प्राप्त भएको थियो । समग्रमा यस कार्यक्रमको प्रथम चरण र दोस्रो चरण अन्तर्गत कोषले रु. १६ करोड ४३ लाख अनुदान प्रवाह गरी कोषको एक प्रमुख उद्देश्य विभिन्न किसिमका आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजनाहरु संचालन गर्ने गराउने तर्फ महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । यस कार्यक्रम अन्तर्गत संचालित आयोजनाहरुः-

१. भेरी अञ्चल अस्पतालको पुनःनिर्माण तथा विस्तार ।

२. वर्दिया जिल्ला अस्पतालको पुनःनिर्माण तथा विस्तार ।

३. राजापुर प्राथमिक स्वास्थ्य सेवा केन्द्रको पुनःनिर्माण तथा विस्तार ।

४. सौरहवा प्राथमिक स्वास्थ्य सेवा केन्दको,पुनःनिर्माण तथा विस्तार ।

५. धादिङ्ग जिल्ला अस्पताको, पुनःनिर्माण तथा विस्तार धादिङ्ग ।

६. गजुरी प्राथमिक स्वास्थ्य सेवा केन्द्रको पुनःनिर्माण तथा विस्तार ।

यस कार्यक्रमलाई संक्षेपमा देहाय वमोजिम चित्रण गरिएको छ ।

| आयोजना/कार्यक्रमको नाम | जिल्ला स्वास्थ्य आयोजना -(DHP) |
|---|---|
| उद्देश्य | जिल्ला अस्पताल तथा प्राथमिक स्वास्थ्य उपचार केन्द्रहरुको पुनःनिर्माण तथा विस्तार । |
| सम्झौता मिति | २००३ |
| आयोजनाको अवधि | २००९ |
| वित्तिय स्रोत | जर्मन विकास बैंक KFW |
| आयोजना/कार्यक्रम संचालन भएको क्षेत्र | *नेपालगंज, बर्दिया, राजापुर, सौरहवा, धादिङ्ग र गजुरी । (अस्पताल पुनः निर्माण तथा विस्तार)* |
| आयोजना/कार्यक्रमको कूल लागत | कुल लागत – रु. २७ करोड ७० लाख (यूरो २,८६०,०००) |
| आयोजनाको अवस्था | कूल अनुदान लगानी– रु. १६ करोड ४३ लाख<br>स्वीकृत आयोजना ६<br>सम्पन्न आयोना ६ |



फोटो नं. ४ : GiZ/CDMun र नगर विकास कोषको प्राबिधिक सहयोगमा तयार पारिएको नेपालगंज उप महानगरपालिकाको प्रस्ताबित ब्यापारिक भवनको स्वरूप

## २.४ चक्रीय कोष कार्यक्रम:

### आयोजनाको अवधारणा

कोषको स्थापना कालदेखि सहयोग पुऱ्याउँदै आएको दातृ संस्था के.एफ.डब्ल्यू. को सहयोगमा संचालित नगर विकास कार्यक्रम प्रथम, दोस्रो तथा तेस्रो चरणका कार्यक्रमहरु अन्तर्गत संचालित आयोजनाहरुको ऋण लगानीबाट फिर्ता भई आएको रकमबाट स्थापित चक्रीय कोष (Revolving Fund) मा जम्मा हुन आएको रकमलाई नगरपालिकाहरुद्वारा प्रस्ताव गरिएका लगानी योग्य आयोजनाहरु (Bankable Projects) मा लगानी गर्न आ.व. २०७०।७१ देखि यो कार्यक्रम संचालनमा ल्याईएको हो । यस कार्यक्रमका लागि दातृ संस्था तथा नेपाल सरकार समेतको सहमतिमा स्वीकृत कोषको ऋण तथा अनुदान लगानी नीति र सो अनुरुप स्वीकृत निर्देशिका (TDF's Investment Reserve Guideline) बमोजिम कोषले चक्रिय कोषबाट ऋण लगानी गरेको छ ।

यस कार्यक्रमको प्रथम चरणमा एक नगरपालिका एक आयोजना अवधारणा अन्तर्गत तात्कालिन १९१ वटा नगरपालिकाहरुमा साठी लाख रुपैया सम्मका छोटो समयमा कार्यान्वयन गर्न सकिने, नगरपालिका वा उपभोक्ताबाट सञ्चालन गर्न सकिने र नगरपालिकाको ऋण वहन क्षमताले सजिलै खाम्न सक्ने तथा तत्काल परिणाम दिन सक्ने आयोजनाहरू (Quick Impact Generating Projects) मा विभिन्न ५६ वटा नगरपालिकाहरुमा ९३ वटा सामाजिक तथा आयमूलक पूर्वाधार तथा आयमूलक आयोजनाहरुमा नगर विकास कोषबाट रु. १५ करोड ९१ लाख ऋण र नेपाल सरकार मार्फत म्याचिङ्ग वापत २८ करोड ३२ लाख अनुदान उपलब्ध गराईएको थियो । पहिलो चरणका साना आयोजनाबाट पाठ सिक्दै यस कार्यक्रमको दोस्रो चरण अन्तर्गत ठूला शहरी पूर्वाधारका आयोजनाहरुमा दिर्घकालिन ऋण लगानी गर्ने उद्देश्यले आयोजनाहरुको विकास तथा सम्भाव्यता अध्ययन भैरहेको अवस्था छ ।

### कार्यक्रमको उद्देश्य:

नगर विकास कार्यक्रम अन्तरगत ऋण लगानी भै फीर्ता भएको रकमबाट स्थापित चक्रीय कोषलाई पुनःपरिचालन गरी शहरी पूर्वाधारको विकासमा लगानी परिचालन गर्ने ।

### लगानीका क्षेत्रहरु:

१. सामाजिक–वातावरणीय पूर्वाधार (Socio-Enviornmental Infrastructures)–ढल, सार्वजनिक शौचालय, slum area improvement आदि ।
२. आधारभूत पूर्वाधार तथा सेवा सुविधा (Basic & Utility Infrastructures)- खानेपानी तथा सरसफाई आयोजना, शहरी सडक, पुल, सार्वजनिक/नगरपालिका भवन आदि ।



*फोटो नं. ५ : नगर विकास कोषको चक्रिय कोष अन्तर्गत ऋण तथा अनुदान सहयोमा निर्मित कोशी हरैचा नगरपालिका स्थित कालो पत्रे सडक खण्ड*

३. आर्थिक पूर्वाधार (Economic Infrastructure)- वसपार्क, व्यापारिक भवन, बहुउद्देश्यीय भवन, पर्यकटीय क्षेत्र विकास, मनोरन्जन पार्क आदि ।

## लगानी विधि

यस कार्यक्रम अन्तर्गत संचालन हुने शहरी पूर्वाधारका आयोजनाहरुको निर्माण तथा संचालनार्थ प्रवाह हुने अनुदान तथा ऋणका लागि दातृ संस्था तथा नेपाल सरकार समेतको सहमतिमा स्वीकृत TDP Investment Guideline - 2015 वमोजिम चक्रिय कोष मार्फत आयोजनाको कूल लागतको ४०% ऋण, नेपाल सरकार मार्फत ५०% अनुदान र नगरपालिकाले १०% व्यहोर्ने गरी ऋणको सहुलियत अवधि (२ वर्षदेखि ५ वर्षसम्म) सहित बढीमा २० वर्ष र ८% व्याजदरमा लगानी गरिएको छ ।

## अपेक्षित उपलब्धी

यस कार्यक्रमको कार्यान्वयनबाट देहाय वमोजिमको उपलब्धी हुने अपेक्षा गरिएको छः

क. नगरपालिकाहरुलाई नगर विकास कोषको ऋण तथा अनुदान नीतिका सम्बन्धमा जानकारी गराउने ।
ख. नगरपालिकाहरुलाई आयोजनाको तयारीका लागि प्राविधिक सहयोग प्राप्ति ।
ग. नगर क्षेत्रका सुदायहरुलाई पूर्वाधारका आयोजनाहरुको निर्माणमा संलग्न गराईएकाले आयोजनामा अपनत्व सिर्जना हुने ।
घ. सहभागी नगरपालिकाहरुको संस्थागत क्षमता तथा निर्णय गर्ने क्षमतामा अभिबृद्धि भएको हुने ।
ङ. सहभागी नगरपालिकाहरुलाई दिर्घकालिन ऋण वहन क्षमता अभिबृद्धिका मा मद्दत पुगेको हुने ।

यस कार्यक्रमलाई संक्षेपमा देहाय वमोजिम चित्रण गरिएको छ ।

| आयोजना/कार्यक्रमको नाम | चक्रीय कोष अन्तर्गतको नगर विकास कार्यक्रम |
|---|---|
| उद्देश्य | शहरी पूर्वाधारको विकासका लागि सामाजिक तथा आर्थिक पूर्वाधारका आयोजनाहरुको निर्माण, विकास तथा विस्तारमा ऋण तथा अनुदान परिचालन गर्ने तथा ऋण सहयोगमा संचालित आयोजनाहरुबाट फिर्ता भई आएको रकमबाट सिर्जना भएको चक्रीय कोष (Revolving Fund) पुनः परिचालन गरी नगरपालिकाहरुमा दिगो शहरी पूर्वाधारको विकास गर्ने । |
| वित्तिय स्रोत | Equity - चक्रिय कोष, नगर विकास कोष । |
| प्रमुख आयोजनाहरू | • व्यापापरिक भवन – अपी, विरगंज, लालबन्दी, भिमदत्त, राजविराज, सिद्धार्थनगर, र टिकापुर ।<br>• सडक कालोपत्रे– ईटहरी, भरतपुर, भिमदत्त, दमक, विराटनगर, उर्लावारी, वाणगंगा, भद्रपुर, कोशीहरैचा, व्यास, शिवराज, रामधुनी भासी, तुलसीपुर, शुक्लगडकी, लालवन्दी र सुन्दरहरैचा ।<br>• सोलार सडक बत्ती– व्यास, धरान र निजगढ हेटौडा ।<br>५३ वटा नगरपालिकाहरुमा ९३ वटा सामाजिक तथा आर्थिक पूर्वाधारका आयोजनाहरु सम्पन्न भएका छन् । |
| आ.ब. २०७४।७५ सम्मको प्रगति | कूल लगानी– रु. ४४ करोड २३ लाख<br>अनुदान लगानी– रु. २८ कराड ३२ लाख<br>ऋण लगानी– रु. १५ करोड ९१ लाख<br>ऋण असुली– ९९.४७%<br>सम्पन्न आयोजना संख्याः ९३ वटा |

कोषले आ.व. २०७४।७५ मा यस कार्यक्रमका लागि रु. ३७ करोड २० लाख बरावरको लगानी गर्ने लक्ष्य लिएकोमा रु. ७ करोड ६ लाख लगानी भई लक्ष्यको १९ प्रतिशत प्रगति भएको छ ।



## २.५ साना शहरी खानेपानी तथा सरसफाइ क्षेत्र आयोजना

**(Small Town Water Supply and Sanitation Sector Project -STWSSSP)**

### आयोजनाको अवधारणा

नेपालमा द्रुत गतिले बृद्धि भैरहेको शहरीकरणसंगै जिल्ला सदरमुकाम, राजमार्गहरु र सहायक राजमार्गहरुका संगम स्थलहरुमा बढ्दो जनसंख्या बृद्धिले गर्दा त्यहाँ अवस्थित बजार क्षेत्रहरु सानानगर/शहरहरुका रुपमा विकसित हुँदै गएको तथ्यलाई मध्यनजर गरी नेपाल सरकारकाले राष्ट्रिय शहरी नीतिका आधारमा अद्यावधिक पन्ध्र वर्षीय विकास योजना (सन् २०००–२०१५) बाट पहिचान भएका कूल २६५ वटा साना शहरहरुमा साना शहरी खानेपानी तथा सरसफाई आयोजनाको माध्यमबाट गुणस्तरीय खानेपानी तथा सरसफाईको सुविधा सेवा सुविधा विस्तार गर्ने लक्ष्य राखेको छ ।

यस योजना अन्तर्गत प्रथम चरणमा नेपाल सरकारबाट एशियाली विकास बैंकको ऋण सहयोगमा २९ वटा साना शहरहरुमा साना शहरी खानेपानी तथा सरससफाई आयोजना–संचालन भई तत्कालिन अवस्थामा ५ लाख भन्दा बढी जनता खानेपानी तथा सरसफाईको सेवा सुविधाको विकासबाट लाभान्वित हुन पुगेका छन् । यसको सफल कार्यान्वन पश्चात एशियाली विकास बैंकको अनुदान सहयोगमा दोस्रो चरणमा २१ वटा साना शहरहरुमा आयोजना सन् २००९ देखि सन् २०१७ सम्म संचालनमा आएका थिए भने यसै योजनाको तेस्रो चरण अन्तर्गत एशियाली विकास बैंकको ऋण सहयोगमा करीब २६ वटा साना शहरहरुमा तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना सन् २०१४ देखि २०१९ सम्म सम्पन्न गर्ने लक्ष्यका साथ कार्यान्वयनमा आएको छ । त्यसै गरी सन् २०१८ देखि सन् २०२४ सम्म शहरी खानेपानी तथा सरसफाई आयोजना संचालनार्थ नेपाल सरकार र एशियाली विकास बैंक बीच २६ सेप्टेम्बर २०१८ मा सम्झौता सम्पन्न भएको छ भने यस कार्यक्रम अन्तर्गत नगर विकास कोषबाट १० मिलियन अमेरिकी डलर हुने ऋण प्रवाह हुने छ ।

सन् २००० सम्म नगरपालिकामा मात्र आफ्ना कार्यक्रमहरु संचालन गर्दै आएकोमा यस साना शहरी खानेपानी तथा सरसफाई आयोजना मार्फत साना शहरहरुमा समेत आफ्नो लगानी विस्तार गरी ऋण परिचालन गर्दै आएको छ ।

### आयोजनाको उद्देश्य

१. आयोजना क्षेत्रमा स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाईको सेवा सुविधा विस्तार गरी उपभोक्ताहरुको जीवनस्तरमा सुधार ल्याउने ।

२. दिगो तथा समावेशी खानेपानी तथा सरसफाई सेवा प्रदान गर्ने ।

३. खानेपानीको सेवा विकास, विस्तार र सुधारका लागि शासकीय दक्षताका अभिबृद्धि गराउने ।

४. खानेपानी पानीको पहुँच नभएका क्षेत्रहरूमा सुलभ सेवा पुऱ्याउने ।

## साना शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत संचालित कार्यक्रमहरु देहाय बमोजिम रहेका छन्:

### २.५.१ साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना-प्रथम (STWSSSP-I)


साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना-प्रथम (STWSSSP-I) का लागि २९ वटा साना शहरहरुमा साना शहरी खानेपानी तथा सरससफाई आयोजना संचालन गर्न एशियाली विकास बैंकबाट नेपाल सरकारलाई सन् २००० मा ३५ मिलियन डलर ऋण सहयोग प्राप्त भएको थियो । उक्त ऋण सहयोग मध्ये कोष मार्फत खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरुलाई सम्बन्धित स्थानीय तहको जमानतमा खानेपानी आपूर्ति निर्माणका लागि ऋण प्रवाह गर्नका लागि कूल १ करोड २० लाख अमेरिकी डलर ऋण स्वरुप प्राप्त भएको थियो ।

#### लगानी विधि

यस कार्यक्रम अन्तर्गत छनौट भएका साना शहरहरुमा खानेपानी आयोजनाको कूल लागतको ५० प्रतिशत नेपाल सरकारको अनुदान, ३० प्रतिशत नगर विकास कोषबाट ऋण (३ वर्षको सहुलियत अवधि सहित जम्मा १२ देखि १५ वर्षका लागि ७ प्रतिशत ब्याज दरमा) तथा ५ प्रतिशत उपभोक्ता संस्थाले अग्रिमरुपमा जम्मा गर्नुपर्ने र १५ प्रतिशत श्रम वा सामाग्री हुने प्रावधान रहेको थियो ।

#### आयोजनाको अवस्था

यस आयोजनाको अवधिभर सन् २००९ सम्म २९ वटा साना शहरहरुमा खानेपानी तथा सरसफाई आयोजना संचालनार्थ एशियाली विकास बैंकबाट ३२.१ मिलियन डलर, नेपाल सरकारबाट १२ मिलियन डलर र उपभोक्ता संस्थाबाट ६.९ मिलियन डलर लगानी भई करीब ५ लाख ९३ हजार जनताले खानेपानी तथा सरसफाईको सुविधा प्राप्त गर्ने अवसर पाएका छन् । यस आयोजनाबाट उपभोक्तासंगको सहलगानी पद्धति तथा आयोजना संचालनमा उपभोक्ता संस्था/स्थानीय तहको सहभागिताको साथसाथै लगानी असुलीको अवधारणाको शुरुवात भयो । यस कार्यक्रम अन्तर्गत कोषबाट सम्बन्धित




*नक्शा २ : साना शाहरी खानेपानी तथा सरसफाई आयोजना, प्रथम, दोस्रो र तेस्रो चरण, अन्तर्गत गरी जम्मा ७० वटा साना शहरहरुमा नगर विकास कोषको लगानीमा निर्मित खानेपानीका पुर्वाधारहरु*

खानेपानी उपभोक्ता संस्थाहरुमा गरिएको रु. ८१ करोड ६९ लाख ऋण प्रवाह मध्ये ४८ प्रतिशत साँवा असुली भै कोषमा जम्मा भैसकेको छ । नेपाल सरकारले कोषलाई यस साना शहरी खानेपानी तथा सरसफाई आयोजना प्रथम चरण अन्तर्गत उपलब्ध गराएको ऋण तथा व्याज रकमलाई मिति २०६८।७।१७ मा कोषको इक्विटीमा परिणत गरेको छ ।

यस कार्यक्रमलाई संक्षेपमा देहाय वमोजिम चित्रण गरिएको छ ।

| आयोजना/कार्यक्रमको नाम | साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना-प्रथम (STWSSSP-I) |
|---|---|
| उद्देश्य | आयोजना क्षेत्रमा स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाईको सेवा सुविधा विस्तार गरी उपभोक्ताहरुको जीवनस्तरमा सुधार ल्याउने । |
| सम्झौता मिति | १८ मार्च २००० |
| आयोजनाको अवधि | २००९ डिसेम्वर |
| वित्तिय स्रोत | ADB Asian Development Bank ऋण – एशियाली विकास बैंक |
| प्रमुख खानेपानी तथा सरसफाई आयोजनाहरु | *खानेपानी आपूर्तिका निर्माण आयोजना –*<br>*फिकल, बुधवारे, विर्तामोड, सुरुङ्गा, वेलवारी, ईटहरी, त्रियुगा, सिद्धेश्वर कमलामाई, वर्दीवास, पृथ्वीनारायण, बन्दीपुर, खैरेनीटार, लेखनाथ, शिवालय कुश्मा, बेनी, वालिङ्ग, रत्ननगर, पर्सा, कावासोती, वर्दघाट, सुनवल, घोराही, तुलसीपुर, विजुवार, लम्कीचुहा, अत्तरिया कोहलपुर, विरेन्द्रनगर र महेन्द्रनगर ।* |
| आयोजना/कार्यक्रमको कूल लागत | कुल लागत ३ करोड २१ लाख अमेरिकी डलर<br>कोष मार्फत करिब रु. ८८ करोड (यू.स. डलर १ करोड २० लाख) |
| आ.ब. २०७४।७५ सम्मको प्रगति | कूल ऋण लगानी– रु.८१ करोड ६९ लाख<br>सम्पन्न आयोजना संख्या: २९ वटा<br>*ऋण असुली* ९२.०३ प्रतिशत |



*फोटो नं. ६: साना शहरी खानेपानी तथा सरसफाई आयोजना प्रथम चरण अन्तर्गत निर्माण भएको तुलसीपुरको ओभरहेड पानी ट्याङ्की*

### २.५.२ दोस्रो साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना (STWSSSP-II)

एशियाली विकास बैंकले साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना-प्रथम (STWSSSP-I) को कार्यक्रमलाई सफल कार्यक्रमको रुपमा मूल्यांकन गर्दै सन् २००९ मा २१ वटा साना शहरहरुमा साना शहरी खानेपानी तथा सरससफाई आयोजना संचालनका लागि दोस्रो चरणको खानेपानी तथा सरसफाई आयोजनाका लागि ४५.१ मिलियन डलर बराबरको अनुदान सहयोग उपलब्ध गराएको थियो । उक्त अनुदान सहयोग मध्ये खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरुलाई सम्बन्धित स्थानीय निकायको जमानतमा खानेपानी आपूर्ति निर्माणका लागि कोष मार्फत ऋण प्रवाह गर्न कूल १ करोड ७० लाख अमेरिकी डलर कोषलाई प्राप्त भएको थियो ।

#### लगानी विधि

यस कार्यक्रम अन्तर्गत छनौट भएका साना शहरहरुमा खानेपानी आयोजनाको कूल लागतको ५० प्रतिशत नेपाल सरकारको अनुदान, ३५ देखि ४५ प्रतिशत नगर विकास कोषबाट ऋण (५ वर्षको सहुलियत अवधि सहित जम्मा २५ वर्षका लागि ५ प्रतिशत ब्याज दरमा) तथा ५ देखि १५ प्रतिशत उपभोक्ता संस्थाले अग्रिमरुपमा जम्मा गर्नुपर्ने प्रावधान रहेको थियो ।

#### आयोजनाको कार्यान्वयनको अवस्था

यस आयोजनाको अवधिभर सन् २०१६ सम्म २१ वटा साना शहरहरुमा खानेपानी तथा सरसफाई आयोजना संचालनार्थ एशियाली विकास बैंकबाट ४५.१ मिलियन यु.एस.डलर लगानी भएको छ । जसबाट करीब ३ लाख ३५ हजार उपभोक्ता खानेपानी तथा सरसफाईको सुविधाबाट लाभान्वित भएका छन । यस आयोजनामा पनि उपभोक्तासँगको सहलगानी पद्धति तथा आयोजना संचालनमा उपभोक्ता संस्था/स्थानीय तहको सहभागिताको साथै लगानी असुलीको अवधारणाले निरन्तरता पाएसंगै आयोजनाको दिगो संचालन तथा व्यवस्थापन सम्भव भयो । यस कार्यक्रम अन्तर्गत कोषबाट सम्बन्धित खानेपानी उपभोक्ता संस्थाहरुमा रु. १ अर्व ९८ करोड २९ लाख ऋण लगानी भएको छ। नेपाल सरकारले कोषलाई यस साना शहरी खानेपानी तथा सरसफाई आयोजना दोस्रो चरण अन्तर्गत उपलब्ध गराएको ऋण मध्ये रु. १ अर्व ५० करोड कोषको इक्विटीमा परिणत गरेको छ ।

यस कार्यक्रमलाई संक्षेपमा देहाय वमोजिम चित्रण गरिएको छ ।

| आयोजना/कार्यक्रमको नाम | दोस्रो साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना (STWSSSP-II) |
|---|---|
| उद्देश्य | आयोजना क्षेत्रमा स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाईको सेवा सुविधा विस्तार गरी उपभोक्ताहरुको जीवनस्तरमा सुधार ल्याउने । |
| सम्झौता मिति | २७ नोभेम्वर २००९ |
| आयोजनाको अवधि | २०१६ डिसेम्वर |
| वित्तिय स्रोत | ऋण – एशियाली विकास बैंक |
| प्रमुख खानेपानी तथा सरसफाई आयोजनाहरु | *खानेपानी आपूर्ति निर्माण आयोजना –*<br>*फिदिम, ककरभिट्टा, दमक, लेटाङ्ग, ईन्द्रपुर, धनकुटा, खाँदवारी, दुहवी, मेघौली चितवन, ब्यास, बाग्लुङ्ग, मुकुन्दपुर, करहैया मकहर, रामपुर, सन्धीखर्क, लमही सुख्खड, नारायण, शिवनगर, दशरथचन्द र भासी ।* |
| आयोजना/कार्यक्रमको कूल लागत | कुल लागत ४ करोड ५१ लाख अमेरिकी डलर<br>कोष मार्फत करिब रु. १ करोड ७० लाख अमेरिकी डलर |
| आयोजनाको अवस्था | कूल ऋण लगानी– रु. १ अरव ९८ करोड २९ लाख<br>कूल स्वीकृत आयोजना संख्या: २१ वटा<br>सम्पन्न आयोजना संख्या: २१ वटा<br>*ऋण असुली: ९०.६४ प्रतिशत* |

कोषले आ.व. २०७४।७५ मा यस कार्यक्रमको दोस्रो चरणका लागि रु. १२ करोड ४४ लाख ८ हजार बरावरको लगानी गर्ने लक्ष्य लिएकोमा रु. १० करोड ७० लाख ६३ हजार लगानी भई लक्ष्यको ८६ प्रतिशत प्रगति भएको छ ।



फोटो नं. ७ : नगर विकास कोषको ऋण सहयोगमा निर्मित रामपुर साना शहरी खानेपानी तथा सरसफाई आयोजनाको पानी ट्याकी सहितको पानी प्रशोधन उपकरण (रामपुर, पाल्पा) ।

### २.५.३ तेस्रो साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना (STWSSSP-III )

साना शहरी खानेपानी तथा सहसफाई क्षेत्र आयोजना (दोस्रो) (STWSSSP-II )–चरण संचालन हुँदै गर्दा नेपाल सरकारको राष्ट्रिय शहरी नीतिका आधारमा अद्यावधिक पन्ध्र वर्षीय विकास योजना (सन् २०००–२०१५) बाट पहिचान भएका कूल २६५ वटा साना शहरहरुमा साना सहरी खानेपानी तथा सरसफाई आयोजनाको माध्यमबाट गुणस्तरीय खानेपानी तथा सरसफाईको सुविधा सेवा सुविधा विस्तार गर्ने लक्ष्यलाइ आत्मसाथ गर्दै नेपाल सरकारले एशियाली विकास बैंककबाट करीब २६ वटा साना शहरहरुमा तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना संचालनका लागि २५ नोभम्वर २०१४ मा सम्फौता एसियाली विकास बैंक र नेपाल सरकार बीच सम्पन्न भएको सम्फौता बमोजिम उक्त ऋण सहयोग मध्ये कोष मार्फत खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरुलाई सम्बन्धित स्थानीय निकायको जमानतमा खानेपानी आपूर्ति निर्माणमा ऋण प्रावह गर्नका लागि कूल १ करोड ८० लाख अमेरिकी डलर बराबर ऋण स्वरुप प्राप्त हुने छ ।

#### लगानी विधि

यस कार्यक्रम अन्तर्गत छनौट भएका साना शहरहरुमा खानेपानी आयोजनाको कूल लागतको ७० प्रतिशत नेपाल सरकारको अनुदान, २५ नगर विकास कोषबाट ऋण (५ वर्षको सहुलियत अवधि सहित जम्मा २५ वर्षका लागि ५ प्रतिशत ब्याज दरमा) तथा ५ प्रतिशत उपभोक्ता संस्थाले अग्रिमरुपमा जम्मा गर्नु पर्ने प्रावधान रहेको छ ।

#### आयोजनाको अवस्था :

आयोजनाको अवधि सन् २०१९ सम्म २१ वटा साना शहरहरुमा संचालन हुने खानेपानी तथा सरसफाई आयोजना बाट करीब ३ लाख ९० हजार साना सहरी जनसंख्या खानेपानी तथा सरसफाईको सुविधाबाट लाभान्वित हुने अनुमान गरिएको छ । यसका साथै यस आयोजना अन्तर्गत प्रथम चरणमा सम्पन्न भएका नगर आयोजनाहरुको सुधारका लागि पनि आवश्यक

व्यवस्था गरी आयोजनाको क्षमता अभिबृद्धि भई दिगो सेवा प्रवाह गर्न साना शहरहरु सक्षम हुने अपेक्षा गरिएको छ । यस आयोजनामा पनि उपभोक्तासंगको सहलगानी पद्धति तथा आयोजना संचालनमा उपभोक्ता संस्था/स्थानीय तहको सहभागिताको साथसाथै लगानी असुलीको अवधारणालाई निरन्तरता दिईएको छ ।

यस कार्यक्रम अन्तर्गत आ.व. २०७४।७५ सम्म विभिन्न २० वटा साना शहरहरुमा कोषबाट कूल रु. १ अर्ब ४४ करोडका खानेपानी निर्माणका आयोजनाहरु स्वीकृत भई रु. १ अर्ब १ करोड ऋण प्रवाह भैसेकोछ । यस आयोजना अन्तर्गत आयोजनाबाट दिगो सेवा प्रवाहका लागि आयोजनाको मर्मत सम्भार, संचालन कर्मचारी व्यवस्थापन, पानी महशुल संकलन लगायतका आयोजना व्यवस्थापनका लागि उपभोक्ता संस्थासंग अयोजना व्यवस्थापन सम्झौता (Management Agreement) को व्यवस्था गरिएको छ भने कोषबाट हुने ऋण लगानीको असुलीको सुरक्षणका लागि कोष र उपभोक्ता संस्था बीच हुने ऋण सम्झौतामा कोष तथा उपभोक्ता संस्थाको नाममा Escrow Account खोली संस्थाको वित्तीय अनुशासन कायम राख्न दैनिक कार्य संचालन तथा मर्मत संभार खर्च उपलब्ध गराई वचत रकमवाट कोषको साँवा तथा ब्याज तिर्ने व्यवस्थाका लागि उपभोक्ता संस्थाले बैकमा खाता संचालन गर्ने व्यवस्था गरिएको छ ।

यस कार्यक्रमलाई संक्षेपमा देहाय वमोजिम चित्रण गरिएको छ ।

| आयोजना/कार्यक्रमको नाम | तेस्रो साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना (STWSSSP-III) |
|---|---|
| उद्देश्य | आयोजना क्षेत्रमा स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाईको सेवा सुविधा विस्तार गरी उपभोक्ताहरुको जीवनस्रमा सुधार ल्याउने । |
| सम्झौता मिति | २५ मार्च २०१४ |
| आयोजनाको अवधि | २०१९ डिसेम्वर |
| वित्तिय स्रोत | ADB Asian Development Bank ऋण – एशियाली विकास बैंक |
| आयोजना/कार्यक्रम संचालन भएका साना शहरहरू | *खानेपानी आपूर्ति निर्माण आयोजना –*<br>*चारआली, महेन्द्रनगर चक्रघट्टी, सखुवा महेन्द्रनगर, मिरचैया, कटारी, लालबन्दी, कथरिया रौतहट, विदुर, विरेन्द्रनगर चितवन, आबुखैरनी, छापनाहाला डुम्रे, नर्मल पोखरी, तमसरिया, चन्द्रौटा, शितलपाटी खलंगा, मुसीकोट खलंगा, टीकापुर, बाबीयाचौर र सुडा कंचनपुर ।* |
| आयोजना/कार्यक्रमको कूल लागत | कुल लागत ११० मिलियन अमेरिकी डलर<br>कोष मार्फत करिब रु. १ करोड ८० लाख अमेरिकी डलर |
| आ.ब. २०७४।७५ सम्मको प्रगति | कुल स्वीकृत रकम: रु. १ अर्ब ४४ करोड<br>कूल लगानी– रु. १ अर्ब १ करोड<br>कूल स्वीकृत आयोजना संख्या: २० वटा<br>सम्पन्न आयोजना संख्या: ६ वटा<br>*ऋण असुली: सहुलियत अवधिमा रहेको* |

कोषले आ.व. २०७४।७५ मा यस कार्यक्रमको तेस्रो चरणका लागि रु. ८६ करोड बरावरको लगानी गर्ने लक्ष्य लिएकोमा रु. ३९ करोड लगानी भई लक्ष्यको ४५ प्रतिशत प्रगति भएको छ ।

## साना शहरी खानेपानी तथा सरसफाई आयोजनाका महत्वपूर्ण उपलब्धीहरु:

१. स्वच्छ र शुलभ खानेपानी र सरसफाई पूर्वाधारमा करीव १३.४० लाख शहरी क्षेत्रका उपभोक्ताहरुको पहुँच सुनिश्चित भएको ।

२. खानेपानी जस्तो पूर्वाधारको क्षेत्रमा लागत असुलीको अवधारणा मार्फत उपभोक्ता समेतको लगानीमा आयोजना निर्माण भएको कारण आयोजनामा अपनत्व देखिएको ।

३. स्थानीयस्तरमा खासगरी महिलाहरुमा नेतृत्व क्षमताको गुणात्मकरुपमा विकास भएको ।

४. प्रतिस्पर्धात्मक प्रणालीबाट उपभोक्ताहरुको मागको आधारमा आयोजना छनौट विधि अवलम्वन गर्न सफल भएको ।

५. राष्ट्रिय खानेपानी मापदण्ड अनुरुपको खानेपानी सेवा प्रवाह गर्न आयोजना सफल भएको ।

६. नवीनतम तथा वैज्ञानिक प्रविधिको प्रयोगका साथै विलिङ्ग तथा लेखा प्रणालीलाई सूचना प्रविधिमा आधारित भएकोले सेवा प्रवाहमा चुस्तता र प्रभावकारीता बढेको ।

७. विकास साझेदारहरुको गुणात्मक सभागिताबाट आयोजनाको संचालन दिगो हुन पुगेको ।

८. आयोजनाले करीव १२०० व्यक्तिहरुलाई रोजगारी प्रदान गरेको ।

९. सेवा प्रवाह क्षेत्रका उपभोक्ताहरूको जीवन स्तर वृद्धि भएको

| क.सं. | आयोजना | आयोजना संख्या | सुरु मिति | अन्तिम मिति | जम्मा आयोजना लागत | वित्तिय विधि (%) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | नेपाल सरकार | TDF ऋण | उपभोक्ता संस्था | |
| १ | STWSSSP-I | २९ | २००० | २००८ | ५१ मिलियन डलर | ५० | ३० | २० | सम्पन्न |
| २ | STWSSSP-I (Rehab.) | २४ | २०१५ | २०१८ | १३ मिलियन डलर | ७० | २५ | ५ | चालू |
| ३ | STWSSSP-II | २१ | २००९ | २०१७ | ७१.७० मिलियन डलर | ५० | ३५-४५ | ५-१५ | चालू |
| ४ | STWSSSP-III | २० | २०१४ | २०२० | ११० मिलियन डलर | ७० | २५ | ५ | चालू |
| ५ | Co-Finance | | बहुवर्षिय | | | ७० | २५ | ५ | चालू |
| ६ | UWSSSP | २० | २०१८ | २०२३ | १७८.५ मिलियन डलर | ७० | २५ | ५ | चालू |



फोटो नं. ८ : नगर विकास कोषको ऋण सहयोगमा साना शहरी खानेपानी तथा सरसफाई आयोजना तेस्रो चरण अन्तर्गत विरेन्द्रनगर चितवनमा निर्मित विरेन्द्र साना शहरी खानेपानी तथा सरसफाई आयोजनाको मुख्य संरचनाहरू

### २.५.४ प्रथम चरणका साना शहरी खानेपानी तथा सरसफाई आयोजना (स्तरोन्नती) कार्यक्रम :

प्रथम चरणका साना शहरी खानेपानी तथा सरसफाई आयोजनाहरु निर्माण सम्पन्न भैसकेपछि ती आयोजनाहरुमा देखिएका प्राविधिक तथा संस्थागत समस्याहरुको समाधानका लागि एशियाली विकास बैंक अध्ययनको आधारमा करिब रु. ६८ करोडको थप लगानी गर्नुपर्ने देखिएको थियो । उल्लिखित अध्ययन अनुसार तथा उपभोक्ता संस्थाहरुको माग र वर्तमानको आवश्यकताको आधारमा थप विस्तृत अध्ययन समेत गरी आयोजनाहरुमा देखिएका प्राविधिक तथा संस्थागत समस्याहरु सम्बोधन गर्न तथा आयोजनाको स्तरोन्नतीका लागि कुल लागतमा कोषको आफ्नै ईक्विटीबाट २५ प्रतिशत ऋण स्वरुप लगानी हुने व्यवस्था गरिएको छ । यस आयोजना अन्तर्गत प्रथम चरणका २९ वटा साना शहरी खानेपानी आयोजनाहरु मध्ये २४ वटा आयोजनाहरुमा सुधार विस्तारको कार्य अन्तिम चरणमा पुगेकोछ ।

#### लगानी विधि

यस कार्यक्रम अन्तर्गत छनौट भएका साना शहरहरुमा खानेपानी आयोजनाको कूल लागतको ७० प्रतिशत नेपाल सरकारको अनुदान, २५ प्रतिशत नगर विकास कोषको इक्वीटी बाट ऋण (५ वर्षको सहुलियत अवधि सहित जम्मा २५ वर्षका लागि ५ प्रतिशत ब्याज दरमा) तथा ५ प्रतिशत उपभोक्ता संस्थाले अग्रिमरुपमा जम्मा गर्नुपर्ने प्रावधान रहेको छ ।

#### उपलब्धी:

प्रथम चरणका आयोजनाहरु सम्पूर्ण विकास साझेदारहरुका लागि पनि सिकाईकै रुपमा रहेकाले आयोजनाको डिजाईन देखि निर्माणसम्म देखिएका कमजोरीहरुलाई समाधान गर्दै प्रायः जसो आयोजनाहरुलाई नेपाल सरकारको खानेपानी स्तर अनुरुपको आयोजनाहरु बनाउन यो कार्यक्रम फलदायी रह्यो । त्यति मात्रै नभएर प्राविधिक तथा व्यवस्थापकीय क्षमताको कमीले प्रतिफल नदिईरहेका आयोजनाहरु सुचारु भई कोषको ऋण असुलीमा उल्लेख्य सुधार हुन पुग्यो । उपभोक्तामा पर्याप्त मात्रामा खानेपानीको सेवा प्रवाह भई आयोजनाको प्रभाव अनुभुति गर्ने अवस्था सृजना भयो । उपभोक्ताहरुलाई गुणस्तरयुक्त पानीको वितरण गर्न यो कार्यक्रम सहायक बन्यो ।

| आयोजना/कार्यक्रमको नाम | प्रथम चरणका साना शहरी खानेपानी तथा सरसफाई आयोजनाहरुको स्तरोन्नती कार्यक्रम |
|---|---|
| उद्देश्य | आयोजना क्षेत्रमा स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाईको सेवा सुविधा विस्तार गरी उपभोक्ताहरुको जीवनस्तरमा सुधार ल्याउने । |
| सम्झौता मिति | २५ मार्च २०१४ |
| आयोजनाको अवधि | २०१९ डिसेम्बर |
| वित्तिय स्रोत | ADB Asian Development Bank ऋण – एशियाली विकास बैंक |
| आयोजना/कार्यक्रम संचालन भएका साना शहरहरू | *खानेपानी आपूर्ति निर्माण आयोजना स्तरोन्नती–*<br>*फिकल, बुधवारे, विर्तामोड, सुरुङ्गा, वेलवारी, त्रियुगा, सिद्धेश्वर कमलामाई, वर्दीवास, खैरेनीटार, लेखनाथ, शिवालय कुश्मा, बेनी, रत्ननगर, पर्सा, कावासोती, वर्दघाट, घोराही, विजुवार, लम्कीचुहा, अत्तरिया, विरेन्द्रनगर, महेन्द्रनगर, कोहलपुर र ईटहरी ।* |
| आयोजना/कार्यक्रमको कूल लागत | स्तरोन्तीका लागि आयोजना निर्माणको कूल लागतको ७० प्रतिशत नेपाल सरकारको अनुदान, २५ प्रतिशत नगर विकास कोषको ईक्विटीबाट ऋण (५ वर्षको सहुलियत अवधि सहित जम्मा २५ वर्षका लागि ५ प्रतिशत ब्याज दरमा) तथा ५ प्रतिशत उपभोक्ता संस्थाको लगानी । |
| आ.ब. २०७४।७५ सम्मको प्रगति | कूल लगानी– रु. ३४ करोड २२ लाख<br>कूल स्वीकृत आयोजना संख्या: २८ वटा<br>सम्पन्न आयोजना संख्या: २२ वटा<br>*ऋण असुली: ७४.४० प्रतिशत* |



## २.६ शहरी खानेपानी तथा सरसफाई आयोजना (Urban Water Supply and Sanitation SectorProject -UWSSSP)

साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजनाको प्रथम, दोस्रो र तेसो चरणको सफल कार्यान्वयन पश्चात तथा मुलुक संघीय संरचनामा गएको परिवेशमा शहरी खानेपानी तथा सरसफाई आयोजना (Urban Water Supply and Sanitation (Sector) Projct USSSP) अन्तर्गत नेपाल सरकारबाट छनौट भएका २० वटा शहरहरुमा उच्च तथा मध्यम स्तरका शहरी खानेपानी तथा सरसफाई आयोजना कार्यान्वयनका लागि नेपाल सरकार र एशियाली विकास बैंक मिति २६ सेप्टेम्वर, २०१८ मा USD 130 Million (Loan No.:3711-NEP) सम्झौता भएको छ। उक्त सम्झौता बमोजिम नगर विकास कोषलाई १९ मिलियन अमेरिकन डलर ऋण परिचालनका लागि सहायक ऋण सम्झौता भएको छ।

यस शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत २० वटा सह–आयोजनाहरु उपभोक्ताहरुको मागका आधारमा छनौट भई आयोजनाहरुको अन्तिम प्रतिवेदन (Detail Project Report) तयार भईसकेको छ। यी आयोजनाहरु मध्ये केही आयोजनाहरु ठेक्का प्रक्रियाको अन्तिम चरणमा प्रवेश गरी सकेको छन् भने केही आयोजनाहरुमा उपभोक्ताहरुको लागत सहभागिता अन्तर्गतको ५ प्रतिशत रकम संकलनको कार्य अगाडि बढिसकेको छ। यस आयोजनामा पनि उपभोक्तासंगको सहलगानी प्रणाली तथा आयोजना संचालनमा उपभोक्ता संस्था/स्थानीय तहको सहभागिताको साथै लगानी असुलीलाई निरन्तरता दिने अवधारणा रहेकोछ।

### आयोजनाको महत्वपूर्ण पक्ष


(क) आयोजनाको कार्यात्वयन नेपाल सरकार, उपभोक्ता वर्ग/स्थानीय तहको सहलगानी र लागत असुलीमा आधारित हुने,

ख) आयोजनाको निर्माण, संचालन र सम्भारमा उपभोक्तावर्गको स्वामित्व रहने गरी लैङ्गिक समानता र सामाजिक समावेशी सहितको जन-सहभागिता परिचालन रहने।

ग) सेवाको गुणस्तर सुधार र सेवास्तरमा बृद्धि हुने।

घ) खानेपानी तथा सरसफाई संस्था र नगरपालिकाहरुको क्षमता अभिबृद्धिमा सहयोग गर्ने।

ङ) आयोजनाहरुको दिगो संचालन र वातावरण मैत्री प्रणालीको अवलम्वन गर्ने।




नक्शा ३ : शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत नगर विकास कोषको लगानीमा निर्माण हुने खानेपानीका आयोजना संचालन हुने नगरपालिका/शहरहरू

### लगानी विधि

यस शहरी खानेपानी तथा सरसफाई आयोजनाको कूल लागत १७८.५ मिलियन डलर मध्ये नेपाल सरकारले एशियाली विकास बैंकबाट १३० मिलियन डलर ऋण सयहोग प्राप्त गर्ने छ। यसै गरी ३९.५ मिलियन डलर नेपाल सरकारले अनुदान स्वरुप व्यहोर्ने छ भने भने उपभोक्ता वा लाभग्राहीबाट ९० लाख डलर स्रोत परिचालन गरिने अवधारणा रहेको छ। यसरी स्रोतहरुको परिचालन गरिदा लागत उठती अवधारणा अनुसार प्रत्येक आयोजनाहरुको कूल लगतमा ७० प्रतिशत रकम अनुदान, २५ प्रतिशत रकम नगर विकास कोषको ऋण र ५ प्रतिशत रकम उपभोक्ताको सहभागिता गराई स्रोत परिचालन गरिने छ।

कोषले उक्त ऋण रकम ५ वर्षको सहुलियत अवधि सहित जम्मा २५ वर्षका लागि ५ प्रतिशत ब्याज दरमा उपभोक्ता संस्थालाई यस आयोजना अन्तर्गत संचालन हुने खानेपानी आपूर्ति निर्माण आयोजनामा ऋण परिचालन गर्नेछ।

### अपेक्षित उपलब्धीहरु-

***यस शहरी खानेपानी तथा सरसफाई आयोजनाबाट निम्नानुसार का उपलब्धीहरु हुने अपक्षा गरिएको छ।***

क) करीब १६०० कि.मि. पाईप सञ्जाल मार्फत उभोक्ताहरुको घर घरमा खानेपानीको सेवा प्रवाह हुनेछ।

ख) करीब ६६, ००० घरधुरीका उपभोक्ताहरुलाई घर घरमा सुरक्षित तथा गुणस्तरीय खानेपानीको सेवा प्रवाह हुनेछ।

ग) करीब ८,००० गरीब घरधुरीहरुका लागि शौचालयको निर्माण हुनेछ र २० वटा सार्वजनिक शौचालयको निर्माण हुनेछ।

घ) आयोजना अन्तर्गत कम्तीमा २० वटा फोहरपानी प्रशोधनशालाहरू निर्माण हुनेछ।

ङ) ३० कि.मी. सतह ढल निर्माण हुनेछ।

च) उपभोक्ता संस्थाको व्यावसायिक योजना र शुल्क निर्धारण कार्यविधि विकास गरिनेछ।

छ) कम्तीमा १५ वटा वातावरण मैत्री खानेपानी तथा सरसफाई आयोजनाहरुको थप अध्ययन गरिनेछ।

ज) खानेपानी उपभोक्ता संस्था, नगर विकास कोष, खानेपानी तथा ढल निकास विभाग र नगरपालिकाका करीब २०० कर्मचारीहरुलाई प्राविधिक तथा नेतृत्व विकास सम्बन्धी तालिम प्रदान गरिनेछ।

यस कार्यक्रमलाई संक्षेपमा देहाय वमोजिम चित्रण गरिएको छ।

| आयोजना/कार्यक्रमको नाम | शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना (UWSSSP) |
|---|---|
| उद्देश्य | आयोजना क्षेत्रमा स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाईको सेवा सुविधा विस्तार गरी उपभोक्ताहरुको जीवन स्तरमा सुधार ल्याउने। |
| आयोजनाको स्वीकृती | • नेपाल सरकार र एशियाली विकास बैंक मिति: २६ सेप्टेम्वर, २०१८ मा USD 130 Million (Loan No.:3711-NEP) आयोजना स्वीकृत भएको। |
| आयोजनाको अवधि | २०१८ देखि २०२४ |
| वित्तिय स्रोत | ऋण – एशियाली विकास बैंक |
| आयोजना संचालन हुने शहरहरु | *भोजपुर बृहत भानु, चैनपुर, देउराली हुप्सेकोट, चरिकोट दिक्तेल, इलाम, कंचनरुप, खंलगा, दार्चुला, लिवाङ्ग, मकालु, पाँचखाल, प्रगती नगर दाङ्ग, रामपुरटार, सिद्धनाथ बैजनाथ, शुभघाट सुर्खेत, मादी पाल्पा र शारदानगर चितवन।* |
| आयोजना/कार्यक्रमको कूल लागत | • कुल लागत १७ करोड ८५ लाख अमेरिकी डलर<br>• एशियाली विकास बैंकको ऋण: १३ करोड अमेरिकी डलर<br>• नेपाल सरकारको अनुदान: ३९ लाख अमेरिकी डलर<br>• एशियाली विकास मार्फत प्राप्त ऋण मध्ये कोष मार्फत ऋण १ करोड ९० लाख अमेरिकी डलर |

## २.७ सहलगानी (Co-Financing) खानेपानी तथा सरसफाई आयोजना :

### अवधारणा:

जनसंख्या बृद्धि तथा शहरीकरण विस्तार सँगसँगै खानेपानीको सेवा उपयोगमा विविधता र गुणस्तर कायम गर्नुपर्ने आवश्यकता छ भने अर्कोतर्फ दातृ निकायहरु प्रतिको निर्भरतालाई न्यूनिकरण गर्दै राज्यको कम लगानीवाट अधिकतम सेवा उपलब्ध गराउनु पर्ने वर्तमान अवस्थालाई मध्यजनर राखी लगानी असुली (Cost Recovery) को सिद्धान्तमा आधारित अवधारणामा खानेपानी तथा सरसफाईको उचित व्यवस्थापन तथा गुणस्तरीय सेवा प्रदान गर्न नेपाल सरकार तथा स्थानीय तहवाट छनौट भएका आयोजना निर्माणका लागि नगर विकास कोषबाट सह-लगानी गर्न नेपाल सरकार, खानेपानी तथा ढल निकास विभाग र नगर विकास कोष बीच मिति २०७४।०९।१३ मा समझदारी-पत्रमा हस्ताक्षर भएको छ ।

दिगो विकास लक्ष्यको बुँदा नं. ६ अनुसार गुणस्तरीय खानेपानी तथा सरसफाई सेवामा सबैको पहुँच पुऱ्याउन तथा खानेपानी सेवाको दिगो विकास तथा सञ्चालन व्यवस्थापन गर्दै उल्लिखित लक्ष्य हासिल गर्न नेपाल सरकारले सन् २०३० सम्मको दीर्घकालिन योजना अगाडि बढाएको छ ।

मुलुकको दीगो विकास लक्ष्य हासिल गर्न मध्यम तथा उच्च गुणस्तरको खानेपानीको विकास, विस्तार तथा दिगो सञ्चालन गर्न आवश्यक देखिएकाले यस क्षेत्रमा काम गर्ने सरोकारवालाहरुको संयुक्त लगानी परिचालन गरी आयोजना निर्माण तथा सञ्चालनमा चुस्तता (Efficiency) र प्रभावकारीता (Effectiveness) हासिल गर्न आवश्यक पर्ने प्रक्रियालाई सहजीकरण गर्ने उद्देश्यले नगर विकास कोषले सहलगानी निर्देशिका २०७४ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

### संस्थागत संरचना :

केन्द्रीय स्तरका सरोकारवाला निकायहरुसँग समन्वय गरी सह-लगानी आयोजना कार्यान्वयन गर्न कोष अन्तर्गत सह–लगानी आयोजना समन्वय इकाई डेस्क खडा गरिएको छ। यस इकाईले आयोजनाको छनौट, बजेट व्यवस्था र निर्माण कार्यको अनुगमन तथा मूल्याङ्कन जस्ता कार्यको समन्वय गर्नेछ । आयोजनाको अनुगमन तथा मूल्यांकनको लागि कोषले सम्वन्धित प्रादेशिक मन्त्रालय, जिल्ला समन्वय समिति वा नगरपालिका तथा गाउँपालिकासँग सहकार्य गर्नेछ ।

### लगानी विधि:

खानेपानी तथा सरसफाई क्षेत्रमा लगानी गर्दा लागत असुली (Cost Recovery) को अवधारणामा नेपाल सरकार, प्रादेशिक तथा स्थानीय सरकार, दातृ निकाय, कोष र उपभोक्ता संस्थाको सहभागितामा आयोजनाको कूल लागतमा निम्न विधि अनुसार सह-लगानी गरिनेछ ।

आयोजनाको कूल लागत मध्ये नेपाल सरकारवाट अनुदान वापत ७० प्रतिशत, कोषवाट ऋण स्वरुप अधिकतम २५ प्रतिशत र उपभोक्ता संस्था/स्थानीय तहवाट न्यूनतम ५ प्रतिशत लागत ब्यहोरिने छ। उपभोक्ता संस्थाबाट ब्यहोरिने रकम मध्ये न्यूनतम ५ प्रतिशत रकम अग्रिम रुपमा नगद (Upfront Cash) जम्मा गर्नु पर्नेछ ।

सह-लगानी अवधारणा अन्तर्गत खानेपानी तथा सरसफाई क्षेत्रमा गरिने लगानीका स्रोतहरु देहाय बमोजिम हुनेछन् :

१) साना शहरी खानेपानी तथा सरसरफाई क्षेत्रको प्रथम र दोस्रो चरण अन्तर्गत नेपाल सरकारद्वारा ऋणको रुपमा परिचालन भै असुली हुने साँवा कोषको शेयर पूँजी (Equity Capital) मा रुपान्तरण भएको रकम ।

२) सह-लगानी अन्तर्गत भएको ऋण लगानीवाट कोषलाई फिर्ता प्राप्त हुने साँवा रकम ।

३) नेपाल सरकारवाट सह-लगानी अन्तर्गतका आयोजनाहरुमा लगानी गर्नका लागि प्राप्त रकम ।

४) नेपाल सरकारको स्वीकृतिमा दातृ निकायवाट खानेपानी तथा सरसफाई क्षेत्रका लागि लगानी गर्न प्राप्त रकम ।

५) सञ्चालक समितिवाट निर्णय भए बमोजिमको अन्य रकम ।

### सह-लगानीका कार्यक्षेत्रहरु:

सह-लगानीका कार्यक्षेत्रहरु देहाय बमोजिम रहेकाछन् :

१) नयाँ आयोजना निर्माण ।

२) मौजुदा आयोजनाहरुको स्तरोन्नति र विस्तार ।

३) आयोजनाहरुको पुन:स्थापना ।

### आयोजनाको अवस्था:

हालसम्म यस कार्यक्रम अन्तर्गत नारायणपुर, विजयनगर, पर्सा, बेनी, विन्दवासिनी तथा कपासेटार दुलेगौडा साना शहरी खानेपानी तथा सरसफाई आयोजना कार्यान्वयनका लागि कूल रु. १४ करोड स्वीकृत भई आयोजनाहरु कार्यान्वयनको चरणमा रहेका छन । यस कार्यक्रम अन्तर्गत हालसम्म नारायणपुर र विजयनगर साना शहरी खानेपानी निर्माणका लागि रु. १/१ करोड गरी जम्मा २ करोड लगानी गरिएको छ ।

| आयोजना/कार्यक्रमको नाम | सहलगानी (Co-Financing) खानेपानी तथा सरसफाई आयोजना |
|---|---|
| उद्देश्य | आयोजना क्षेत्रमा स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाईको सेवा सुविधा विस्तार गरी उपभोक्ताहरुको जीवनस्रमा सुधार ल्याउने । |
| सम्झौता मिति | २८ डिसेम्वर २०१७ |
| आयोजनाको अवधि | क्रमागत (वहुवर्षिय आयोजना) |
| वित्तिय स्रोत | नेपाल सरकार, नगर विकास कोष र उपभोक्ता संस्था |
| आयोजना संचालन हुने शहरहरु | *हालसम्म छनौट भएका खानेपानी आपूर्ति निर्माण आयोजनाहरु :*<br>नारायणपुर, विजयनगर, पर्सा, बेनी, विन्दवासिनी, कपासेटार दुलेगौडा, रत्ननगर बाग्लुङ्ग |
| हाल सम्मको अवस्था | • कुल स्वीकृत रकम – रु. १४ करोड<br>• कूल लगानी रकम – २ करोड |



फोटो नं. ९ : सह लगानी कार्यक्रम अन्तर्गत निर्माणाधीन विन्दवासीनी खानेपानी आयोजनाको ट्याङ्की

## २.८ मझौला शहर एकीकृत शहरी वातावरण सुधार आयोजना (STIUEIP) :

### आयोजनाको अवधारणा

एशियाली विकास बैकको वित्तीय सहयोगमा नेपालको औधोगिक क्षेत्रका रुपमा रहेका र व्यापारिक क्रियाकलाप अझ विस्तार हुने रणनीतिक क्षेत्रका नगरपालिकाहरुको आधारभूत पूर्वाधारहरु (ढल व्यवस्थापन, फोहोर मैला व्यबस्थापन, सडक, वातावरणीय सुधार) निर्माण तथा नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा सहयोग पुर्‍याउँदै त्यस क्षेत्रका जनताहरुको सामाजिक तथा आर्थिक क्षेत्रमा सुधार गरी जीवनस्तर वृद्धिमा सघाउ पुर्‍याउनु आयोजनाको उद्देश्य रहेको छ ।


ADB
Asian Development Bank

यस आयोजनाको कार्यान्वयन शहरी विकास मन्त्रालय अन्तर्गत शहरी विकास तथा भवन निर्माण विभागबाट आयोजना समन्वय कार्यालय (PCO) मार्फत समन्वयन हुने गरी र सम्बन्धित नगरपालिका मातहतमा रहने गरी आयोजना कार्यान्वयन एकाई (PIU) बाट कार्यान्वयन गर्ने र नगर विकास कोषले अनुगमन तथा मूल्याङ्कन गर्नेगरी संचालन भएका छन् ।

मूलत: यस आयोजनामा शहरी पूर्वाधार निर्माणका लागि वित्तीय स्रोत परिचालन गर्दा पूर्णरुपमा नेपाल सरकारवाट अनुदानमा बजेट विनियोजन नगरी आयोजनाले पार्ने प्रभाव/प्रतिफल, सेवाप्रवाह, सञ्चालन तथा मर्मत संभारको सुनिश्चितता गरी आयोजनाको प्रकृति अनुसार लागत उठती अवधारणामा आधारित भै आयोजनाको कुल लागत मध्ये नगरपालिकाको सहभागिता, नगर विकास कोषबाट ऋण र नेपाल सरकारको अनुदानबाट गरी जम्मा लागत परिचालन हुने गरी बुटवल, विरगंज, विराटनगर र धुलिखेल, बनेपा र पनौती (काभ्रे भ्याली खानेपानी आयोजना) नगरपालिकाहरुमा आयोजनाहरु सञ्चालनमा रहेका छन् ।

### लगानी विधि

यस आयोजना अन्तर्गत सञ्चालनका लागि नेपाल सरकार र एशियाली विकास बैंक विच भएको वित्तीय सम्झौता अनुसार




नक्शा नं. ४ : मझौला शहर एकीकृत शहरी वातावरण सुधार आयोजना (STIUEIP) र एकीकृत शहरी विकास आयोजना (IUDP) अन्तर्गत विभिन्न शहरी पुर्वाधार सम्वन्धी आयोजनाहरु सचालन गर्ने सहभागी नगरपालिकाहरु

१०६ मिलियन यूएस डलर मध्ये उप-आयोजनाहरुमा नगर विकास कोषबाट ऋण स्वरुप लगानी गर्न ८.७ मिलिएन यूएस डलर नेपाल सरकार मार्फत कोषलाई २.५ प्रतिशत वार्षिक व्याज दरमा ८ वर्षको सहुलियत अवधि सहित २३ वर्षका लागि उपलब्ध हुने व्यवस्था रहेको छ ।

त्यसै गरी उप-आयोजनाको प्रकृति अनुसार जम्मा लागतको ८१ प्रतिशत देखि ८४ प्रतिशत सम्म अनुदान नेपाल सरकारले उपलब्ध गराउने, ८ प्रतिशत सम्बन्धित नगरपालिकावाट ब्यहोरिने र ८ प्रतिशत देखि ११ प्रतिशत सम्म नगर विकास कोषले ५ प्रतिशत वार्षिक व्याजदरमा ५ वर्षको सहुलियत अवधि सहित २० वर्षका लागि ऋण उपलब्ध गराउने गरी लगानी भएकोछ ।

### आयोजनाको अवस्था :

यस आयोजना अन्तर्गत सञ्चालित ७ वटा उप-आयोजना मध्ये बुटवल उप-महानगरपालिकामा एउटा उप-आयोजना रद्द र २ वटा अबरुद्ध भएका छन भने वीरगंज र विराटनगरका २ वटा उप-आयोजनाहरु भौतिक रुपमा सम्पन्न भई सकेका र वाँकी आयोजना चालु आ.व. २०७५।७६ भित्रमा सम्पन्न गर्ने लक्ष रहेको छ । यसका लागि यस कोषबाट आ.व.२०७४।७५ को अन्त सम्ममा लगानी हुने गरी रु १ अर्व ३ करोड २५ लाख मिलियन ऋण स्वीकृत भएको छ भने सो मध्ये रु. ८६ करोड २० लाख लगानी भएको छ । साथै आ.व.२०७४।७५ मा यस आयोजनामा ३० करोड लगानी गर्ने लक्ष्य राखिएकोमा रु. ११ करोड ३८ लाख लगानी भई लक्ष्यको ३८ प्रतिशत प्रगति हासिल भएको छ ।

| आयोजना/कार्यक्रमको नाम | मझौला शहर एकिकृत शहरी वातावरण सुधार आयोजना | |
|---|---|---|
| उद्देश्य | आधारभुत शहरी पूर्वाधारहरु निर्माण गरी नगरपालिकाले उपलब्ध गराउने सेवा प्रभावकारी बनाउन टेवा पुरयाउदै सामाजिक तथा आर्थिक विकास गरी जनताका जिवनस्तर बृद्धि गराउने । | |
| आयोजनाको स्वीकृती | १२ जुलाई २०११ | |
| आयोजनाको अवधि | डिसेम्बर २०१८ थप गरिएको अवधि २०१९ जुन सम्म | |
| वित्तिय स्रोत | ऋण – एशियाली विकास बैंक | |
| प्रमुख आयोजनाहरु | • खानेपानी सुधार–बनेपा, धुलिखेल र पनौती नगरपालिका<br>• ढल र सडक सुधार –विराटनगर, विरगंज<br>• फोहर मैला व्यवस्थापन– विरगंज, वुटवल | |
| आयोजना/कार्यक्रमको कूल लागत | कुल ऋण स्वीकृत<br>ऋण लगानी–<br>ऋण असुली–<br>आयोजना संख्या: | रु. १ अर्व ३ करोड २५ लाख<br>रु.८६ करोड २० लाख<br>८४.२७ प्रतिशत<br>७ वटा |



फोटो नं. १० : बिरगंज उप-महानगरपालिकामा निर्माणाधीन फोहोर पानी प्रशोधन पोखरी

## २.९ एकीकृत शहरी विकास आयोजना (IUDP) :

### आयोजनाको अवधारणा

एशियाली विकास बैंकको वित्तीय सहयोगमा शहरी विकासका पूर्वाधारहरू एकीकृत रुपमा निर्माण गरी पूर्णरुपमा आधार भुत सेवाहरु (खानेपानी, ढल व्यवस्थापन, फोहोरमैला व्यबस्थापन, सडक सुधार/विस्तार, वातावरणीय सुधार आदि) प्रदान गर्ने अवधारणा अनुसार औधोगिक क्षेत्रका रुपमा रहेका र व्यापारिक क्रियाकलाप अझ विस्तार हुने रणनीतिक क्षेत्रका नगरपालिकाहरुको आधारभूत पूर्वाधारहरु निर्माण गरी सेवा प्रवाहमा सहयोग पुरयाउदै त्यस क्षेत्रका जनताहरुको सामाजिक तथा आर्थिक सुधार गरी जिवनस्तर वृद्धिमा सघाउ पुऱ्याउन आयोजना कार्यान्वयनमा रहेको छ ।

यस आयोजनाको कार्यान्वयन शहरी विकास मन्त्रालय अर्न्तगत शहरी विकास तथा भवन निर्माण विभागबाट आयोजना समन्वय कार्यालय (PCO) मार्फत कार्यान्वयन समन्वयन गर्ने गरी सम्बन्धित नगरपालिका मातहतमा रहने गरी आयोजना कार्यान्वयन एकाई (PIU) मार्फत कार्यान्वयन गर्ने र नगर विकास कोष ले अनुगमन तथा मूल्याङ्कन गर्ने संस्थागत व्यवस्था अनुसार उप आयोजना संचालनमा रहेका छन् ।

### लगानी विधि

यस आयोजना अन्तर्गत सञ्चालनका लागि नेपाल सरकार र एशियाली विकास बैंक विच भएको वित्तीय सम्झौता अनुसार २८.४ मिलियन एसडिआर ऋण र १२ मिलियन यूएस डलर अनुदान मध्ये तोकिएको लगानी विधि अनुसार उप-आयोजनाहरुमा नगर विकास कोषबाट ऋण स्वरुप लगानी गर्न ८.५९ मिलिएन एसडिआर नेपाल सरकार वाट कोषलाई २ प्रतिशत वार्षिक व्याज दरमा ८ वर्षको सहुलियत अवधि सहित २३ वर्षका लागि लगानी रकम उपलब्ध भएकोछ ।

त्यसै गरी उप-आयोजनाको प्रकृति अनुसार जम्मा लागतको ५० प्रतिशत देखि ८० प्रतिशत सम्म अनुदान नेपाल सरकारले उपलब्ध गराउने, ५ प्रतिशत देखि १५ प्रतिशत सम्म सम्बन्धित



फोटो नं. ११ : धरान उप-महानगरपालिकामा निर्माणाधीन खानेपानी आयोजनाको खानेपानी प्रशोधन केन्द्र

नगरपालिकावाट व्यहोरिने र १५ प्रतिशत देखि ३५ प्रतिशत सम्म नगर विकास कोषले ५ प्रतिशत वार्षिक व्याजदरमा ५ वर्षको सहुलियत अवधि सहित २० वर्षका लागि ऋण उपलब्ध गराउने गरी लगानी भएको छ ।

## आयोजनाको अवस्था

यस आयोजना अन्तर्गत सञ्चालित उप-आयोजनाहरु सन् २०१२ मे ८ मा वित्तीय सम्झौता भई कार्यान्वयनमा छन् । नेपालगंज, धरान, जनकपुर र सिद्धार्थनगरमा सञ्चालित ६ वटा आयोजनाहरु मध्येबाट नेपालगंज तथा सिद्धार्थनगरका आयोजना सम्पन्न भएका छन् भने एउटा आयोजना अबरुद्ध भएता पनि बाँकी आयोजना चालु आ.व. २०७५।७६ भित्रमा सम्पन्न गर्ने लक्ष रहेको छ। आ.व. २०७४।७५ को अन्त सम्ममा आयोजनाहरूको कुल लागत मध्ये कोषका तर्फबाट स्वीकृत ऋण लगानी रु. एक अर्व एक करोड ४८ लाख रहेको छ मध्ये जम्मा रु. ६५ करोड ३१ लाख मिलियन लगानी भएको छ। त्यसै गरी आ.व. २०७४।७५ मा २८ करोड ७० लाख ऋण लगानी गर्ने लक्ष्य राखिएकोमा रु.१५ करोड ९ लाख लगानी भई लक्ष्यको ५८ प्रतिशत प्रगति हासिल भएको छ ।

## उपलब्धी:

यस कार्यक्रमबाट सहभागी नगरपालिकाहरुको खानेपानी, ढल व्यवस्थापन, फोहोर मैला व्यबस्थापन, सडक सुधार/विस्तार, वातावरणीय सुधार जस्ता सामाजिक पूर्वाधारको विकास भई नगरपालिकाहरु आधारभूत सेवा प्रदान गर्न सक्षम भएका छन् । वर्षौं देखि खानेपानीका आधारभूत सेवाको सहज पहुँच पाउन नसकेका धरानका स्थानीय वासिन्दाहरु यस आयोजना अन्तर्गत निर्मित खानेपानी आपूर्तिको व्यवस्थापनबाट लाभान्वित भएका छन् । साथै सिद्धार्थनगर र नेपालगंजमा सतह ढलको निर्माणले वर्षेनी हुने बाढीबाट जनताले राहत महशुश गरेका छन् ।

कोषले आ.व. २०७४।७५ मा यस कार्यक्रमको लागि रु. २८ करोड ७० लाख बरावरको लगानी गर्ने लक्ष्य लिएकोमा रु. १५ करोड ९ लाख ६१ हजार लगानी भई लक्ष्यको ५३ प्रतिशत प्रगति भएको छ ।

| आयोजना/कार्यक्रमको नाम | एकीकृत शहरी विकास आयोजना |
| --- | --- |
| उद्देश्य | नगर क्षेत्रमा सुधारिएको पूर्वाधारहरु, सडक सुधार, खानेपानी, ढल व्यवस्थापन आदिको निर्माण गरी नगरपालिकाले प्रभावकारी सेवा प्रदान गर्नका लागि टेवा पुऱ्याउने । |
| आयोजनाको स्वीकृती | १५ अक्टुवर २०१२ |
| आयोजनाको अवधि | डिसेम्बर २०१८ |
| वित्तिय स्रोत | ADB Asian Development Bank ऋण – एशियाली विकास बैंक |
| प्रमुख आयोजनाहरु | • सतह ढल निर्माण, शहरी सडक व्यवस्थापन– नेपालगंज, सिद्धार्थनगर, जनकपुर<br>• खानेपानी व्यवस्थापन–धरान<br>• फोहर मैला व्यवस्थापन– नेपालगंज र सिद्धार्थनगर |
| आयोजना/कार्यक्रमको कूल लागत | कुल ऋण स्वीकृत रु. १ अर्व १ करोड ४८ लाख<br>ऋण लगानी– रु.६५ करोड ३१ लाख<br>ऋण असुली– १०३.४४ प्रतिशत<br>आयोजना संख्या: ७ वटा |

## २.१०. शहरी वातावरणीय सुधार आयोजना (Urban Environmental Improvement Project-UEIP)

उपत्यका नजिकका नगरहरुमा शहरी पूर्वाधारको उचित व्यवस्था गरि काठमाण्डौ उपत्यकामा परेको जनसंख्याको चापलाई न्यूनिकरण गर्ने उद्देश्यका साथ उपत्यका वरपरका वनेपा, धुलिखेल, पनौती, भरतपुर, रत्ननगर, हेटौडा बिदुर र कमलामाई नगरपालिका तथा धादिङ्गवेसी शहरमा विभिन्न शहरी सुविधा निर्माण गर्न आयमूलक आयोजनाहरुका एशियाली विकास बैंकले सन् २००३ मा कोषलाई करीब रु. २५ करोड ऋण उपलब्ध गराएको थियो । यस आयोजना अन्तर्गत आयोजना अवधिभर सन् २००३ देखि २००८ सम्म कोषले उपरोक्त नगरपालिकाहरुमा सामाजिक तथा आर्थिक पूर्वाधारका आयोजनाहरुमा रु. १८ करोड ३० लाख ऋण प्रवाह गरेको थियो । यस कार्यक्रम अन्तर्गत कोषबाट प्रवाह भएको ऋण मध्ये ४० प्रतिशत कोषमा फिर्ता भैसकेको छ । यस कार्यक्रमलाई संक्षेपमा देहाय वमोजिम चित्रण गरिएको छ ।

| आयोजना/कार्यक्रमको नाम | शहरी तथा वातावरणीय सुधार आयोजना (Urban Environment Improvement Project-UEIP |
|---|---|
| उद्देश्य | विभिन्न शहरी सुविधा सहित सामाजिक तथा आयमूलक आयोजनाहरूमा लगानी गर्ने । |
| सम्झौता मिति | २००३ |
| आयोजनाको अवधि | २००८ |
| वित्तिय स्रोत | एशियाली विकास बैंक–ऋण |
| आयोजना/कार्यक्रम संचालन भएको क्षेत्र | वनेपा, धुलिखेल, पनौती, भरतपुर, रत्ननगर, हेटौडा बिदुर र कमलामाई नगरपालिका तथा धादिङ्गवेसी शहर |
| आयोजना/कार्यक्रमको कूल लागत | कुल लागत – २,२६,९९,००० एस.डि.आर.<br>नगर विकास कोषलाई ऋण – २५,६२,००० एस.डि.आर करीब रु. २५ करोड |
| आयोजनाको अवस्था | कूल अनुदान लगानी– रु.१८ करोड ३० लाख<br>स्वीकृत आयोजना २२<br>सम्पन्न आयोजना २२ |

## २.११ शहरी पूर्वाधार विकास आयोजना (Urban Infrastructure Development Project-UIDP)

### आयोजनाको अवधारणा

नेपालमा बृद्धि भैरहेको शहरीकरण तथा सोका कारण माग हुन गएको शहरी पूर्वाधार एवं सेवा सुविधाहरुको विकासका लागि अत्यन्त ठूलो लगानीको आवश्यकता भएको छ । २९३ वटा नगरपालिकाको घोषणा भए संगै शहरवासी जनसंख्या करिव ६०% पुगेको अवस्था तथा कोषले गरेको एक अध्ययन अनुसार १९१ वटा नगरपालिकाको आधारभूत शहरी पूर्वाधारका लागि मात्र पाँच वर्ष भित्र रु. २३ खर्व लगानी गर्नुपर्ने देखिन्छ । विकसित तथा विकासोन्मुख मुलुकहरुले द्रुततर शहरी क्षेत्रको विकासका लागि अवलम्वन गरेको दीर्घकालिन ऋण परिचालनको अनुभव समेतलाई मध्येनजर गर्दै र कोषले विगत ३० वर्ष देखि नगरपालिकाहरुको पूर्वाधारको विकासमा गरेको अनुदान तथा ऋण परिचालनको क्षेत्रमा आर्जन गरेको अनुभवका आधारमा नगरपालिकाहरुमा पूर्वाधारको विकासमा कोष मार्फत ऋण परिचालन गर्न आवश्यक देखि कोषले नेपाल सरकारको स्रोतवाट आ.व.२०७५।७६ मा रु. १ अर्व परिचालन गरिने छ ।

यस कार्यक्रमले विशेषगरी नगरपालिकाको वित्तिय अवस्था सुदृढ गर्न सहयोग पुऱ्याउने र आयमूलक आयोजनाहरुमा दिर्घकालिन ऋण परिचालन गर्ने रणनीति लिएको छ ।

### कार्यक्रमको उद्देश्य:

क) नगरपालिकाहरुमा सामाजिक तथा आर्थिक पूर्वाधारको विकासमा दिर्घकालिन ऋण परिचालन गर्ने ।

ख) आयमूलक आयोजनाहरुमा ऋण परिचालन गरी नगरपालिकाहरुलाई वित्तिय रुपमा सक्षम बनाउने ।

ग) आयोजनाको प्राविधिक, आर्थिक, वित्तीय, सामाजिक, वातावरणीय, विपद् व्यवस्थापन तथा कानूनी पक्ष समावेश हुने गरी विस्तृत ईन्जिनियरिङ्ग प्रतिवेदन (DPR) तयार गर्न नगरपालिकालाई प्राविधिक सहयोग गर्ने ।

### लगानी विधि

यस कार्यक्रम अन्तर्गत संचालन हुने शहरी पूर्वाधारका आयोजनाहरुको निर्माण तथा संचालनार्थ प्रवाह हुने अनुदान तथा ऋणका लागि दातृ संस्था तथा नेपाल सरकार समेतको सहमतिमा स्वीकृत कोषको ऋण/अनुदान लगानी नीति (TDF's Financing Policy)" तथा सो अनुरुप स्वीकृत निर्देशिका (TDF's Investment Guideline) वमोजिम कोषले ऋण लगानी परिचालन गरिनेछ ।

यस कार्यक्रम अन्तर्गत कोषद्वारा गरिने ऋण लगानी आयोजनाको प्रकृति अनुसार कोषबाट लगानी हुने ऋण ६० देखि ९० प्रतिशत सम्म र सम्बन्धित नगरपालिकाले कम्तिमा १० प्रतिशत म्याचिङ फण्ड ब्यहोर्ने र कोष उक्त ऋण बढीमा ५ वर्षको सहुलियत अवधि सहित जम्मा १०–२० वर्षका लागि ८ प्रतिशत ब्याज दरमा लगानी गर्न सक्ने प्रावधान रहेको छ ।

### अपेक्षित उपलब्धी

यस कार्यक्रमको कार्यान्वयनबाट देहाय वमोजिमको उपलब्धी हुने अपेक्षा गरिएको छ:

क) स्थानीय तहको आर्थिक पूर्वाधार निर्माणमा दिर्घकालिन ऋण परिचालन भई नगरपालिकाको आयस्तरमा बृद्धि ।



ख) आयोजनाका विकास तथा कार्यान्यनमा नगरपालिकाहरुको क्षमता अभिबृद्धि ।

ग) नगरपालिकाहरुको संस्थागत क्षमता तथा निर्णय गर्ने क्षमतामा अभिबृद्धि ।

घ) नगरपालिकाहरुलाई आयोजनाको विकासका लागि प्राविधिक सहयोग प्राप्ति ।

ङ) ऋण परिचालनबाट आयोजना संञ्चालन गर्न नगरपालिका सक्षम हुने ।

च) नगरपालिकाहरुको दिर्घकालिन ऋण वहन क्षमतामा अभिबृद्धि हुने ।

**यस आयोजनालाई संक्षेपमा देहाय वमोजिम चित्रण गरिएको छ ।**

| आयोजना/कार्यक्रमको नाम | शहरी पूर्वाधार विकास लगानी आयोजना |
|---|---|
| उद्देश्य | नगरपालिकाहरुको पूर्वाधार विकासमा ऋण परिचालन । |
| वित्तिय स्रोत | नेपाल सरकार, नगरपालिका र नगर विकास कोष |
| आयोजना/कार्यक्रम संचालन हुने नगरपालिका | हरिवन र लालबन्दी । |
| हाल सम्मको अवस्था | • हरिवन न.पा.मा Vegetalbe Market Area निर्माण आयोजनाको लागि रु. १२ करोड ८० लाख ऋण स्वीकृत<br>• लालवन्दीन.पा.मा Shooping Complex निर्माण आयोजनाको लागि रु. ७ करोड ५२ लाख ऋण स्वीकृत<br>• अन्य आयोजनाहरुको लेखाजोखा भैरहेको । |



## २.१२ काठमाण्डौं दिगो शहरी यातायात परियोजना (Kathmandu Sustainable Urban Trasport Project – KSUTP)


### कार्यक्रमको अवधारणा:

नेपाल सरकार र एशियाली विकास बैंक बीच २६ अक्टोबर २०१० मा "काठमाण्डौं दिगो शहरी यातायात आयोजना (KSUTP) का लागि (Loan No. 2656-NEP-SP र Grant No. 0212-NEP-SP) सम्झौता भए अनुसार काठमाण्डौं उपत्यका भित्र शहरी यातायातलाई दिगो रुपमा व्यवस्थापन र संचालन गर्न एशियाली विकास बैक र विश्व बातावरण सुविधा (GEF) को अनुदान मार्फत प्रथमतः २ वटा **परिक्षण रुट** हरुमा बिद्युतीय वा न्यून प्रदुषणयुक्त सार्बजनिक यातायात सेवा संचालन गर्न नगर विकास कोषले सार्वजनिक यातायात सेवा प्रदायक कम्पनी (Special Purpose Vehicle-SPV) लाई आयोजनाको अवधारणा अनुरुप अनुदान तथा ऋण प्रवाह गर्ने आयोजनाको मूल अवधारणा रहेको छ।

### उद्देश्य

सार्वजनिक यातायात सेवा संचालन प्रभावकारी तथा दिगो बनाउन उक्त ऋण प्रवाहबाट असुली हुने साँवा तथा ब्याजको ५० प्रतिशत रकमबाट नगर विकास कोष अन्तर्गत छुट्टै **'दिगो सार्वजनिक यातायात कोष'** स्थापना गरी भविष्यमा थप लगानी गर्दै त्यसबाट उपत्यका भित्र सार्वजनिक यातायात व्यवस्थालाई समय सापेक्ष बैज्ञानिक र सहज हुने गरी लगानी गर्दै लैजाने उद्देश्य लिईएको छ।

एशियाली बिकाश बैक को सहयोगमा सम्झौता बमोजिम एस–५ परिक्षण रुट (गोंगबु देखि सिनामंगल सम्म) मा सार्बजनिक बसहरु संचालन गर्ने कार्यको लागि काठमाण्डौं दिगो सार्वजनिक यातायात आयोजनाले निर्दिष्ट गरेको उक्त एस–५ परिक्षण रुटमा सार्बजनिक यातायात संचालन गर्ने संचालक कम्पनी श्री दिगो सार्बजनिक यातायात प्रा. लि. र यातायात व्यवस्था बिभाग बीच मिति १ असोज २०७४ मा भएको सेवा संचालन सम्बन्धी करार सम्झौता भएको थियो ।




नक्शा नं ५ : नगर विकास कोषको ऋण सहयोगमा श्री दिगो सार्वजनिक यातायात प्रा.लि. ले न्यून प्रदुषणयुक्त बस सेवा संचालन गरेको S-5 परिक्षण रुट (नयाँ बसपार्क, गोंगबुदेखि सिनामंगलसम्म) को रुट नक्शा ।




फोटो नं. १२ : नगर विकास कोषको अनुदान सहयोगमा श्री दिगो सार्वजनिक यातायात प्रा.लि. अन्तर्गत संचालनमा रहेका १७ वटा न्यून प्रदुषणयुक्त बसहरुका लागि निर्मित बस डिपो ।

काठमाण्डौं दिगो शहरी यातायात आयोजना अन्तर्गत काठमाण्डौं उपत्यका भित्रका २ वटा परिक्षण रुटहरु (S5 र S3) कार्यान्वनका लागि एशियाली विकास बैंक र विश्व वातावरण सुविधा (GEF) को अनुदान उपयोग गर्ने सम्बन्धमा नेपाल सरकार, भौतिक तथा पूर्वाधार तथा यातायात मन्त्रालय र नगर विकास कोष बीच मिति १४ जेष्ठ २०७४ (तदनुसार २८ मे २०१७) मा सम्झौता सम्पन्न भई दिगो सार्वजनिक यातायात सेवा कार्यान्वनका लागि नगर विकास कोषबाट आयोजनामा प्रावधान भए बमोजिम ऋण तथा बिभिन्न शीर्षक अन्तर्गत अनुदान प्रवाह गर्ने तथा नगर विकास कोष अन्तर्गत छुट्टै 'दिगो शहरी यातायात कोष' स्थापना गरी उक्त कोषको सम्पूर्ण हिसाब किताब व्यवस्थित रुपमा अध्यावधिक राखी प्रत्येक आर्थिक बर्ष अन्त्य भएको ३ महिना भित्र बार्षिक प्रतिवेदन नेपाल सरकार, भौतिक तथा पूर्वाधार तथा यातायात मन्त्रालयलाई पेश गर्ने सम्बन्धी यातायात व्यवस्था बिभागका प्रबन्ध निर्देशक तथा काठमाण्डौं दिगो सार्वजनिक यातायात आयोजनाका आयोजना निर्देशकको रोहबरमा सम्पन्न सम्झौता कार्यान्वयन भइ रहेकोछ ।

एशियाली विकास बैक र नेपाल सरकार बीच २६ अक्टोबर २०१० मा सम्पन्न ऋण तथा अनुदान संझौताको रकम मध्ये नेपाल सरकारबाट कोषलाई अठ्तीस लाख अमेरिकी डलर बराबरको अनुदान प्राप्त हुने र कोषले नेपाल सरकारले तोकेको परिक्षण रुटमा सार्बजनिक यातायातको लागि संचालन हुने बिद्युतीय वा न्यून प्रदुषणयुक्त सवारी साधनहरुका लागि नगर विकास कोष मार्फत ऋण तथा अनुदान उपलब्ध गराउने प्रावधान रहेको छ । कोषले प्रवाह गरेको ऋण असुल उपर भई आए पश्चात उक्त रकम कोषको पुंजीमा रहने र सोहि रकमबाट भविष्यमा अन्य सार्बजनिक यातायातमा लगानी गर्ने व्यवस्था छ । सोहो व्यवस्था सम्बन्धमा नेपाल सरकार, भौतिक तथा पूर्वाधार तथा यातायात मन्त्रालय र नगर विकास कोष बीच २८ मे २०१७ मा सम्पन्न भएको सम्झौता बमोजिम ५ प्रतिशत व्याजदरमा तोकिएको रुटमा यातायात व्यवस्था विभागले तोकिए बमोजिमको यातायात संचालनका लागि स्थापना हुने कम्पनीलाई आवश्यक पुँजीको ८० प्रतिशत सम्म ऋण प्रदान गर्ने प्रावधान रहेकोछ ।

उक्त प्रावधान अनुसार भौतिक तथा पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय मातहतमा सञ्चालित काठमाण्डौं दिगो शहरी यातायात आयोजनाबाट काठमाण्डौं उपत्यकाको सार्बजनिक यातायातको अध्ययन गरी दिगो रुपमा सार्बजनिक यातायात संचालनका लागि तोकिएको गोंगबु, नयाँ बसपार्क देखि सिनामंगल र सिनामंगल देखि गोंगबु, नयाँ बसपार्क सम्मको एस–५ परिक्षण रुटतय गरी हाल ५२ जनाको क्षमता भएको १७ वटा बसहरु संचालन गर्ने सेवा प्रदायक कम्पनी श्री दिगो सार्बजनिक यातायात प्रालिबाट प्रस्ताब भई आएकोमा प्राप्त प्रस्ताब नगर विकास कोष बाट उक्त प्रस्ताब स्वीकृत भइ उक्त रुटमा सार्बजनिक यातायात संचालन गर्न स्थापित श्री दिगो सार्बजनिक यातायात प्रा. लि.कम्पनी र नगर विकास कोष बीच मिति ३० कार्तिक २०७४म ऋण तथा अनुदान सम्झौता भइ त्यस रुटमा संचालनमा रहेका २६ वटा माइक्रो बस तथा ३५ वटा सफा टेम्पोहरुलाई बिस्थापित गरी १७ वटा न्यून प्रदुषणयुक्त बसहरु मिति २८ श्रावण २०७५ बाट संचालनमा आइ सकेका छन ।

## लगानी विधि

एस–५ परिक्षण रुट भित्रका क्षेत्रमा संचालन भइरहेका सार्वजनिक यातायातका साधन (सफा टेम्पो तथा बस) संचालकहरुबाट गठन भएको दिगो सार्बजनिक यातायात प्रा.लि.लाई कोषले सम्झौता बमोजिम कम्पनीले एस–५ रुटमा सार्बजनिक सवारी साधन सञ्चालनका लागि तोकिएको कम्पनीलाई समयमा तोकिएको ब्याज सहित फिर्ता गर्ने गरी ऋण प्रवाह गरेको छ ।

काठमाडौं दिगो शहरी यातायात आयोजनाका लागि सम्पन्न ऋण तथा अनुदान सम्झौता बमोजिमका विभिन्न प्रभागहरु (Components) मध्ये काठमाडौं उपत्यकाको गंगबु नयाँ बस पार्क देखि सिनामंगल एयरपोर्ट सम्मको प्रस्तावित **"एस-५"** रुटमा सार्वजनिक यातायात संचालन तथा व्यवस्थापन गर्न नेपाल सरकार मार्फत नगर विकास कोषलाई प्राप्त हुने रकम एस ५ रुटमा सार्वजनिक यातायात संचालन गरिरहेका र उक्त यातायातका साधनहरुलाई विस्थापित गर्ने सफा टेम्पो र वस संचालकका स्वामित्वमा गठित दिगो सार्वजनिक यातायात प्रा.लि.लाई नगर विकास कोषबाट देहाय बमोजिमको मुख्य शर्तहरू सहित देहाय बमोजिम ऋण उपलव्ध गराउने छ ।

(क) प्रति सवारी साधन खरिद लागतको बढीमा ८० प्रतिशत सम्म कोषबाट ऋण उपलव्ध गराउन सकिनेछ ।

(ख) बुँदा नं. (क) बमोजिमको रकममा बार्षिक ५ प्रतिशतका दरले ब्याज लाग्ने छ ।

(ग) ऋण वापतको रकम ऋण प्रवाह/सम्झौता भएको मितिले ८ वर्ष भित्रमा सम्पूर्ण साँवा तथा ब्याज चुक्ता गर्नु पर्नेछ ।

(घ) प्रस्तावित मापदण्ड बमोजिमका सवारी साधनहरु विदेशवाट ल्याउनु पर्ने र च्यासिस मात्र ल्याईएमा वडी बनाई सञ्चालनमा ल्याउदासम्मको समयमा उक्त बसहरुवाट आम्दानी हुन नसक्ने विषयलाई मध्यनजर गर्दै कर्जा प्रवाह भएको मिति देखि बस सञ्चालन शुरु हुने दिनसम्मको समयलाई सहुलियत अवधि मानि उक्त समयको ब्याजलाई पूँजीकृत गरि सञ्चालन भएको मिति देखि किस्ता शुरु भएको मानिने छ ।

### दिगो शहरी यातायात सञ्चालनका शर्तहरु

कम्पनीबाट संचालन हुने सवारी साधनहरु देहाय बमोजिमको हुनुपर्नेछ ।

(क) सवारी साधन युरो ४ वा सो भन्दा माथिको मापदण्डको हुनु पर्नेछ ।

(ख) प्रत्येक बस चालक सहित ५२ यात्रु क्षमताको (२२ वटा सीटमा र ३० जना उभिन सक्ने) हुनु पर्नेछ ।

(ग) सवारी साधन कम्तिमा ३ वर्षको वारेण्टी सहितको हुनु पर्नेछ ।

(घ) मर्मत संभारका लागि आपूर्तीकर्ता संग कम्तीमा ३ वर्षको सम्झौता हुनु पर्नेछ ।

(ङ) संचालन गरिने प्रत्येक बस अपाङ्ग मैत्री हुनु पर्नेछ र सो को जानकारी देखिने गरी सूचना प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

सवारी साधन संचालन सम्वन्धी व्यवस्था प्रचलित नियम एवं कम्पनी र यातायात व्यवस्था विभाग बीचको सहमति बमोजिम हुनेछ ।

(क) सार्वजनिक यातायत संचालकले खरिद गर्ने बसहरुको उपयुक्त बिमा कम्पनीमा सवै जोखिमका लागि प्रचलित नियमानुसार विमा गर्नुपर्ने छ । उक्त विमा वापतको प्रिमियम कम्पनीले नै बुझाउनु पर्नेछ ।

(ख) यस सम्झौता बमोजिम कोषको ऋणबाट खरिद गरिने बसहरु नगर विकास कोषको नाममा हुनेछन् । सम्पूर्ण कर्जाको साँवा ब्याज भुक्तानी गरे पश्चात कोषबाट सम्वन्धित कम्पनीका नाममा नामसारी गरिदिनु पर्नेछ ।

(ग) यातायात व्यवस्था विभागले तोकेको बमोजिमका मापदण्ड अनुसार बसको खरिद प्रक्रिया KSUTP/PMCO ले प्रचलित कानून अनुसार कम्पनीलाई बस खरिद प्रक्रिया अगाडि बढाउन सहयोग गर्ने छ । त्यसरी बस खरिद प्रक्रिया अगाडि बढाउदा कम्पनीले बोलपत्र आव्हान गर्दा र बोलपत्रको मूल्याङ्कनको प्रक्रियामा कोषको सहमति लिनु पर्नेछ ।

(घ) २० प्रतिशत मध्ये १५ प्रतिशत रकम उक्त **"एस-५"** परीक्षण रुटबाट संचालन गरिरहेका सवारी साधनहरु विस्थापित गराए वापत नेपाल सरकारबाट प्राप्त हुने १५ प्रतिशत रकम पुन: पूँजीकरण वापतकोष मार्फत उपलव्ध गराइने छ ।

(ङ) नपुग बाँकी ५ प्रतिशत रकम बस संचालक कम्पनीले स्व:लगानी (Equity Participation) वापत लगानी गर्नुपर्नेछ ।

सम्झौता बमोजिम **"एस-५"** रुटमा तोकिए बमोजिमका मापदण्डका सार्वजनिक सवारी साधनहरु खरिद गर्न ढिलाई भएका कारण वा सम्झौता भए पश्चात् उक्त सवारी साधनहरुको मूल्यमा वृद्धि हुन गएमा उक्त रकम कम्पनीले नै व्यहोर्नु पर्नेछ ।

कम्पनीले कोषसंग लिएकोऋण रकम बस सञ्चालन भएको मितिबाट गणना गरी ६ वर्ष भित्र ऋण रकमको साँवा तथा व्याज रकमलाई ७२ (बहत्तर) मासिक किस्तामा प्रत्येक किस्तामा बराबर हुने गरी कोषलाई भुक्तानी गर्नुपर्नेछ ।

### आयोजनाको उपलब्धी:

यस आयोजनाका मुख्य उपलब्धीहरु देहाय बमोजिम रहेकाछन:

(क) हाल काठमाण्डौं दिगो शहरी यातायात आयोजनाले सिफारीश गरेका कम्तिमा दुईवटा परिक्षण रुटहरुमा चल्ने सम्पूर्ण वसहरुलाई एउटै प्रणालीमा आधारित भई संचालनमा आएकोछ ।

(ख) काठमाण्डौ दिगो सहरी यातायात आयोजना ले प्रस्ताव गरे अनुसारका Primary, Secondary र Tertiary Route हरुको पुन: संरचना सम्बन्धी निर्णय लिई सम्पूर्ण सार्वजनिक वस, माइक्रोवस एवं टम्पोहरुलाई सोही अनुरुप संचालनमा ल्याउन यातायात व्यवस्था विभागले सम्बन्धित नगरपालिकाहरु संग छलफल गरी आयोजना अन्तर्गत ८ वटा Primary Routes, १६ वटा Secondary Routes र ४० वटा Tertiary Routes संचालनमा ल्याउन सकिन्छ। यसरी वर्गिकरण गरिएका तीन प्रकारका रुटहरु अनुसार ठूला वस, मिनी वस र माइक्रो/टेम्पो संचालन गर्न सकिन्छ।

(ग) संबद्ध रुटका सम्पूर्ण वस व्यवसायीहरुले उनीहरुको वसको तात्कालिन मूल्यांकनका आधारमा शेयर कायम गर्ने गरी एक छुट्टै कम्पनी स्थापना गरी एउटै कम्पनीबाट संचालन गर्न सक्ने अनुभव प्राप्त भएकोछ।

(घ) दिगो शहरी यातायातका आयोजनाहरुमा सार्वजनिक तथा नीजिक्षेत्रको इक्वीटी लगानी गरी प्रभावकारी रुपमा सार्वजनिक यातायातको स्तरोन्नती गर्न सकिन्छ भन्ने तथ्य प्रमाणित भएकोछ र नीजिक्षेत्रको मनोवल बढेकोछ।

(ङ) नगर विकास कोषले भविष्यमा दिगो सार्वजनिक यातायातका क्षेत्रमा लगानी गर्ने सक्ने अवस्था सृजना भएकोछ।

## आयोजनाको संक्षिप्त विवरण:

| आयोजना/कार्यक्रमको नाम | काठमाण्डौ दिगो शहरी यातायात आयोजना (KSUTP) |
|---|---|
| उद्देश्य | काठमाण्डौ दिगो शहरी यातायात आयोजना (KSUTP) |
| सम्झौता मिति | २५ मार्च २०१३ २९ डिसेम्बर २०१७ |
| आयोजनाको अवधि | २९ डिसेम्बर २०१७ |
| वित्तिय स्रोत | एशियाली विकास बैक तथा विश्व वातावरण सुविधा (GEF) |
| आयोजना/कार्यक्रम संचालन भएको परीक्षण रुट | काठमाण्डौ उपत्काको एस-५ परीक्षण रुट, नयाँ वसपार्क, गोंगब' देखि सिनामंगलसम्म |
| आयोजना/कार्यक्रम संचालन भएको नगरपालिका | २ वटा परिक्षण रुटहरुका लागि छुट्टयाइएको ३८ लाख अमेरिकी डलर बराबरको अनुदान रकम मध्ये एस-५ परिक्षण रुट मा १७ वटा न्यून प्रदुषणयुक्त बसहरु खरिदको लागि ६ करोड ९६ लाख मध्ये नगर विकास कोष बाट ५ करोड ५६ लाख ऋण (८०%) तथा १ करोड ४ लाख (१५%) अनुदान रकम प्रवाह भएको र बाँकि ३४ लाख (५%) बस प्रदायक कम्पनीले लगानी गरेको |
| आ.ब. २०७४।७५ सम्मको प्रगति | काठमाण्डौ उपत्काको एस-५ परिक्षण रुट, नयाँ वसपार्क, गोंगबु' देखि सिनामंगलसम्म २६ वटा माईक्रो वस तथा ३५ वटा सफा टेम्पो गरी जम्मा ६१ वटा सवारी साधनहरूलाई विस्तापित गर्दै SPV कम्पनी श्री दिगो सार्वजनिक यातायात प्रा.लि. मार्फत १७ वटा यूरो-४ स्तरको न्यून प्रदुषणयुक्त वसहरु मिति ८ श्रावण ०७५ देखि संचालनमा आई सेवा प्रदान गरिरहेको। |

## २.१३ प्रतिफलमा आधारित फोहरमैला व्यवस्थापन कार्यक्रम (OBA for Solid Waste Management)


शहरको फोहर व्यवस्थापनलाई वित्तीय, वातावरणीय, र संस्थागत दृष्टिकोणले दिगो रुपमा व्यवस्थापन गर्न विश्व बैंकको सहयोगमा **प्रतिफलमा आधारित सहयोगका लागि विश्वव्यापी साझेदारी** (Global Partnership in Output Based Aid, GPOBA) कार्यक्रम अन्तर्गत कोषलाई विश्व बैंकले आयोजना अवधि भर (सन् २०१३ देखि २०१७) का लागि ४४ लाख ८८ हजार अमेरिकी डलर अर्थात जम्मा रु. ४० करोड ७३ लाख बराबरको अनुदान उपलब्ध गराएको थियो । उक्त सहयोग रकम प्रतिफलमा आधारित फोहरमैला व्यवस्थापन कार्यक्रम संचालनार्थ धनकुटा, तानसेन, पोखरा (हाल पोखरा-लेखनाथ), घोराही र ललितपुर नगरपालिकाहरु छनौटमा परेका थिए ।

### उपलब्धी

प्रतिफलमा आधारित फोहरमैला व्यवस्थापन आयोजना (Output Based Aid for Solid Waste Management) अन्तर्गत सहभागी ५ वटा नगरपालिकाहरुमा (धनकुटा, ललितपुर, पोखरा–लेखनाथ, तानसेन र घोराही) नगरपालिकाहरुले फोहरमैला व्यवस्थापन गर्दा नगरपालिकाले उपलब्ध गराउने फोहर मैला व्यवस्थापन सेवाको मापदण्ड तथा गुणस्तर र सेवा उपलब्ध गराउनका निमित्त नगरबासीले तिर्नु पर्ने शुल्क सम्बन्धी ४ बर्षको बिस्तृत कार्ययोजना तयार पारि प्राबिधिक (Technical) र वित्तीय (Financial) व्यवस्थापन गर्ने सूचकहरुको आधारमा कार्यान्वन हुँदै फोहरमैला व्यवस्थापनमा सहभागी नगरपालिकाहरु आत्मनिर्भर हुने तर्फ अग्रसर भएका छन । साथै फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक मेसिनरी सामाग्रीहरु अनुदानबाट खरिद गरिएको र क्षमता विकास कार्यक्रमहरु संचालन गरिएका छन ।

यस कार्यक्रमलाई संक्षेपमा देहाय वमोजिम चित्रण गरिएको छ ।

| आयोजना/कार्यक्रमको नाम | प्रतिफलमा आधारित अनुदानका लागि विश्वव्यापी साझेदारी कार्यक्रम |
|---|---|
| उद्देश्य | **सहभागी नगरपालिका प्रतिफलमा आधारित दिगो फोहरमैला व्यवस्थापनलाई संस्थागत गर्ने** |
| सम्झौता मिति | २५ मार्च २०१३ |
| आयोजनाको अवधि | २१ जुन २०१३ देखि ३० जुन २०१७ सम्म |
| वित्तिय स्रोत | विश्व बैंक (WB) मार्फत GPOBA Trust Fund(GEF) |
| आयोजना/कार्यक्रम संचालन भएको नगरपालिका | धनकुटा, तानसेन, पोखरा (हाल पोखरा-लेखनाथ), घोराही र ललितपुर नगरपालिकाहरु |
| आयोजना/कार्यक्रमको कूल लागत | अमेरिकी डलर ४.२८ मिलियन |
| आ.ब. २०७४।७५ सम्मको प्रगति | कूल अनुदान लगानी– रु. ३६ करोड १० लाख<br>कूल स्वीकृत आयोजना संख्या: ५ वटा<br>सम्पन्न आयोजना संख्या: ५ वटा |



फोटो नं. १३ : नगर विकास कोषको अनुदान सहयोगमा संचालित प्रतिफलमा आधारित फोहरमैला व्यवस्थापन आयोजना अन्तर्गत धनकुटा नगरपालिकाले लाण्डफिल साईटलाई उदाहरणीय रूपमा व्यवस्थापन गरी रमणीय बगैचाको रूपमा परिणत गरेको दृश्य ।

## २.१४ शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम: उदीयमान नगर आयोजना (UGDP:ETP)

शहरी विकास, लोकतान्त्रिक र समावेशी स्थानीय सुशासन पद्धतिको संस्थागत विकासमा सघाउ पुर्याउन नेपाल सरकार, शहरी विकास मंत्रालय, विश्व बैंक र जि.आई.जेड का बीचमा सहकार्य गर्ने सहमति भए अनुरुप यस कार्यक्रमको प्रथम चरणमा छनौटमा परेका ६ वटा नगरपालिकाहरु (मेचीनगर, ईटहरी, धनकुटा, तानसेन, बाग्लुङ् एवं लेखनाथ) मा संचालन हुने गरी शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम:उदीयमान नगर आयोजना (Urban Governance and Development Programme:Emerging Towns Project: UGDP/ETP) अन्तर्गत विश्व बैंकले नेपाल सरकारलाई सन् २०११ मा ३ करोड ५१ लाख अमेरिकी डलर उपलब्ध गराएको थियो । उक्त सहयोग मध्ये छनौटमा परेका नगरपालिकाहरुको सामाजिक तथा आर्थिक पूर्वाधारहरुको विकासका लागि कोषको लगानी नीति अनुरुप २ करोड १३ लाख अमेरिकी डलर ऋण तथा अनुदान स्वरुप लगानी गर्ने गरी कोषलाई उपलब्ध गराएको थियो । यस्तै गरी उक्त कार्यक्रम अन्तर्गत कोषको संस्थागत विकास तथा सुदृढिकरणका निम्ति १६ लाख अमेरिकी डलर बराबरको प्राविधिक सहयोग समेत प्राप्त भएको थियो ।

विश्व बैंकबाट कोषलाई यस कार्यक्रम संचालनका लागि छनौटमा परेका नगरपालिकाहरुमा प्राथमिकता प्राप्त उप-आयोजनाहरु (Sub-Projects) छनौट गरी कार्यान्वयन गर्नुपर्ने; कोषले आफ्नो व्यावसायिक पुन: संरचना कार्ययोजना नेपाल सरकारबाट स्वीकृत गरी लागु गराउनुपर्ने; नगर विकास कोष एवं नेपाल सरकारका बीच विश्व बैंकलाई मान्य हुने गरी सहायक ऋण सम्झौता हुनुपर्ने; नेपाल सरकार एवं नगरपालिकाहरु बीच आयोजना सहमति पत्रमा हस्ताक्षर हुनुपर्ने र कोषको व्यावसायिक योजना तथा कार्य संचालन निर्देशिका तयार हुनुपर्ने जस्ता प्रावधान रहेका कारण कोषले सम्पूर्ण पक्षको सहयोगबाट सक्षम बन्ने अवसर पाई यस कार्यक्रमबाट कोषको संस्थागत सुदृढीकरण बलियो हुन गएको छ ।

### उपलब्धी

यस कार्यक्रम अन्तर्गत कोषले प्रथम चरणमा छनौटमा परेका ६ वटा नगरपालिकाहरु (मेचीनगर, ईटहरी, धनकुटा, तानसेन, बाग्लुङ् एवं लेखनाथ) मा कूल १६ करोड ५१ लाख ऋण लगानी गरेको थियो भने रु. ५४ करोड ८४ लाख अनुदान प्रवाह गरेको थियो । यस कार्यक्रमको संचालनबाट सहभागी नगरपालिकाहरुको योजना तर्जुमा, नगर स्तरीय पूर्वाधार विकासका कार्यमा नगरपालिकाहरुको क्षमता विकास तथा सुदृढीकरणमा महत्वपूर्ण योगदान दिएको थियो ।

| आयोजना/कार्यक्रमको नाम | शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम:उदीयमान नगर आयोजना: |
|---|---|
| उद्देश्य | शहरी विकास क्रियाकलापहरुको योजना तर्जुमा, कार्यान्यन र लगानी गर्नको लागि सहभागी नगरपालिकाहरुको क्षमता सुधार । |
| आयोजनाको स्वीकृती | ३० जून, २०११ |
| आयोजनाको अवधि | ३१ जनवरी, २०१७ |
| वित्तिय स्रोत | विश्व बैंक |
| प्रमुख आयोजनाहरु | • सडक व्यवस्थापन–मेचीनगर, बाग्लुङ्ग, लेखनाथ, ईटहरी, तानसेन ।<br>• बजार व्यवस्थापन–धनकुटा<br>• पार्क व्यवस्थापन –तानसेन, बाग्लुङ्ग, लेखनाथ धनकुटा |
| आयोजना/कार्यक्रमको कूल लागत | ऋण लगानी– रु.१६ करोड ५१ लाख<br>अनुदान लगानी रु. ५४ करोड ८४ लाख<br>ऋण असुली– १०६ प्रतिशत<br>आयोजना संख्या: १७ वटा |

# ३. नगर विकास कोष र अन्तर्राष्ट्रिय संघ संस्थाको सहकार्यमा संञ्चालित कार्यक्रमहरू

## ३.१ नेपाल उर्जा दक्षता कार्यक्रम-तेस्रो चरण (Nepal Energy Efficiency Programme-III Phase)

### कार्यक्रमको अवधारणा

उर्जा दक्षता (Energy Efficiency) एउटा राष्ट्रिय कार्यक्रम हो, जुन हाम्रो जस्तो विकासोन्मुख र उर्जा संकट भ्फेलीरहेको देशका नागरिकहरुको दैनिक जीवनमा, कल-कारखानाहरुमा तथा सार्बजनिक पुर्बाधार हरुमा प्रयोग हुने उर्जा खपतमा चुस्तता (Efficiency) ल्याउने तथा हामी संग उपलब्ध भएको वहुमुल्य उर्जालाई उच्चतम ढंगले सहि उपयोग गर्ने तर्फ लक्षित छ । यसका लागी नगरपालिका तथा खानेपानी उपभोक्ता संस्थाहरुबाट कुनै पनि किसिमको सार्बजनिक पुर्बाधार सम्बन्धी आयोजनाहरु, जस्तै खानेपानीका पम्पहरु, सिंचाईका पम्पहरु, सार्वजनिक बत्तीहरु, बस पार्क, शीत भण्डार, सिटि हल, अस्पताल तथा अन्य भवन लगायतका पूर्वाधारका संरचनाहरुमा डिजाईनको चरण देखिनै उर्जा दक्षता सम्बन्धी अवधारणा र कम्पोनेण्ट समावेश गरिनु आवश्यक हुन्छ जसले गर्दा परम्परागत भन्दा न्यून मर्मत तथा संचालन खर्चमा दिगो सार्बजनिक पुर्बाधारहरु निर्माण तथा संचालन गरी सेवा प्रवाह गर्न मद्दत पुग्दछ ।

यसै सन्दर्भमा, नेपाल सरकार र संघीय गणतन्त्र जर्मनी सरकार बीचको द्विपक्षीय सम्भ्फौता बमोजिम नेपालमा उर्जा दक्षता प्रबर्द्धन गर्न सन् २०१० देखि नेपाल उर्जा दक्षता कार्यक्रम (Nepal Energy Efficiency Programme- NEEP) संचालनमा रहेको छ । नेपाल सरकार उर्जा मन्त्रालय मातहत संचालन भई रहेको NEEP कार्यक्रमको दोस्रो चरण (जुलाई २०१४ देखि जुन २०१७ सम्म) अन्तरगत सार्बजनिक पुर्बाधारहरुमा उर्जा दक्षताको बजार प्रबर्द्धन गर्ने उद्देश्यका साथ नगर विकास कोष आवद्ध रहदै आएको छ । हाल NEEP कार्यक्रमको तेस्रो चरणको सम्भ्फौता उर्जा मन्त्रालय र जर्मन प्राबिधिक सहयोग संस्था जीआईजेड बीच मिति २९ डिसेम्बर २०१७ मा सम्पन्न भई सो अन्तर्गतको कम्पोनेन्ट सार्बजनिक पुर्बाधारहरुमा उर्जा दक्षताको बजार प्रबर्द्धन गर्ने प्रमुख उद्देश्यका साथ नगर विकास कोषको लगानी रहेको सहभागी १२ वटा नगरपालिकाहरु तथा १२ वटा खानेपानी उपभोक्ता समितिहरुमा उर्जा दक्षता प्रबर्द्धन सम्बन्धी बिभिन्न कार्यक्रमहरु संचालन भई रहेको छ ।

उर्जा मन्त्रालयको मातहत संचालन हुँदै आएको तेस्रो चरणको कार्यक्रममा नगर विकास कोष लगायत बिद्युत विकास बिभाग, नेपाल बिद्युत प्राधिकरण, प्राविशिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, त्रिभुवन विश्वविद्यालय (इन्जिनियरिङ्ग अध्ययन संस्थान) र नेपाल उद्योग वाणिज्य महासंघ यस कार्यक्रम कार्यान्वनमा सहयोगी संस्थाहरुको रुपमा आबद्ध रहेका छन् ।



फोटो नं. १४ : बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई आयो जना अन्तर्गत संचालनमा रहेको खानेपानी पम्पिङ्ग केन्द्रको बिज्ञ टो लीबाट उर्जा दक्षता मापन गरिदै ।

### कार्यक्रमको उद्देश्य

नगर विकास कोषको ऋण लगानीमा निर्मित सहभागी १२ वटा नगरपालिकाहरु तथा १२ वटा खानेपानी उपभोक्ता समितिहरुको सार्वजनिक पुर्वाधारहरुमा उर्जा दक्षताको बजार प्रबर्द्धन गर्न प्राबिधिक सहयोग मार्फत ती संस्थाहरुको क्षमता विकास गर्ने यस आयोजनाको प्रमुख उद्देश्य रहेकोछ ।

### नेपाल उर्जा दक्षता कार्यक्रम संचालन भएका नगरपालिका तथा खानेपानी संस्थाहरु:


#### नगरपालिका तर्फ:

उर्जा दक्षता कार्यक्रमलाई अन्तरगत आधारभूत रुपमा क्षमता अभिवृद्धि गर्न भीमदत्त धनगढी, नेपालगंज, बुटवल, सिद्धार्थनगर, पोखरा, भद्रपुर, धुलिखेल, बिरगञ्ज, बिराटनगर, धरान, र बीरेन्द्रनगर ।

#### खानेपानी उपभोक्ता संस्था तर्फ:

खानेपानी उपभोक्ता संस्थाहरु अत्तरिया उपभोक्ता संस्था, तुल्सीपुर खानेपानी उपभोक्ता संस्था, लेखनाथ खानेपानी उपभोक्ता संस्था, सल्यान खानेपानी उपभोक्ता संस्था, कावासोती खानेपानी उपभोक्ता संस्था, मेघौली खानेपानी उपभोक्ता संस्था, गोरखा खानेपानी उपभोक्ता संस्था, कमलामाई खानेपानी उपभोक्ता संस्था, पर्सा खानेपानी उपभोक्ता संस्था, ईटहरी खानेपानी उपभोक्ता संस्था, बिर्तामोड खानेपानी उपभोक्ता संस्था, र धनकुटा खानेपानी उपभोक्ता संस्था कोष संग सहकार्य गरी उर्जा दक्षता कार्यक्रम खानेपानीको पुर्वाधारमा लागू गर्न प्रतिवद्ध रहेकाछन् ।

| आयोजना/कार्यक्रमको नाम | नेपाल उर्जा दक्षता कार्यक्रम - तेस्रो चरण |
|---|---|
| उद्देश्य | नेपालमा सार्वजनिक पुर्वाधारमा उर्जा दक्षताको प्रवर्द्धन तथा उर्जा दक्षता बजारको विकास |
| सम्झौता मिति | २९ डिसेम्बर २०१७ (उर्जा मन्त्रालय र जर्मन प्राबिधिक सहयोग बीच) |
| आयोजनाको अवधि | जनवरी २०१८ देखि डिसेम्बर २०२० सम्म |
| वित्तिय स्रोत | संघीय गणतन्त्र जर्मनी सरकार (BmZ), जर्मन प्राविधिक सहयोग (GiZ) |
| आयोजना/कार्यक्रम संचालन भएको नगरपालिका | • नगरपालिका तर्फः भीमदत्त, धनगढी, नेपालगंज, बुटवल, सिद्धार्थनगर, पोखरा, भद्रपुर, धुलिखेल, बिरगञ्ज, बिराटनगर, धरान, र बीरेन्द्रनगर उप-महानगरपालिका कोषसंग सहकार्य गरी रहेकाछन । <br>• खानेपानी उपभोक्ता संस्थाहरु तर्फः अत्तरिया, लेखनाथ, सल्यान, कावासोती, मेघौली, गोरखा, कमलामाई, पर्सा, ईटहरी, बिर्तामोड, र धनकुटा खानेपानी उपभोक्ता संस्था कोष संग सहकार्य सहकार्य गरी रहेकाछन । |
| आयोजना/कार्यक्रमको कूल लागत | यूरो १४६,५०० |
| आ.ब. २०७४।७५ सम्मको प्रगति | *सहभागी १२ वटा नगरपालिकाहरुका मेयरहरु तथा १२ वटा खानेपानी उपभोक्ता समितिका अध्क्षयहरुको सहभागीतामा कार्य योजना सम्बन्धी छलफल सम्पन्न गरी सार्वजनिक पूर्वाधार हरुमा उर्जा दक्षता समाबिस्ट गर्ने कार्यक्रम चालु अवस्थामा रहेको* |




नक्शा नं. ७ : नेपाल उर्जा दक्षता कार्यक्रम अन्तर्गत GiZ को प्राबिधिक सहयोगमा उर्जा दक्षता सम्बन्धी कार्यक्रमका सहभागीहरू
(१२ वटा नगरपालिकाहरु र १२ वटा साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरु)

## ३.२ संयुक्त राष्ट्र पुंजी विकास कोष संगको सहकार्य (United Nations Capital Development Fund –UNCDF Cooperation)

### कार्यक्रमको अवधारणा

नेपालको संबिधान (२०७२) अनुसार नेपाल राष्ट्र संघीय संरचनामा प्रवेश गरेको र २०७४ साल बैशाखमा सम्पन्न भएको स्थानीय तहको निर्वाचन मार्फत स्थानीय तहमा झन्डै २ दशक पश्चात जनप्रतिनिधिहरु निर्वा्चित भएको नयाँ परिवेशमा स्थानीय तह र (नगरपालिका) र नगर विकास कोष समेतको वित्तीय व्यवस्थापन क्षमता विकास गरी पुर्बाधार बिकासका लागि पुंजीगत लगानीका विभिन्न नविनतम बिधिहरु अबलम्बन गर्न कार्यक्रमको लागि नगर विकास कोष र संयुक्त राष्ट्र पुंजी विकास कोष (UNCDF) बीच आवश्यक सहकार्यको लागि मिति २५ मंसीर २०७४ (11 December 2017) मा सम्झौता भएको छ । यस कार्यक्रम अन्तर्गत संयुक्त राष्ट्र पूँजी विकास कोष को प्राविधिक सहयोगमा नगर विकास कोष तथा सहभागी १० वटा नगरपालिकाहरुको वित्तीय व्यवस्था र क्षमता विकास गरी शहरी पूर्वाधार विकासका लागि पूँजीगत लगानी परिचालन गर्न विभिन्न नविनतम विधिहरु अवलम्वन गरिनेछ ।

### कार्यक्रमको उद्देश्य

नगरपालिकाहरु र नगर विकास कोषको वित्तीय व्यवस्थापन र क्षमता विकास गरी पूर्वाधार विकासका लागि पूँजीगत लगानीका विभिन्न नविनतम विधिहरु अवलम्वन गर्ने ।

संक्षेपमा यस कार्यक्रमलाई देहाय वमोजिम चित्रण गरिएको छ ।

| आयोजना/कार्यक्रमको नाम | |
|---|---|
| उद्देश्य | सहभागी नगरपालिकाहरु र नगर विकास कोषको वित्तीय व्यवस्थान तथा क्षमता विकास गरी पुँजीगत लगानीका नविनतम बिधि अपनाउने । |
| सम्झौता मिति | ११ डिसेम्बर २०१७ |
| आयोजनाको अवधि | ३१ डिसेम्बर २०१९ |
| वित्तिय स्रोत | संयुक्त राष्ट्र पूँजी विकास कोष (UNCDF) र नगर विकास कोष |
| आयोजना संचालन हुने नगरपालिकाहरु | १० वटा नगरपालिकाहरु (भद्रपुर, मेचीनगर, इटहरी, धरान, हेटौडा, तानसेन, बुटवल, तुल्सीपुर, धनगढी र भीमदत्त |
| आयोजना/कार्यक्रमको कूल लागत | |
| आ.ब. २०७४।७५ सम्मको प्रगति | १० वटा सहभागी नगरपालिकहरुको छनौट प्रकृया पूरा गरी वित्तीय व्यवस्थापन सम्बन्धी बिभिन्न प्रशिक्षण प्रदान गरी त्यस मध्ये पहिलो चरणमा ५ वटा (धरान, हेटौडा, बुटवल, तुल्सीपुर र भीमदत्त) नगरपालिकाहरुको Credit Assessment गर्ने काम सम्पन्न गरिएकोछ । |




फोटो नं. १५ : नगर विकास कोष र संयुक्त राष्ट्र पुंजी कोषको संयुक्त तत्वावधानमा आयोजित नगरपालिकाको वित्तीय व्यवस्थापन सम्बन्धी कार्यशाला गोष्ठीका श्रोत व्यक्तिहरु

## ३.३ नगरपालिका वित्त व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम (Municipal Finance and Capacity Building)

### कार्यक्रमको अवधारणा:




नेपालको संबिधान २०७२ अनुसार नेपाल संघीय संरचनामा प्रवेश गरेको र २०७४ साल बैशाखमा सम्पन्न भएको स्थानीय तहको निर्वाचन मार्फत स्थानीय तहमा झन्डै २ दशक पश्चात जनप्रतिनिधिहरु निर्वाचित भएको नयाँ परिवेशमा स्थानीय तह (नगरपालिका) र नगर विकास कोष समेतको वित्तीय क्षमता विकास गर्ने कार्यक्रमको लागि नगर विकास कोषको तर्फ बाट नेपाल स्थित युरोपियन युनियन डेलिगेशन टु नेपाल (European Union Delegation to Nepal) स्थानीय निकाय अनुदान शीर्षक (Local Authorities Thematic Budget Line) अन्तर्गत नगरपालिका बित्त व्यवस्थापन तथा क्षमता विकास (Municipal Finance and Capacity Building) कार्यक्रमको लागि अनुदान आवेदन १५ भदौ २०७५ (३१अगष्ट २०१८) मा पेश गरिएकोमा युरोपियन युनियन डेलिगेशन टु नेपाल को मिति २१ मंसीर २०७५ (७दिसम्बर २०१८) को पत्र अनुसार उक्त अनुदान प्रस्ताज स्वीकृत भएको जानकारी प्राप्त भई मिति १६ पौष २०७५ (३१ दिसम्बर २०१८) मा नगर विकास कोष र युरोपियन युनियन डेलिगेशन टु नेपाल युरोपेली बीच अनुदान सहयोगमा सम्झौतामा सम्पन्न भएको छ । युएनसिडीएफको सहयोगमा कार्यक्रमको अवधारणा सहितको विस्तृत आयोजना प्रस्ताव तयार गरी युरोपियन युनियन डेलिगेशन टु नेपालमा पेश गरिएको थियो । युरोपियन युनियन डेलिगेशन टु नेपालबाट उक्त प्रस्ताव स्वीकृत भए पछि शहरी विकास मन्त्रालय र अर्थ मन्त्रालयको सिफारिश सहित नेपाल सरकारले स्वीकृत गरेकोछ ।

### कार्यक्रमको उद्देश्य:

नगरपालिकाहरु र नगर विकास कोषको वित्तीय क्षमता विकास तथा स्थानीय आर्थिक विकास गर्ने ।

### उदेश्य :

(क) नगरपालिकाहरुको दिर्घकालिन रणनीतिक योजनाहरुको विकास तथा अद्यावधिक गर्ने क्षमताको विकास गर्ने ।




नक्शा नं.८ : युरोपेली संघ तथा संयुक्त राष्ट्र पुंजी कोषको प्राबिधिक तथा अनुदान सहयोगमा वित्तीय व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम संचालन हुने/भएका नगरपालिकाहरु

(ख) नगरपालिकाहरुको लागि सुधारिएको शहरी पुर्वाधार तथा अन्य सेवाहरुको बिकासको लागि लगानी योग्य आयोजनाहरुको तयारी गर्न क्षमता विकास गर्ने ।

(ग) नगरपालिकाहरुको समग्र वित्तीय व्यवस्थापन सुधार गर्न नगरपालिकाको क्षमताको विकास गर्ने ।

(घ) नगर विकास कोष मार्फत नगरपालिकहरुमा शहरी पुर्वाधार बिकासका लागी सार्वजनिक नीजिक्षेत्र साझेदारी प्रवर्द्धन सहित आयोजनाहरुमा पुँजीगत लगानी गर्ने क्षमताको विकास गर्ने ।

| आयोजना/कार्यक्रमको नाम | नगरपालिका बित्त व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम (Municipal Finance and Capacity Building) |
|---|---|
| उद्देश्य | नगरपालिकाहरु र नगर विकास कोषको वित्तीय क्षमता विकास तथा स्थानीय आर्थिक विकास र जलबायु अनुकुलन हुने पुर्वाधार निर्माणका लागि नविनतम लगानी बिधि अपनाउने । |
| सम्झौता मिति | ३१ दिसम्बर २०१८ |
| आयोजनाको अवधि | फेब्रुअरी २०१९ देखि जनवरी २०२२ सम्म |
| वित्तिय स्रोत | युरोपियन डेलिगेशन टु नेपाल एवं नगर विकास कोष |
| आयोजना/कार्यक्रम संचालन भएको नगरपालिका | • १५ वटा नगरपालिकाहरु (भद्रपुर, मेचीनगर, इटहरी, धरान, जनकपुर, हरिवन, हेटौडा, धुलिखेल, गोरखा, तानसेन, बुटवल, तुल्सीपुर, बिरेन्द्रनगर, धनगढी र भीमदत्त) |
| आयोजना/कार्यक्रमको कूल लागत | कार्यक्रमको कूल बजेट: यूरो २,११६,६५४।००<br>(क) युरोपियन युनियन डेलिगेशन टु नेपालले वेहोर्ने रकम:<br>युरो १,९९६,१९१।१० (९४.३१ प्रतिशत)<br>(ख) नगर विकास कोषले वेहोर्ने रकम: युरो १२०,४६३. (५.६९ प्रतिशत) |
| आयोजनाको अवस्था | क) नेपाल सरकारबाट प्रस्ताव स्वीकृत<br>ख) कोषको खातामा रकम प्रवाह<br>ग) विस्तृत कार्ययोजना तयार |

## ३.४ हरित जलवायु कोष (Green Climate Fund)

### कार्यक्रमको अवधारणा

हरित जलवायु कोष संयुक्त राष्ट्र संघको जलवायु परिवर्तन सम्मेलन (UNFCC) द्वारा निर्देशित एक बहुपक्षिय वित्तीय संस्था हो । यो कोष विकासोन्मुख राष्ट्रहरुमा हरितगृह ग्याँस उत्सर्जन सीमित वा न्यूनीकरण गर्ने र वातावारणीय दृष्टिले जोखिमयुक्त समुदायहरुलाई जलवायु परिवर्तनका कारणले परेका प्रभावहरु प्रति अभ्यस्त बनाउन सहयोग गर्ने प्रतिबद्धताका साथ सन् २०१० मा स्थापना भएको हो, जसमा नेपाल लगायत १९४ राष्ट्रहरु सदस्य रहेका छन् ।

हरित जलवायु कोषले राष्ट्रहरुको हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन बिकासमा सहयोगमा गर्ने उद्देश्य लिएको छ । साथै यस कोषले विकासोन्मुख देशहरुले जलवायु परिवर्तनमा लगानीमा स्वामित्व र जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणा कार्यक्रम एवं राष्ट्रिय कार्ययोजनामा समायोजन गर्ने प्रयत्नलाई सम्बोधन गर्दछ ।

हरित जलवायु कोष (GCF) ले अनुकूलन र प्रभाव न्यूनीकरणका कार्यक्रमहरुमा सन्तुलन कायम गरी लगानी गर्ने लक्ष्य राखेकोछ। यस अन्तर्गत ५० प्रतिशत लगानी बिशेषगरी जोखिमपुर्ण देश जसमा अतिकम बिकसित मुलुक (LDC), संकटयुक्त मुलुक (SIDS) र अफ्रिकी मुलुकमा अनुकुलनका कार्यक्रमहरुका लागि लक्षित गरिएको छ ।

हरित जलवायु कोषको शासकीय संयन्त्रले प्रत्येक देशको जलवायु परिवर्तनसंग सम्बन्धित एउटा नीति अनुरुपको कार्यक्रममा आर्थिक सहायता प्रदान गर्ने र राष्ट्रिय तहमा साझेदारी वा सहकार्य हुने कुरा स्पष्ट पारेको छ । यसका लागी सबै विकासोन्मुख देशहरुले राष्ट्रिय तोकिएको एउटा निकायप्रस्तावित गरेका छन्, नेपालको सन्दर्भमा अर्थ मन्त्रालय अन्तर्गत राष्ट्रिय निकाय (NDA) रहेकोछ । जसले नेपाल र जलबायु कोषको बिचमा संचारको लागि सम्पर्क बिन्दुको रुपमा रहेर कार्य गर्दछ । यसै अनुरुप नेपालको लागि अर्थ मन्त्रालयले

तोकिएको राष्ट्रिय निकाय (NDA) को भूमिका निर्वाह गरी रहेको छ ।

### कार्यक्रमको उद्देश्य

हरित जलवायु कोषले राष्ट्रहरुको हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन बिकासमा सहयोगमा गर्ने उद्देश्य लिएकोछ। साथै यस कोषले विकासोन्मुख देशहरुले जलवायु परिवर्तनमा लगानीमा स्वामित्व र जलवायु परिवर्तन न्यूनीकरण कार्यक्रम एवं राष्ट्रिय कार्ययोजनामा समायोजन गर्ने प्रयत्नलाई सम्बोधन गर्दछ ।कोषले जलवायु अनुकूलन र प्रभाव न्यूनीकरणका कार्यक्रमहरुमा सन्तुलन कायम गरी लगानी गर्ने लक्ष्य राखेकोछ ।

नगर विकास कोषले हरित जलवायु कोषको मान्यता (Accreditation) प्राप्त गरी हरित जलवायु कोषको वित्तीय कोष परिचालन गरी नेपालमा जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणका पुर्बाधार बिकासमा लगानी गर्नेछ ।

### वित्तीय लगानी

हरित जलवायु कोषको मान्यता प्राप्त गरी जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणका पुर्बाधार बिकास गर्न लगानीका लागि नगर विकास कोष मार्फत लागि अनुदान र सरल ऋण (Concessional Loan), इक्विटी र ग्यारेन्टीका रुपमा वित्तीय कोष परिचालन गरी राष्ट्रिय आयोजनाको लागि अमेरिकी डलर ५० देखि २५० मिलियन सम्मको लगानी गर्न सक्ने प्रावधान रहेको देखिन्छ ।

नगर विकास कोषको तर्फ बाट हरित जलवायु कोषको मान्यता प्राप्त गर्नका लागि तोकिएको ढाँचामा बिस्तृत आवेदन प्रकृया (Online Accreditation Process) अगाडी बढाइएको र हाल ७ खण्डको अनलाईन आवेदन फारम, आवश्यक कागजातहरु सहित, पूर्ण रुपमा भरि आवेदन बुझाउने (upload) कार्य सम्पन्न भई पहिलो चरणको आवेदन प्रकृया सम्पन्न भई सकेकोछ । यसको लागि देहायको शुल्क कोषले चाँडै हरित जलवायु कोषमा बुझाउनेछ:

(क) आर्थिक कोष परिचालन गर्ने श्रेणी (मझौला अमेरिकी डलर ५० मिलियन देखि अमेरिकी डलर २५० मिलियन सम्म)

(ख) आवेदन गरिने निम्न अनुसारको कोष परिचालन गर्ने गतिबिधि तथा स्तर अनुसारको आवेदन शुल्क:
–सामान्य श्रेणी (Basic Fiduciary Standard)
अमेरिकी डलर १०,०००
–बिशेष श्रेणी (Specialized Fiduciary Standards)

(ग) आजोजना व्यवस्थापन (Project Management)
अमेरिकी डलर ३,०००

(घ) अनुदान परिचालन (Grant Award)
अमेरिकी डलर ३,०००

(ङ) ऋण तथा मिश्रण परिचालन (on-lending/blending)
अमेरिकी डलर ३,०००

**जम्मा अमेरिकी डलर १९,००० (अमेरिकी डलर उन्नाईस हजार मात्र)**

यस कार्यक्रमलाई संक्षेपमा देहाय वमोजिम चित्रणगरिएको छ ।

| आयोजना/कार्यक्रमको नाम | हरित जलवायु कोषमा सोझै पहुँच प्राप्त गर्ने (GCF Accreditation) तथा लगानी परिचालन |
|---|---|
| उद्देश्य | हरित जलवायु कोष (GCF) मा पहुँच स्थापित गरी जलवायु परिवर्तनको प्रभावलाई थेग्न सक्ने (resilient) सार्वजनिक पूर्वाधारहरु निर्माण तथा स्तरोन्नती गर्न हरित जलवायु कोषबाट सहुलियत ऋण तथा अनुदान परिचालन गरी नेपालका नगरपालिकाहरुमा लगानी गर्ने । |
| सम्झौता मिति | नेपाल सरकार, अर्थ मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय निकाय National Designated Authority-NDA) बाट मिति २०७४/०७/२७ को पत्र मार्फत हरित जलवायु कोष प्राबिधिक समितिको मिति २०७४/०७/१९ को हरित जलवायु कोषको निर्णय अनुसार नगर विकास कोषलाई Direct Access Entity को लागि आवेदन गर्न छनौट गरिएको । |
| वित्तिय स्रोत | हरित जलवायु कोष (GCF) |
| आयोजना/कार्यक्रम संचालन भएको नगरपालिका | कार्यान्वयनको चरणमा छनौट गरिने । आयोजना तयारी गर्ने । नगरपालिका चयन गर्ने । |
| आयोजना/कार्यक्रमको कूल लागत | अमेरिकी डलर ५० देखि २५० मिलियन सम्मका आयोजना । |
| आयोजनाको अवस्था | • प्रस्तावका लागि विभिन्न आयोजनाको अवधारणा तयारीको चरणमा । |

❖❖❖

# ४. कोषको वित्तीय अवस्था

कोषले नेपाल सरकार तथा दातृ निकायहरूको स्रोत विभिन्न आयोजनाहरूका लागि ऋण तथा अनुदान परिचालन गर्दै आएको छ। कोषको कार्यालय संचालन व्यवस्था अनुसार दैनिक कार्य संचालन लगायत कर्मचारीहरूको खर्च स्वयं आम्दानीबाट व्यहोरिने र कार्यक्रम तर्फको खर्च नेपाल सरकारको बजेट प्रणालीबाट विनियोजन भै ऋण तथा अनुदान प्राप्त हुने गर्दछ।

कोषले व्यवसायिक रूपमा नेपाल सरकार तथा दातृ निकायका सर्त सम्झौताहरू पालना गर्दै लगानी प्रवाहबाट आय आर्जन गरी सफलपूर्वक कार्यालय संचालन खर्च, नेपाल सरकारको दायित्व भुक्तानी, समयमा ऋण असुली गरी वार्षिक रूपमा संचित नाफा बढाउँदै गएको छ।

कोषको लेखा प्रणालीलाई प्रभावकारी बनाउन Accural Basis मा लेखा राखी वित्तिय प्रतिवेदन (Financial Statement) तयार गर्दै आएकोमा हाल वित्तिय प्रतिवेदनलाई स्तरीकरण गर्न र दातृ निकायलाई बढी स्वीकार्य योग्य बनाउन नेपाल सरकारले अवलम्बन गरेको Nepal Financial Reporting System (NFRS) मा भएका नर्मस र स्टाण्डर्डसहरू आ.व. २०७४/७५ देखि लागू गरी वित्तिय प्रतिवेदन तयार गरेको छ।

कोषले नियमित रूपमा नगर विकास कोष ऐन २०५३ मा व्यवस्था भए अनुसार महालेखा परिक्षक कार्यालयको सिफारिसमा लेखा परिक्षक नियुक्ति गरी लेखा परिक्षण गराउँदै आएकोमा हाल वर्तमान संवैधानिक व्यवस्था अनुसार आ.व. २०७४/७५ देखि महालेखा परिक्षकको कार्यालयबाट लेखा परिक्षण भैरहेको छ।

## ४.१ वार्षिक प्रगति (आ.व. २०७४/७५) :

४-५ वर्ष अघिसम्म करीव ६० करोड भन्दा कम वार्षिक लगानी गर्ने कोष हाल ३ अर्ब भन्दा वार्षिक लगानी लक्ष्य राख्ने हैसियतमा पुगेको छ। यद्यपि गत आ.व.मा लगानीको लक्ष्य अनुसार लगानी हुन नसकेको अवस्था छ।

**आ.व. २०७४/७५ को लक्ष्य र प्रगति (ऋण तथा अनुदान)**

रु.हजारमा

| सि.नं. | नेपाल सरकार वा दातृ निकाय | | कार्यक्रम/आयोजना | लक्ष्य | | | प्रगति | | | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अनुदान | ऋण | जम्मा | अनुदान | ऋण | जम्मा | |
| १ | के.एफ.डब्ल्यू. | १.१ | नगर विकास कार्यक्रम दोस्रो तथा तेस्रो चरण | ३७,०५१ | ४२४,९५५ | ४६२,००६ | १२,४८९ | १५८,३९२ | १७०,८८१ | ३७% |
| | | १.२ | नेपाल सरकार म्याचिङ्ग अनुदान | ५०,००० | - | ५०,००० | १६,७९४ | - | १६,७९४ | ३४% |
| | | | **जम्मा** | **८७,०५१** | **४२४,९५५** | **५१२,००६** | **२९,२८३** | **१५८,३९२** | **१८७,६७५** | **३७%** |
| | | १.३ | जिल्ला स्वास्थ्य कार्यक्रम | - | - | - | ३४८ | - | ३४८ | |
| २ | नगर विकास कोष (चक्रिय कोष) | २.१ | के.एफ.डब्ल्यू. चक्रिय कोष | - | १९१,००० | १९१,००० | - | २४,१३७ | २४,१३७ | १३% |
| | | २.२ | नेपाल सरकार म्याचिङ्ग अनुदान (निर्माण) | १७१,००० | - | १७१,००० | ३६,९४० | - | ३६,९४० | २२% |
| | | २.३ | नेपाल सरकार म्याचिङ्ग अनुदान (परामर्श सेवा) | १०,००० | | १०,००० | ९,५८४ | - | ९,५८४ | ९६% |
| **जम्मा** | | | | **१८१,०००** | **१९१,०००** | **३७२,०००** | **४६,५२४** | **२४,१३७** | **७०,६६१** | **१९%** |
| ३ | विश्व बैंक | | प्रतिफलमा आधारित फोहोरमैला व्यवस्थापनका लागि विश्वव्यापी साझेदारी कार्यक्रम | २३०,००० | - | २३०,००० | १८२,६८१ | - | १८२,६८१ | ७९% |
| ४ | एशियाली विकास बेंक | | दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना | - | १२४,४०८ | १२४,४०८ | - | १०७,०६३ | १०७,०६३ | ८६% |
| ५ | एशियाली विकास बैक | | तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना | - | ८६०,००० | ८६०,००० | - | ३९०,१६४ | ३९०,१६४ | ४५% |
| ६ | एशियाली विकास बैक | | मझौला शहर एकीकृत सहरी वातावुरणीय सुधार आयोजना | - | ३००,००० | ३००,००० | - | ११३,८०५ | ११३,८०५ | ३८% |
| ७ | एशियाली विकास बैक | | एकीकृत शहरी विकास आयोजना | - | २८७,००० | २८७,००० | - | १५०,९६१ | १५०,९६१ | ५३% |
| ८ | एशियाली विकास बैक | | काठमाण्डौ दिगो शहरी यातायात आयोजना | ६०,००० | २४०,००० | ३००,००० | १०,४०० | - | १०,४०० | ३% |
| ९ | नगर विकास कोष | | साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना, प्रथम चरण, पुनः निर्माण आयोजना | - | १६०,०४२ | १६०,०४२ | - | ८८,८१८ | ८८,८१८ | ५५% |
| **कुल जम्मा** | | | | **५५८,०५१** | **२,५८७,४०५** | **३,१४५,४५६** | **२६८,८८८** | **१,०३३,३४०** | **१,३०२,२२८** | ४१% |

आ.व. २०७४।७५मा कोषले ऋण तथा अनुदान गरी जम्मा रु. ३ अर्ब १४ करोड ५४ लाख ५६ हजार लक्ष्य राखिएकोमा रु. १ अर्ब ३० करोड २२ लाख २८ हजार लगानी भई ४१ प्रतिशत प्रगति हासिल गरेको छ।

## ४.२ ऋण असुली :

४-५ वर्ष अघि करीव ७० प्रतिशतको हाराहारीमा रहेको ऋण असुली हाल अन्तर्राष्ट्रिय स्तरमै यो प्रगति उच्च मानिन्छ। आ.व. २०७४।७५ को अन्त सम्ममा रु. ६ अर्व ९२ करोड ६० लाख (पूँजीकृत ब्याज सहित) लगानी मध्ये भाखा नाघेको साँवा तथा ब्याज रु. ३ अर्व ३० करोड ८२ लाख भएकोमा रु. ३ अर्व १२ करोड ६७ लाख साँवा तथा ब्याज असुल भई ९४.५१ प्रतिशत प्रगति भएको छ।

### आ.व. २०७४/७५ सम्मको ऋण असुली प्रगति

रकम रु. लाखमा

| आयोजनाको नाम | कुल ऋण लगानी (ब्याज पूँजीकरण सहित) | कुल उठाउन बाँकी ऋण लगानी (ब्याज पूँजीकरण सहित) | असुल हुनु पर्ने | | | असुल भएको | | | असुल हुन बाँकी | | | असुली प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | साँवा | ब्याज | जम्मा | साँवा | ब्याज | जम्मा | साँवा | ब्याज | जम्मा | साँवा | ब्याज | जम्मा प्रतिशत |
| आई.डी.ए. ऋण | १,२४२ | - | १,२६० | ९०९ | २,१६९ | १,२६० | ९०९ | २,१६९ | - | - | - | १०० | १०० | १००.०० |
| नगर विकास कार्यक्रम (जी.टी.जेड. सरल ऋण) | १३५ | - | १३५ | ३० | १६५ | १३५ | ३० | १६५ | - | - | - | १०० | १०० | १००.०० |
| नगर विकास कार्यक्रम प्रथम चरण | १,१३४ | - | १,१३४ | ५६३ | १,६९७ | १,१३४ | ५६३ | १,६९७ | - | - | - | १०० | १०० | १००.०० |
| नगर विकास कार्यक्रम दोस्रो चरण | ३,६३४ | १,७६६ | २,०१२ | १,८६६ | ३,८७८ | २,१२८ | १,७२० | ३,८४८ | (११६) | १४६ | ३० | १०६ | ९२ | ९९.२३ |
| नगर विकास कार्यक्रम तेस्रो चरण | ३,६१२ | २,९५२ | ७९६ | ७९६ | १,५९२ | ९८२ | ७९३ | १,७७५ | (१८६) | ३ | (१८३) | १२३ | १०० | १११.४९ |
| प्रथम चरण साना शहरी खानेपानी तथा सरसफाई आयोजना | ९,४२९ | ५,६७२ | ५,३७२ | ५,७३० | ११,१०२ | ४,८०७ | ५,४१० | १०,२१७ | ५६५ | ३२० | ८८५ | ८९ | ९४ | ९२.०३ |
| दोस्रो साना शहरी खानेपान तथा सरसफाई आयोजना | २०,८८८ | १९,३४६ | २,६०४ | ३,६९० | ६,२९४ | २,३४५ | ३,३६० | ५,७०५ | २५९ | ३३० | ५८९ | ९० | ९१ | ९०.६४ |
| तेस्रो साना शहरी खानेपान तथा सरसफाई आयोजना | ६,४२१ | ६,४२१ | ५० | २१५ | २६५ | ५० | २१५ | २६५ | - | - | - | | - | १००.०० |
| शहरी वातावरण सुधार आयोजना | १,९१३ | १,२६८ | ८४२ | १,०५० | १,८९२ | ७७५ | ९८९ | १,७६४ | ६७ | ६१ | १२८ | ९२ | ९४ | ९३.२३ |
| शहरी शासकीय क्षेमता विकास कार्यक्रम | १,७३१ | १,७०० | ३१ | २१० | २४१ | ४५ | २१० | २५५ | (१४) | - | (१४) | ६९ | १०० | १०५.८१ |
| मझौला सहर एकीकृत सहरी वातावरणीय सुधार आयोजना | ८,१२१ | ८,१२१ | ६७२ | १,००६ | १,६७८ | ५३७ | ८७७ | १,४१४ | १३५ | १२९ | २६४ | १२५ | १०० | ८४.२७ |
| एकीकृत वातावरणीय सुधार आयोजना | ६,५३८ | ६,५३५ | २९ | ७५६ | ७८५ | ५६ | ७५६ | ८१२ | (२७) | - | (२७) | | १०० | १०३.४४ |
| साना शहरी खानेपानी तथा सरसफाई आयोजना-प्रथम चरण (पुनःनिर्माण आयोजना) | २,४९४ | २,४९२ | ३४५ | २२० | ५६५ | २४७ | १७९ | ४२६ | ९८ | ४१ | १३९ | ७२ | ८१ | ७५.४० |
| नगर विकास कार्यक्रम–चक्रीय कोष (आन्तरिक) | १,९६८ | १,०४६ | ५७७ | १८२ | ७५९ | ५९६ | १५९ | ७५५ | (१९) | २३ | ४ | १०३ | ८७ | ९९.४७ |
| **जम्मा** | **६९,२६०** | **५७,३१९** | **१५,८५९** | **१७,२२३** | **३३,०८२** | **१५,०९७** | **१६,१७०** | **३१,२६७** | **७६२** | **१,०५३** | **१,८१५** | **९५** | **९३.८९** | **९४.५१** |


## ४.३ वित्तीय सुचकहरु :

कोषले नियमित रुपमा ऋण परिचालन तथा ऋण प्रभावकारी असुली गर्दै आएको छ। नेपाल सरकारलाई नियमित तथा ऋण तिर्दै आएको छ । कोषको तेस्रो महत्वपूर्ण उद्देश्यको रुपमा रहेको नगरपालिकाकालाई प्राविधिक सहयोग प्रदान गर्न समेत खर्च लगानी गर्दै आएको छ। उपरोक्त दायित्व समेत पुरा गर्दै गत ४-५ वर्ष देखि कोषको खुद नाफा बढ्दो रुपमा रहेको छ। आ.व. २०७१/७२ करीव रु ३३ करोड रहेको कोषको खूद नाफा आ.व. २०७५/७६ मा आइपुग्दा वार्षिक रु. २१ करोड हुन पुगेको छ।


विगत ५ वर्षको ऋण तथा ईक्विटी अनुपातको प्रबृत्ति (Trend)



विगत ५ वर्षको खुद नाफाको प्रबृत्ति (Trend)





विगत ५ वर्षको खुद लगानीको प्रबृत्ति (Trend)



## विगत ५ वर्षको ऋण असुली‍को प्रबृत्ति

### *प्रस्ताव गरिए बमोजिम ऋण अशुलीको यथार्थ अवस्था*

*नोटः कोषको व्यवसायिक योजना अनुसार आ.व. ०७४।७५ मा ९२ प्रतिशत ऋण अशुली हुने प्रस्ताव भएकोमा ९३ प्रतिशत ऋण अशुली भएको*




| | आ.व ०६८।६९ | आ.व ०६९।७० | आ.व ०७०।७१ | आ.व ०७१।७२ | आ.व ०७२।७३ | आ.व ०७३।७४ | आ.व ०७४।७५ |
|---|---|---|---|---|---|---|---|
| प्राप्त गर्नुपर्ने | १,०६६ | १,२४८ | १,३४६ | १,३४५ | १,५६५ | २,७०२ | २,९३२ |
| प्राप्त भएको | ७९६ | ९७१ | १,१४० | १,१४१ | १,३८१ | २,५२७ | २,७३६ |
| ऋण अशुली प्रगती प्रतिशतमा | ७५ | ७८ | ८५ | ८५ | ८८ | ९४ | ९३ |



## ४.४ वित्तीय विवरणहरु :

**वित्तीय अवस्थाको विवरण**
**२०७५ आषाढ मसान्तको**

रकम रु. मा

| विवरणहरु | नोट | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **सम्पति** | | | |
| नगद तथा नगद समान | ३.१ | ७८८,६९९,९१०.१४ | १,०१५,९५८,३६१.५३ |
| नगरपालिकाहरु लाई ऋण तथा पेश्की | ३.२ | ६,९४९,५४७,८१२.९४ | ६,०३६,१९५,२६१.९८ |
| अन्य पेश्की तथा ऋण | ३.३ | २०,४६२,७१३.५० | २१,१२५,६२५.२५ |
| लगानी | ३.४ | १,०५०,०००,०००.०० | ९५०,०००,०००.०० |
| चालु कर सम्पति | ३.५ | (१७,९६३,४१३.४५) | (१३,१६८,१९५.००) |
| सम्पत्ति तथा उपकरण | ३.६ | १४१,२३७,५३७.५२ | १४२,३०१,५४४.०३ |
| अमुर्त सम्पत्ति | ३.७ | २२०,५३२.७३ | ५३४,०९६.९९ |
| स्थगत कर सम्पत्ति | ३.८ | (१,२६९,१९२.०१) | ५८९,१७२.०८ |
| कन्ट्रिब्युसन रिर्सिएवलस् | ३.९ | ४१२,३६६,०४२.११ | ३९८,०६४,६०१.११ |
| अन्य सम्पत्ति | ३.१० | ३९,१९९,६१२.११ | ३२,४८५,०४८.९६ |
| **जम्मा सम्पत्ति** | | **९,३८२,५०१,५५५.५९** | **८,५८४,०८५,५१६.९३** |
| **दायित्व तथा इक्विटी :** | | | |
| **दायित्व** | | | |
| अवितरित अनुदान | ३.११ | ६०४,८२७,४४६.०० | ४३६,६६०,३८५.०० |
| ऋण दायित्व | ३.१२ | ३,८३३,२३६,२८४.२३ | ३,३१४,१०८,०५७.६८ |
| व्यवस्था | ३.१३ | (३३५,०२६.८८) | २,६९७,४२६.१२ |
| स्थगीत कर दायित्व | ३.१४ | - | - |
| अन्य दायित्व | ३.१५ | १,९५७,१२२.१४ | १,२८५,७१६.४७ |
| **जम्मा दायित्व** | | **४,४३९,६८५,८२५.४९** | **३,७५४,७५१,५८५.२७** |
| **इक्विटी** | | | |
| शेयर पूँजी | ३.१६ | २,४५८,३६८,१८५.२१ | २,४५८,३६८,१८५.२१ |
| पूँजी कोष योगदान : | | | |
| नियन्त्रित कोष | ३.१७ | १,१७७,७६४,९९३.५५ | १,३६५,२२५,२५७.८७ |
| नियन्त्रित कोष | ३.१८ | - | - |
| प्रतिधारित आय | | - | - |
| साधारण जगेडा | | - | - |
| सञ्चित मुनाफा/(घाटा) | ३.१९ | १,३०६,६८२,५५१.३४ | १,००५,७४०,४८८.५८ |
| **जम्मा इक्विटी** | | **४,९४२,८१५,७३०.१०** | **४,८२९,३३३,९३१.६६** |
| **जम्मा दायित्व तथा इक्विटी** | | **९,३८२,५०१,५५५.५९** | **८,५८४,०८५,५१६.९३** |

## नाफा नोक्सान तथा विस्तृत आयको विवरण

२०७४ श्रावण १ देखि २०७५ असार ३२ सम्मको

रकम रु. मा

| विवरणहरु | नोट | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| ब्याज आम्दानी | ३.२० | ४६९,७२०,९५८.५२ | ४३६,४९४,२९२.८५ |
| ब्याज खर्च | ३.२१ | ४१,१७६,३४८.५६ | ३१,४०९,५९६.४८ |
| **खुद ब्याज आम्दानी** | | **४२८,५४४,६०९.९६** | **४०५,०८४,६९६.३७** |
| शुल्क तथा कमिसन आम्दानी | ३.२२ | ३,६७०,२३२.८७ | ४,९३९,५७७.०० |
| शुल्क तथा कमिसन खर्च | ३.२३ | १८८,५०२.९१ | ६५२,४३९.०० |
| खुद शुल्क तथा कमिसन खर्च | | **३,४८१,७२९.९६** | **४,२८७,१३८.००** |
| **खुद संञ्चालन आम्दानी** | | **४३२,०२६,३३९.९२** | **४०९,३७१,८३४.३७** |
| अन्य वित्तीय उपकरणवाट फियर भ्यालुको खुद नाफा | | | |
| अनुदान आय | ३.२४ | १९०,५४१,५६३.७४ | १२४,०५५,८६५.५२ |
| अन्य आय | ३.२५ | १,०४५,०८६.३७ | ८९१,५२३.५३ |
| **जम्मा आय** | | **६२३,६१२,९९०.०३** | **५३४,३१९,२२३.४२** |
| वित्तीय सम्पत्तिको खराव नोक्सानी | | - | - |
| सम्पत्ति र उपकरणको खराव नोक्सानी | | १,०९५,५११.८६ | - |
| कर्मचारी खर्च | ३.२६ | २१,४०४,५५७.२४ | २५,४८७,२६०.४० |
| संञ्चालन लिज खर्च | ३.२७ | २,९६२,०८०.०० | २,६९२,८००.०० |
| ह्रास कट्टी र परिषोधन (Amortisation) | ३.६ | १,४९६,२४६.८९ | १,२६१,८४२.३७ |
| अन्य खर्च | ३.२८ | १८,९००,१९५.८४ | १७,००७,४८३.४९ |
| अनुदान खर्च | ३.३० | १९०,५४१,५६३.७४ | १२४,०५५,८६५.५२ |
| खुद पेन्सन लागत | | २,२०९,४७१.०० | ३,७३०,१८७.०० |
| कर्जा जोखिम व्यवस्था | | ४,२३७,०४५.३९ | - |
| कर अघिको मुनाफा | | **३८०,७६६,३१८.०७** | **३६०,०८३,७८४.६४** |
| आयकर खर्च | ३.२९ | ८१,५०१,३६४.०९ | ५८,९४९,४६६.४१ |
| यस अवधिको मुनाफा | | २९९,२६४,९५३.९८ | **३०१,१३४,३१८.२३** |
| अन्य विस्तृत आय | | | |
| **नाफा नोक्सानमा पुन : वर्गिकरण नगरिने बुँदाहरु** | | | |
| पुन : वर्गिकरण गरिएका दायित्व सम्पत्ति र उपदान | | (१,६७७,१०९.००) | ८,२०२,३४५.०० |
| माथि वर्गिकरण गरिएका बुँदाको आयकर | | - | - |
| | | (१,६७७,१०९.००) | ८,२०२,३४५.०० |
| **नाफा नोक्सानमा पुन : वर्गिकरण नगरिएका वा गर्न सकिने बुँदाहरु** | | | |
| विदेशी विनिमय कारोवार वाट भएको फरक | | - | - |
| सम्पत्ति मूल्याङकनमा भएको नाफा नोक्सान | | - | - |
| माथि वर्गिकरण गरिएका बुँदाको आयकर | | - | - |
| फियर भ्यालु जगेडा | | | |
| फियर भ्यालुमा भएको खुद फरक | | - | - |
| पुन वर्गिकरणले नाफा नोक्सानमा खुद फरक | | - | - |
| माथि वर्गिकरण गरिएका बुँदाको आयकर | | - | - |
| | | - | - |
| अन्य विस्तृत आम्दानी र खुद कर | | (१,६७७,१०९.००) | ८,२०२,३४५.०० |
| **जम्मा विस्तृत आम्दानी** | | ३००,९४२,०६२.९८ | २९२,९३१,९७३.२३ |

## नगद प्रवाह विवरण
२०७४ श्रावण १ देखि २०७५ असार ३२ सम्मको

रकम रु. मा

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **कारोवार संञ्चालनवाट नगद प्रवाह** | | |
| ब्याज र कमिशन | ३४२,५५१,२३३.५८ | २२२,४५२,००५.५६ |
| ब्याज खर्च | (६,३३१,६३४.००) | (६,८९६,२००.००) |
| कट्टा गरिएको ऋणको असुली | - | - |
| कर्मचारी र सप्लायरलाई नगद भुक्तानी | (४५,१३१,०२०.६६) | (५३,४२७,९३१.१५) |
| सञ्चालन सम्पत्ति र दायित्व परिवर्तन अघिको सञ्चालन नगर प्रवाह | २९१,०८८,५७८.९२ | १६२,१२७,८७४.४१ |
| **संञ्चालन सम्पतीको घट/बढ** | | |
| मौज्दात | १,९१६.९९ | (४२,८६८.३६) |
| अन्य पेश्की | (११५,५३९.५७) | (३६०,०३४.१५) |
| **ऋणमा परिवर्तन :** | | |
| आयोजनामा ऋण लगानी (टिडिपी /केएफडब्लु ) | (१५८,३९२,६५९.००) | (१६३,४२१,९९६.००) |
| आयोजनामा ऋण लगानी ( एडिबी ) | (७६०,२०८,४१६.९९) | (९९६,८५३,०८६.५९) |
| आयोजनामा ऋण लगानी ( विश्व बैक ) | ०.०० | (६२,५५२,४००.००) |
| इंक्विटी वाट ऋण लगाानी | (११२,९५९,०५५.००) | (२८६,२५७,३६२.००) |
| ऋण असुली | २३६,८००,७६४.५० | २५१,४५७,७३७.९० |
| चक्रिय कोषमा सारिएको ऋण | (५४,४२०,९०४.२२) | (४४,६५८,२४४.३०) |
| **कारोवार सञ्चालनवाट नगद प्रवाह** | **(५५८,२०५,३१४.३७)** | **(१,१४०,५६०,३७९.०९)** |
| आयकर भुक्तानी | (७४,८४७,७८१.५५) | (६३,३९९,६०६.६६) |
| **कारोवार सञ्चालनवाट मौजुदा खुद नगद प्रवाह** | **(६३३,०५३,०९५.९२)** | **(१,२०३,९५९,९८५.७५)** |
| **लगानी कारोवारमा नगर प्रवाह** | | |
| बैंकको मुद्धती खातामा लगानी | (१००,०००,०००.००) | (१००,०००,०००.००) |
| कर्मचारी लाई ऋण लगाानी | (१,७८२,४६८.००) | (२३,७७१,४७२.००) |
| कर्मचारीवाट ऋण असुली | २,६९०,४१४.२५ | २,८८८,५९०.३० |
| सम्पत्ति र उपकरणको विक्री प्रकृया | - | - |
| सम्पत्ति र उपकरणको खरिद | (५७०,४९१.००) | (१३३,००६,१६२.००) |
| अमुर्त सम्पत्तिवाट आर्जन | | (२५,०००.००) |
| **लगानी कारोवारमा मौजुदा खुद नगद प्रवाह** | **(९९,६६२,५४४.७५)** | **(२५३,९१४,०४३.७०)** |

क्रमशः

रकम रु. मा

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **वित्तीय कारोवारवाट नगद प्रवाह** | | |
| पूँजिगत लगानी कोषमा बृद्धि (जिटिजड र केफडब्लु) | | |
| केफडब्लु स्रोत तर्फको कार्यक्रमका लागि प्राप्त रकम | ९२,१८८,६६५.६१ | १३१,११०,९८७.०६ |
| ब्याज आम्दानी र विदेशी मुद्रा सटही नाफा/घाटा | ५८,८७९.२६ | (६,२६५,४६०.४१) |
| नेपाल सरकारवाट प्राप्त ऋण रकम (एडिबी स्रोत तर्फको आयोजना) | ४९६,०००,०००.०० | १,१७७,०००,०००.०० |
| नेपाल सरकारवाट प्राप्त म्याचिङ फण्ड | २२८,५८२,४१०.०० | १३५,२०३,४४१.०० |
| नेपाल सरकारवाट प्राप्त अनुदान रकम (विश्व बैक स्रोत तर्फको आयोजना) | (२४१,२५४,१८६.३२) | १८९,८६५,०००.०० |
| नेपाल सरकारवाट प्राप्त ऋण रकम ( विश्व बैक स्रोत तर्फको आयोजना) | - | (८०,३८०,२२३.००) |
| अनुदान लगानी (न.पा तथा अन्य) | (२६६,६८२,५३६.७४) | (३९७,७६०,५४६.५२) |
| नेपाल सरकारवाट प्राप्त अनुदान रकम ( विश्व बैक स्रोत तर्फको आयोजना) | १७२,०६६,११३.०४ | १५९,४६१,६६३.२० |
| नेपाल सरकारलाई सोधभर्ना फिर्ता (विश्व बैक स्रोत तर्फको आयोजना) | (५४,८९०,०९६.०९) | (३९,९११,७८१.४९) |
| सेवा शुल्क (केएफडब्लु) | (९७०,५०७.८७) | (१,३२९,९७२.००) |
| सेवा शुल्क (विश्व बैक) | - | (२,०५७,९८०.००) |
| सेवा शुल्क (विश्व बैक) | (२,६९९,७२५.००) | (१,५५१,६२५.००) |
| अनुदान प्राप्त (एडिबी) | ९,०८२,३०१.१० | ९,९०५,७७२.८८ |
| चक्रिय कोषमा बृद्धि : | - | - |
| टिडिपी वाट ऋण असुली | ५४,४२०,९०४.२२ | ४४,६५८,२४४.३० |
| टिडिपीको ब्याज तर्फवाट | १९,९५८,८७४.४३ | १३,२९०,४५९.२८ |
| टिडिपी विशेष वचत तर्फवाट | ११,३१२,५८१.६४ | ७,७९६,५२६.६९ |
| नेपाल सरकारलाई ऋण भुक्तानी | (११,७१६,४८८.००) | (११,१५१,९२२.००) |
| **वित्तीय कारोवारवाट मौजुदा नगद प्रवाह** | **५०५,४५७,१८९.२८** | **१,३२७,८८२,५८३.९९** |
| नगद तथा नगद समानमा भएको खुद घट/बढ | (२२७,२५८,४५१.३९) | (१२९,९९१,४४५.४६) |
| नगद तथा नगद समानको शुरुवाती मौज्दात | १,०१५,९५८,३६१.५३ | १,१४५,९४९,८०६.९९ |
| नगद तथा नगद समानमा विदेशी विनिमयदरवाट परेको प्रभाव | - | - |
| **नगद तथा नगद समानको अन्तिम मौज्दात** | **७८८,६९९,९१०.१४** | **१,०१५,९५८,३६१.५३** |

## NFRS बमोजिम विभिन्न शिर्षकहरुमा समायोजन (Adjustment) को विवरण

रकम रु. मा

| शिर्षकहरु | General Accepted Accounting Principle (GAAP) अनुसार | Nepal Financial Reporting System (NFRS) अनुसार | समायोजन (Adjustment) |
|---|---|---|---|
| ब्याज आम्दानी | ४३६,१३२,३२१.४१ | ४६९,७२०,९५८.५२ | ३३,५८८,६३७.११ |
| ब्याज खर्च | ७४,५४६,०२६.०० | ४१,१७६,३४८.५६ | (३३,३६९,६७७.४४) |
| अन्य आय | ६१५,६६१.०३ | १,०४५,०८६.३७ | ४२९,४२५.३४ |
| कर्मचारी खर्च | २४,७९१,१४२.५८ | २१,४०४,५५७.२४ | (३,३८६,५८५.३४) |
| ह्रास कट्टी र परिषोधन **(Amortisation)** | | | |
| ह्रास कट्टी पिई | १,१२६,८१६.०० | १,४१४,२८२.६३ | २८७,४६६.६३ |
| सफ्टवयरको परिषोधन **(Amortisation)** | | ८१,९६४.२६ | ८१,९६४.२६ |
| हानी नोक्सानी | | १,०९५,५११.८६ | १,०९५,५११.८६ |
| नगरपालिकाहरु लाई ऋण तथा पेश्की | ६,४४४,५२७,२८३.३७ | ६,९४९,५४७,८१२.९४ | ५०५,०२०,५२९.५७ |
| अन्य पेश्की तथा ऋण | २२,६७७,२१९.५४ | २०,४६२,७१३.५० | (२,२१४,५०६.०४) |
| सम्पत्ति तथा उपकारण | १४२,१५६,७५८.८३ | १४१,२३७,५३७.५२ | (९१९,२२१.३१) |
| अमुर्त सम्पत्ति | – | २२०,५३२.७३ | २२०,५३२.७३ |
| अन्य सम्पत्ति | १३२,८०३,०८८.०१ | ३९,१९९,६१२.११ | (९३,६०३,४७५.९०) |
| ऋण दायित्व | ३,६८८,८३२,९२४.४२ | ३,८३३,२३६,२८४.२३ | १४४,४०३,३५९.८१ |
| व्यवस्था | (७४५,२८१.८८) | (१०,७५७,७८३.८८) | ४१०,२५५.०० |
| अन्य दायित्व | २३३,४१४,८२९.११ | १,९५७,१२२.१४ | (२३१,४५७,७०६.९७) |
| पूँजीगत अनुदान कोष | ६,३२८,१३९.५७ | ६,६१३,५१४.८८ | २८५,३७५.३१ |
| वित्तीय लगानी कोष | १,२५०,६५९,६४१.४० | १,२६३,२९५,५९२.६० | १२,६३५,९५१.२० |
| प्रतिधारित आय **(Retained Earning)** | ६१४,८२९,६९९.८९ | १,३०६,६८२,५५१.३४ | ४८०,९५७,४३२.६९ |

❖❖❖

# ५. वार्षिक क्रियाकलापहरु (आ.व. २०७४/७५ देखि हालसम्म)

## ५.१ धरान उपमहानगरपालिका (थप ऋण सम्झौता)

यस आयोजनामा कोषवाट कुल रु. ६२१.४० मिलियन सरल ऋण लगानी भएको छ । मिति १५।१०।२०७५ गते उक्त उपमहानगरपालिका कार्यवाहक नगर प्रमुख श्री मन्जु भण्डारी (सुवेदी) र कोषका कार्यकारी निर्देशक श्री मनिराम सिंह महत बीच दुवै पक्षका पदाधिकारीको उपस्तिथितिमा थप ऋण रु. १००.८४ मिलियनको सम्झौता सम्पन्न भयो ।

यस खानेपानी आयोजनाबाट नगरका १,२०,०४४ जनसंख्या तथा २८,००० घरधुरी गुणस्तरीय खानेपानीको सेवाबाट लाभान्वित हुने छन् ।



## ५.२ विन्दवासिनी खानेपानी आयोजना (भक्तपुर) थप ऋण सम्झौता

यस कोषले खानेपानी तथा सरसफाई क्षेत्रमा सह लगानी अन्तर्गत आफ्नै ईक्विटीबाट ऋण परिचालन गर्ने गरी विन्दवासीनी खानेपानी तथा सरसफाई आयोजना, भक्तपुर सञ्चालन गर्न मिति २०७५।०८।२० मा कोषका कार्यकारी निर्देशक मनिराम सिंह महत र खानेपानी उपभोक्ता समितिका अध्यक्ष श्री नकुल राउतले दुवै पक्षका पदाधिकारीहरु बीच ऋण सम्झौतामा हस्ताक्षर गर्नु भयो । यस आयोजनामा कूल लागतको २५ प्रतिशत अर्थात रु. २२८२८,२५० कोषले ऋण लगानी गर्नेछ र ५ प्रतिशत रकम उपभोक्ताबाट नगद संकलन हुनेछ भने बाँकी ७० प्रतिशत रकम नेपाल सरकारले अनुदान प्रवाह गर्नेछ। यस आयोजनाबाट करिब ८ हजार जनसंख्या अर्थात १५०० घरधुरी लाभांवित हुनेछन् ।



## ५.३ कपासेटार सहलगानी खानेपानी तथा सरसफाई आयोजना (ऋण सम्झौता)

सह लगानी आयोजना अन्तर्गत संचालित यस आयोजना कपासेटार खानेपानी तथा सरसफाई आयोजनाको कूल लागत रु. १२,२५,०९,५७२।- मध्ये आयोजना लगानी विधि अनुसार २० प्रतिशत अर्थात रु. ३,४५,०१,८८०।- कोषबाट ऋण स्वरुप उपलब्ध गराईने हुँदा कोषका कार्यकारी निर्देशक श्री मनिरामसिंह महत र उपभोक्ता संस्थाका अध्यक्ष श्री थान प्रकाश न्यौपानेबाट दुवै पक्षको पदाधिकारीहरुको उपस्थितिमा २०७५।८।२० मा ऋण सम्झौतामा हस्ताक्षर भयो । उक्त आयोजनाले नेपाल खानेपानी गुणस्तर अनुसारको खानेपानी सेवा १३५० घरधुरीका ९५०० जनसंख्यालाई सेवा पुर्याउने छ ।



## ५.४ विजयनगर पम्पिङ्ग तथा सरसफाई सह लगानी आयोजना- नवलपरासी -ऋण सम्भौता

सहलगानी आयोजना अन्तर्गत संचालित यस विजननगर पम्पिङ्ग तथा सरसपाई सह लगानी आयोजना, नवलपरासीको कुल लागत रु. ८९,४०८,००० मध्ये १७.११ प्रतिशत कोषबाट ऋण स्वरुप रु. १५,३००,०००, ७० प्रतिशत नेपाल सरकारबाट अनुदान र १२.८९ प्रतिशत उपभोक्ता संस्थाबाट व्यहोरिने अवधारणा अनुसार मिति २०७५।०९।२९ गते यस कोषका कार्यकारी निर्देशक श्री मनिराम सिंह महत र उपभोक्ता संस्थाका अध्यक्ष श्री विष्णु प्रसाद सापकोटाले दुवै पक्षका अधिकारीहरु बीच यस सम्झौतामा हस्ताक्षर गर्नुभयो । यस आयोजनाले सो क्षेत्रका २८१७ घरधुरीका ११९४३ जनसंख्यालाई नेपाल खानेपानी गुणस्तर अनुसार सेवा पर्‍याउनेछ ।



## ५.५ पर्वत वेनी सहलगानी खानेपानी तथा सरसफाई आयोजना- पर्वत -ऋण सम्भौता

सहलगानी आयोजना अन्तर्गत संचालित यस पर्वत बेनी सह लगानी खानेपानी तथा सरसफाई आयोजना को कूल लगात रु. १०४,८१८,०००।- मध्ये आयोजनाको लगानी विधि अनुसार २५ प्रतिशत नगर विकास कोषबाट ऋण रकम उपलब्ध हुने, ७० प्रतिशत नेपाल सरकारबाट अनुदान प्राप्त हुने र ५ प्रतिशत उपभोक्ता संस्थाबाट व्यहोरिने हुँदा मिति २०७५।५।१२ गते कोषका कार्यकारी निर्देशक श्री मनिराम सिंह महत र उपभोक्ता संस्थाका अध्यक्ष श्री लोकनाथ रेग्मीले दुवै पक्ष का अधिकारीहरु बीच रु. २६,२०४,५००।- बराबरको ऋण सम्झौता सम्पन्न भायो । यस आयोजनाले ९५५ वटा घरधुरीमा ७२५६ जनसंख्यालाई नेपाल खानेपानी गुणस्तर अनुसार खानेपानीको सेवा पुर्‍याउनेछ ।



## ५.६ नारायणपुर सहलगानी खानेपानी तथा सरसफाई आयोजना- दाङ्ग -ऋण सम्भौता

सहलगानी आयोजना अन्तर्गत संचालित नारायणपुर खानेपानी तथा सरसफाई आयोजनाको कुल लागत रु. ८४,२५०,०००।- मध्ये कोषबाट १७.८० प्रतिशत ऋण स्वरुप उपलब्ध हुने, ७० प्रतिशत नेपाल सरकारबाट अनुदान स्वरुप प्राप्त हुने र १२.२० प्रतिशत उपभोक्ताबाट व्यहोरिने लगानी विधिमा आधारित भई मिति २०७५।०३।२८ गते कोषका कार्यकारी निर्देशक श्री मनिराम सिंह महत र उपभोक्ता संस्थाका अध्यक्ष श्री कुल प्रसाद रजौरियाले दुवै पक्षका अधिकारीहरु बीच रु. १५०,००,०००।- बराबरको ऋण सम्झौतामा हस्ताक्षर गर्नुभयो।

यस आयोजनाले नेपाल गुणस्तर खानेपानी अनुसार २४ सै घण्टा ३०२९ घरधुरीमा १४०८५ जनसंख्यालाई खानेपानी सेवा उपलब्ध गराउनेछ ।



## ५.७ पर्सा सह लगानी खानेपानी तथा सरसफाई आयोजना- चितवन-ऋण सम्भौता

सह लगानी आयोजना अन्तर्गत संचालित पर्सा सहलगानी खानेपानी तथा सरसफाई आयोजनाको कूल लागत रु. १०,८५,८७,०००।- मध्ये २५ प्रतिशत नगर विकास कोषबाट ऋण, ७० प्रतिशत नेपाल सरकारबाट अनुदान र उपभोक्ता संस्थाबाट ५ प्रतिशत व्यहोरिने गरी मिति २०७५।५।२१ गते कोषका कार्यकारी निर्देशक श्री मनिराम सिंह महत र उपभोक्ता संस्थाका अध्यक्ष श्री शेरमान तामाङ्गले दुवै पक्षका अधिकारीका उपस्थितिमा रु. २७१,४६,७५०।- को ऋण सम्झौतामा हस्ताक्षर गर्नुभयो ।

यस आयोजनाले नेपाल खानेपानी गुणस्तर अनुसार १३७२ घरधुरीमा ११०१३ जनसंख्यालाई सेवा प्रवाह गर्नेछ ।



## ५.८ वाग्लुङ्ग वसपार्क - वाग्लुङ्गको ऋण सम्भौता

नगर विकास कार्यक्रम तेस्रो चरण अन्तर्गत के.एफ.डब्ल्यू., नेपाल सरकार तथा नगरपालिकाको सहयोगमा संचालन हुने यस वाग्लुङ्ग वसपार्क आयोजनाका लागि आयोजनाको कुल लागत रु. १०,४६,८७,५००।- मध्ये २.५ प्रतिशत नगरपालिकाबाट, ३१.१९ प्रतिशत नेपाल सरकारबाट अनुदान र बाँकी रु. ९,७९,७५,८९७५० नगर विकास कोषबाट ऋण उपलब्ध गराउनका लागि मिति २०७४।११।२५ गते कोषका कार्यकारी निर्देशक श्री मनिराम सिंह महत र वाग्लुङ्ग न.पा.का मेयर श्री जनकराज पौड्यालले दुवै पक्षका अधिकारीहरु बीच ऋण तथा अनुदान सम्झौतामा हस्ताक्षर गर्नुभयो। उक्त वसपार्क आयोजनाले वाग्लुङ्गको यातायात व्यवस्थापनमा प्रभावकारिता ल्याउनेछ ।



❖❖❖

# ६. कोषको भावी योजना

नेपालमा हाल द्रुततर रुपमा शहरीकरण बढिरहेको कारण शहरी क्षेत्रमा अत्यधिक पूर्वाधार सेवा र सुविधाहरुको माग बढिरहेको परिप्रेक्ष्यमा शहरी पूर्वाधार निर्माणका लागि यथेष्ट लगानी बृद्धि गर्नु परेको छ । साथै बढ्दो शहरीकरणलाई व्यवस्थित बनाउँदै जानु पर्ने चुनौती राष्ट्र सामु छ । यी पक्षहरुलाई संबोधन गर्नका लागि सरकारले शहरी विकास नीति लागू गरिसकेको अवस्था छ । वर्तमान सन्दर्भमा मुलुक संघिय संरचना अनुरुप संचालन भए संगै पूर्वाधार निर्माणमा नयाँ कार्यक्रमहरु थपिने क्रममा छन् ।

मुलुकको कूल ग्राहस्थ उत्पादनको करीव ६५% योगदान दिइरहेको शहरी क्षेत्रमा गरिने लगानीले राष्ट्रिय अर्थतन्त्रको बृद्धिमा उल्लेख्य उपलब्धि हासिल हुन सक्ने प्रष्ट देखिन्छ ।

नयाँ परिवेशमा कोषको वढदो भूमिका संगै कोषको कर्मचारीहरु तथा सेवाग्राहीको क्षमता अभिवृद्धि हुन अति आवश्यक रहेकोछ । यसका लागि कोषले मानव संसाधन विकास योजना (HRD Plan) तयार गरि ब्यवस्थित रुपमा दिर्घकालिन, अल्पकालिन तथा वार्षिक योजनामा समावेश गरि कार्यान्वयन गर्नेछ । साथै नगरपालिका तथा खानेपानी तथा सरसफाई उपभोक्ताहरुको क्षमता विकासका लागि कार्य योजना बनाई कार्य गर्नेछ ।

उल्लिखित लक्ष्य हासिल गर्नका लागि देहाय बमोजिमको कार्ययोजना सञ्चालन गरिनेछ :

(क) शहरी क्षेत्रमा बढ्दो जनसंख्या तथा नगरपालिकाहरुको संख्यामा भैरहेको बृद्धिका कारण कोष मार्फत गरिने लगानीमा भारी बृद्धि गर्नु पर्ने अवस्था रहेको सन्दर्भमा विगत केही वर्ष देखि कोषले १९१ वटै नगरपालिकाहरु बीच सम्पन्न गरेको क्षेत्रीय गोष्ठीहरु तथा तत् पश्चात् कोषमा प्राप्त हुन आएका पूर्वाधार आयोजनाहरुको माग समेतलाई आधार बनाई **बहुवर्षिय आयोजनाको** रुपमा लगानी परिचालन गर्नका लागि आयोजनाहरुको विस्तृत इन्जिनियरिङ्ग अध्ययन गरी गरी आयोजना बैक (Protofolo Bank) तयार भैरहेकाछन । त्यसका लागि कोषले लगानीका स्रोतहरु हालका परिचालित दातृ निकायका अलवा अन्य नयाँ स्रोतहरु पहिचान तथा



स्थानीय बजारबाट पनि पूँजी संकलन गर्ने तथा तथा सार्वजनिक नीजि साझेदारीबाट पनि आयोजना निर्माण संचालन गर्ने सोंच सहित कार्य अगाडि बढाउनेछ । साथै कोषले हरित जलवायु कोष (Green Climate) बाट ऋण तथा अनुदान परिचालन गरी वातावरणीय अनुकुल आयोजनाहरुमा लगानी गर्ने व्यवस्था मिलाईनेछ ।

(ख) आयोजनाले लक्षित गरेको उद्देश्य प्राप्तिका लागि आवश्यक लगानीमा देखिएको खाडललाई परिपूर्ति गर्न विद्यमान क्षमता विकासका कार्यक्रमहरुलाई अझ प्रभावकारीरुपमा संचालन गरिनुका साथै नयाँ राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था संगको सहकार्य अझ विस्तार गरिनेछ। यस सम्बन्धमा नेपाल सरकार लगायत कोषका दातृ निकायहरु खास गरी एशियाली विकास बैंक, जर्मन विकास बैंक तथा विश्व बैंक समेतलाई प्रतिस्पर्धात्मक खुल्ला कोष (Open Access Fund) स्थापना गरी ऋण लगानी बढाउनेछ ।

(ग) वर्तमान सन्दर्भमा कोषले कार्यान्वयन गरेको व्यावसायिक योजना (Business Plan) २०१६।१७-२०१९।२०) लाई अद्यावधीक गरी आवश्यक संशोधन सहित कोषको उद्देश्य प्राप्तिका लागि अझ प्रभावकारी कार्यान्वयन गरिनेछ ।

(घ) न्यून हुने निर्माणको लागि कोषद्वारा प्राकृतिक प्रकोप जस्ता विपद्का कारण पुनःनिर्माण गर्नु पर्दा बीमा गराउने व्यवस्था मिलाउन सम्बद्ध निकाय समक्ष पहल गरी कार्यान्वयनमा ल्याइनेछ ।

(ङ) सार्वजनिक नीजि साझेदारी तथा आयोजना बोण्ड (Project Bond) जस्ता वैकल्पिक लगानी अवधारणा अनुरुप लगानी परिचालन गर्न आवश्यक नीतिगत एवं कानुनी व्यवस्थाका लागि पहल गरिने छ ।

(च) शहरी पूर्वाधार क्षेत्रमा आवश्यक पर्ने बढ्दो लगानी मागको पूर्तिका निम्ति सार्वजनिक नीजि साझेदारी तथा बोण्ड जस्ता वैकल्पिक लगानी अवधारणा अनुरुप नीजि क्षेत्रको लगानी परिचालन गर्नका लागि आवश्यक नीतिगत एवं कानुनी व्यवस्था गर्ने सम्बन्धमा सरकारले अघि बढाइएको प्रकृयामा सहयोग पुर्‍याउँदै कोषको प्रस्तावित सानिसा लगानी निर्देशिकालाई कार्यान्वयनमा ल्याइनु पर्ने अवस्था देखिएकोछ। साथै कोष मार्फत बोण्ड जारी गर्नका लागि आवश्यक प्रकृया अघि बढाइनेछ ।

(छ) शहरी पूर्वाधार विकासका आयोजनाहरुमा बैंक एवं वित्तिय संस्थाहरुले दीर्घकालिन ऋण लगानी गर्न जोखिम महसुश गरिरहेको अवस्थामा नगरपालिका एवं संगठित नीजि क्षेत्रलाई शहरी पुर्वाधारका आयमूलक आयोजनाहरुमा आवश्यक ऋण तथा अनुदान रकम उपलब्ध गराउनका लागि "नगर विकास कोष" को पुनः संरचना गरी पर्याप्त ऋण परिचालन गर्न सक्ने हैसियतमा रुपान्तरण गर्न नगर विकास कोषको पूँजी रु. २० अर्व पुऱ्याई यसलाई **"शहरी विकास बैंक"** वा **"नेपाल शहरी पूर्वाधार विकास तथा लगानी निगम"** का रुपमा रुपान्तरण गरी मुलुकको वित्तिय बजार एवं नीजि क्षेत्रको पूँजीलाई समेत शहरी पूर्वाधार विकासमा परिचालन गराउन सक्ने एक स्वायत्त एवं दीगो वित्तिय मध्यस्थकर्ता संस्थाका रुपमा विकास गराउने भावी योजना रहेको छ ।

❖❖❖